# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ परिचय

तीर्थराज अधिकारी (२००३) नेपाली साहित्यमा कविता विधाका क्षेत्रमा निरन्तर क्रियाशील र चर्चित व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका लघु विधा हाइकु, मुक्तक, गजल, गीत, कवितामा मात्र कलम चलाएका छैनन् । उनले निबन्ध, धर्मदर्शन र यात्रानिबन्ध जस्ता विविध विधामासमेत कलम चलाएका छन् । मूलतः कविताका क्षेत्रमा कलम चलाउने अधिकारी नेपाली गद्य कविताका क्षेत्रमा आफ्ना विचार र मान्यतालाई स्थापित गराई वर्तमानमा चर्चित भइसकेका छन् । २०२६ साल फागुनमा **झुल्का** मासिक पत्रिकामा **गीत** शीर्षकको गीति कविता र **जिरी बहुउद्देश्यीय हाइस्कुल हिजो र आज** शीर्षकको निबन्ध प्रकाशन गरेर साहित्यिक यात्रा आरम्भ गरेका कवि अधिकारीको जीवनी र कवि व्यक्तित्वको अनुसन्धान गरी उनका कविताको अध्ययन गर्नु प्रस्तुत शोधपत्रको विषय रहेको छ ।

## १.२ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **तीर्थराज अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.३ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत, स्नातकोत्तर तह, दोस्रो वर्ष दसौं पत्र (५१०-१) को प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.४ शोध समस्या

तीर्थराज अधिकारी नेपाली साहित्यका एक सिर्जनशील साधक हुन् । उनका कविताको अध्ययन विश्लेषण गर्दा निम्न लिखित समस्याहरू रहेका छन् :-

क)	तीर्थराज अधिकारीको जीवनी र व्यक्तित्व कस्तो छ ?

ख)	तीर्थराज अधिकारीका कविताको विषय वस्तु र शिल्प कस्तो छ ?

ग)	यिनका प्रकाशित कविता कृतिमा केकस्ता प्रवृत्ति रहेका छन् ?

## १.५ शोधको उद्देश्य

शोध समस्यामा प्रस्तुत गरिएका समस्याको निराकरण गर्नु नै शोधपत्रको मूल उद्देश्य रहेको छ । त्यसैले शोध कार्यका उद्देश्यका रूपमा निम्न बुँदाहरू राख्न सकिन्छ :-

क)	तीर्थराज अधिकारीको जीवनी र व्यक्तित्वबारे चर्चा गर्नु;

ख)	तीर्थराज अधिकारीका कविताको विषय वस्तु र शिल्पको खोज गर्नु;

ग)	तीर्थराज अधिकारीका प्रकाशित कवितात्मक प्रवृत्तिको निरूपण गर्नु ।

## १.६ पूर्व कार्यको विवरण

तीर्थराज अधिकारी नेपाली साहित्यमा निरन्तर साधनारत छन् । यिनले साहित्यका विविध विधामा कलम चलाए तापनि कविता विधामा अधिकारीको कलम सशक्त रूपमा अगाडि बढेको छ । हालसम्म उनी र उनका कृतिका बारेमा खासै अनुसन्धान भएको पाइँदैन । उनका **जुनकिरी** (२०५३), **ऐना** (२०५७), **तीन लय तेह्र गीत** (२०६०) **झटारो** (२०७०), **यो कस्को हात हो** (२०७०) र **JHATARO** (२०७२) अङ्ग्रेजी संस्करण गरी छ वटा कृतिहरू र एक **लमजुङ्को सम्झना** (२०७१) भीसीडी प्रकाशित भइसकेका छन् । यस्तै **विरिमफुल** मुक्तक सङ्ग्रह प्रकाशनको तयारीमा रहेको छ । यसरी साहित्य साधनामा क्रियाशील साधक अधिकारीका कृतिका सम्बन्धमा विभिन्न साहित्यकार एवम् समालोचकले राखेका विभिन्न दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :-

**१.६.१** तीर्थराज अधिकारीको जुनकिरी कविता कृतिका बारेमा देवेन्द्र बहादुर सिंह लेख्छन्, 'आफ्नो व्यस्त समयको अतिरिक्त तीर्थराज अधिकारीको यस प्रकारको जाँगर, लगनशीलता र सिर्जनशील क्षमता अवश्यमेव अनुकरणीय छ । अँध्यारोमा हिँड्ने पथिकहरूलाई जुनकिरीले सुमार्ग प्रदान गर्न गरून्' (सिंह, २०५३, भदौ) ।

**१.६.२** तीर्थराज अधिकारीको सिर्जना यात्रा र उनको कविता लेखनका सन्दर्भमा विजयराज भट्टराई 'हरेक व्यक्ति जीवनको चौबाटोमा उभिएर कर्म क्षेत्रको गोरेटो रोजी यात्रा प्रारम्भ गर्दा कोही कतै लाग्छन्, कोही कतै । जो जता लागे पनि आफ्नो पक्षमा पूर्ण

विश्वास र समर्पणको साथ सक्रिय भइरहनु जीवनको सार्थकता हो' (भट्टराई, २०५३, भदौ) ।

**१.६.३** तीर्थराज अधिकारीको जुनकिरी कविता कृतिमाथि जुनकिरी भित्र शीर्षकमा शान्त बस्नेत लेख्छन्, 'भानुभक्तलाई चुँदी रम्घाको हावापानी र माटोले भाषा र साहित्यको साधनामा अग्रसर हुन बाध्य गराए झैँ तीर्थराज अधिकारीलाई राष्ट्र र समाजको सेवा गर्दै साहित्य साधनामा अग्रसर गराउन दुराडाँडामा जन्मनुले प्रभाव पारेको छ भन्नेमा कुनै अत्युक्ति नपर्ला' (बस्नेत, २०५३, भदौ) ।

**१.६.४** तीर्थराज अधिकारीका कविताका बारेमा तत्कालीन नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष ईश्वरचन्द्र गौतमले तीर्थराज अधिकारीका कविता आस्थावादी विश्वबन्धुत्व तथा जीवनगत आरोह अवरोहको प्रतीकका रूपमा देखा परेको बताउँछन् । उनी अधिकारीका कविताका सन्दर्भमा आम नेपालीको मन जस्तो सरल छ त्यस्तै भावनाका कविता लेख्ने कविका रूपमा अधिकारीलाई परिचित गराउँछन् (गौतम, २०५३, असोज) ।

**१.६.५** तीर्थराज अधिकारीका कविताका बारेमा समालोचक सुकुम शर्मा लेख्छन्, 'बाल्यकालमै साहित्यिक र साङ्गीतिक परिवेशमा खेल्दै हुर्कने मौका पाएर होला राजनीति र जागिरे जीवनलाई अपनाउने तीर्थराज अधिकारी पनि साहित्यका क्षेत्रमा हाम फाल्न रूचाए' (शर्मा, २०५३, माघ) ।

**१.६.६** तीर्थराज अधिकारीको पहिलो कविता कृति जुनकिरीका बारेमा गोरखापत्र संस्थानले प्रकाशन गर्ने मधुपर्क मासिक पत्रिकामा दैवज्ञराज न्यौपाने मौलिक उद्बोधनका अभिव्यक्ति शीर्षकमा लेख्छन्, 'लमजुङ दुराडाँडाका कवि तीर्थराज अधिकारीद्वारा विविध समयमा लेखिएका विविध भाव शैलीका कविताको सङ्ग्रहमा शास्त्रीय, वर्णमात्रिक छन्ददेखि लिएर लोक छन्दका विविध कविता समावेश छन् । यी कवितामा काव्यात्मक उचाइ भन्दा बढी निष्ठापूर्वक गरिएको साहित्यिक अनुराग र त्यसबाट उपलब्ध अनुभूतिको हार्दिकता प्रकट भएको पाइन्छ' (न्यौपाने, २०५५, असोज : २३) ।

**१.६.७** तीर्थराज अधिकारीको साहित्य साधनाका सन्दर्भमा एन. पोखरेल लेख्छन्, 'तीर्थराज अधिकारी सरकारी सेवामा प्रवेश गर्नु पूर्व जिल्लास्तरको राजनीतिमा सक्रिय हुनुहुन्थ्यो । यसरी समष्टिगत रूपमा कवि अधिकारीको व्यक्तित्वलाई मूल्याङ्कन

गर्नुपर्दा श्री ५ को सरकारको एउटा कर्मचारी भएर पनि साहित्य सिर्जना र समाज सेवामा सक्रिय रूपमा भाग लिने व्यक्तित्वको रूपमा चिनिनुहुन्छ' (पोखरेल, २०५५, कात्तिक : २५) ।

१.६.८ तीर्थराज अधिकारीको साहित्यिक जीवन र उनले गरेको समाजसेवालाई हेर्दा के.पी. शर्मा उनलाई सामाजिक व्यक्तित्वका रूपमा चिन्छन् । उनी अधिकारीलाई तीन छोरी र एक छोराका धनी सुसंस्कृत परिवार भन्न रूचाउँछन् । खुला हृदय, भावना र सहयोगी सु-संस्कारले उनीसँग सम्पर्कमा आउने जो कोही पनि मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । अधिकारीले विभिन्न पत्रपत्रिकाको सम्पादन र कृति प्रकाशन गरेर साहित्य सेवामा उल्लेख्य योगदान पुऱ्याएका छन् भनेर शर्माले साप्ताहिक जनसत्ताको व्यक्ति व्यक्तित्वमा लेखेका छन् (शर्मा, २०५६, वैशाख : ११) ।

१.६.९ तीर्थराज अधिकारीको ऐना कृतिका बारेमा डा. यशोवर्धन प्रधान लेख्छन्, 'जीवन यापनका विभिन्न समस्या सहेर पनि साहित्यकारले साहित्य र कलाको सेवा गरेका हुन्छन् । तीर्थराज अधिकारीको जाँगर, लगनशीलता र सिर्जनशील क्षमता निश्चय पनि प्रशंसनीय छ' (प्रधान, २०५७, माघ : ग) ।

१.६.१० अग्रज पोखरेली पत्रकार केशवराज पराजुलीले तीर्थराज अधिकारीका कवितामा आजको मुलुकको वस्तुस्थिति, कविको अतीत र परिवेशको प्रतिबिम्ब झल्केको पाइन्छ भनेका छन् (पराजुली, २०५७, माघ : घ) ।

१.६.११ साहित्यकार तथा प्राध्यापक रविलाल अधिकारी तीर्थराज अधिकारीका कविता बारेमा 'कविता वा साहित्य प्रतिभाका विशिष्टतामा रचना गरिने सामग्री भए पनि यसका निमित्त साधनाको लगानी पर्याप्त मात्रामा अपेक्षित रहन्छ र त्यसका लागि कवि अधिकारीको लगानी पर्याप्त पुग्न नसक्दा कविताको उच्चतामा कविको अझै साधनाको माग गरिनु स्वाभाविक हो, तर कविताका झिल्काको पारख गरी उनका कविताहरू हेर्दा कवित्वको प्रवाह प्रभावकारी रहेको देखिन्छ' (अधिकारी, २०५७, माघ : ङ) ।

१.६.१२ तीर्थराज अधिकारीका कविताबारे मदन पुरस्कार गुठी ललितपुरले प्रकाशन गर्ने नेपाली त्रैमासिक पत्रिकाको अङ्क १७० मा राष्ट्रियताको परिधिबाट लमजुङ्गे तीन कवि शीर्षकमा पशुपतिनाथ तिमिल्सिना लेख्छन्, 'कविता लेखनलाई शोखको रूपमा लिने अधिकारीले आफ्ना कवितामा कुनै निश्चित मान्यतालाई नपत्याएर तात्कालिन

सामाजिक परिवेशलाई टिपेका छन् । यिनका कवितामा कतै राजनीतिक, सामाजिक, विसङ्गति, कतै आशा, निराशा, विद्रोह, हास्यव्यङ्ग्य, प्रकृति चित्रण र कतै मनोरञ्जन जस्ता विविध पक्ष उद्घाटित भएका छन्' (तिमिल्सिना, २०५८, माघ-चैत : ३९-४०) ।

**१.६.१३** ऐनामा जे देखियो शीर्षकमा अधिकारीका कविताका बारेमा डा. दामोदर ढकाल भन्छन्, 'क्लिष्टताको मार्ग मन नपराउने कवि अधिकारीका धेरै जसो कविता सुबोध्य र धेरै पाठकका बिच लोकप्रिय छन् । स्थानीय शब्द र परिचयलाई जनसमक्ष पुऱ्याउनु र समाजमा देखा परेका विकृति, विसङ्गति, अन्याय आदिलाई ऐनामा छर्लङ्ग पार्नु यिनको विशेषता हो (ढकाल, २०५९, वैशाख : १४-१५) । ढकालले कवि अधिकारीलाई क्लिष्टता र दुर्बोध्यताको मार्ग मन नपराउने कवि भनेर चिनाए पनि उनका कुनै रचनामा दुर्बोध्यता पाइन्छ ।

**१.६.१४** छन्दवादी कवि माधव वियोगीले अधिकारीका सिर्जनाका बारेमा लेख्छन्, '२०३२ सालदेखि नै सरकारी सेवामा संलग्न रहेर पनि साहित्यिक उन्नयनमा क्रियाशील व्यक्तित्वका रूपमा देख्न पाउँदा गर्व लागेको छ । उहाँले विविध कृति प्रकाशन गरेर आफ्नो साहित्यिक एवम् वाङ्मयिक ममत्वको प्रदर्शन गरेर आफ्नो प्रतिभा देखाइसक्नु भएको छ' (वियोगी, २०६०, पौष : ३६) ।

**१.६.१५** साहित्यकार यादव भट्टराई तीर्थराज अधिकारीका कविता र गीतका बारेमा लेख्छन्, 'साहित्यमा निरन्तर क्रियाशील व्यक्तित्व तीर्थराज अधिकारी सरल, समाज सुधारक र सक्रिय साहित्यिक व्यक्तित्वका धनी हुनुहुन्छ । निष्ठा साथ समर्पित अधिकारीलाई अझ सफल साहित्यिक जीवनको शुभकामना (भट्टराई, २०६१, साउन) ।

**१.६.१६** कृष्ण भण्डारी मुमुक्षु तीर्थराज अधिकारीका गीतका बारेमा लेखनाथ साहित्य प्रतिष्ठानको मुखपत्र नव लालित्यमा एक परिक्रमा तीर्थराज अधिकारीका गीतहरूको शीर्षकमा लेख्छन्, 'अधिकारी गीतका गेडाहरू पाकेर रसै चुहिने गरी अनौठो राग र माया प्रीतिको अमूल्य चेतना पस्कन्छन् आनन्दसँग' (मुमुक्षु, २०६१, पुष : ३९) ।

**१.६.१७** शेषराज भट्टराई अधिकारीका रचनाका बारेमा 'नेपाली जनजीवनलाई नजिकैबाट चियाएर अधिकारीका कतिपय पङ्क्ति अत्यन्त कलात्मक छन् भने कुनैले वैशिष्टता चुम्न सकेका छैनन् तथापि लोक जीवनप्रतिको सम्मोहन छ' भन्छन् (भट्टराई, २०६१, माघ) ।

**१.६.१८** युवा समालोचक असफल गौतम तीर्थराज अधिकारीका मुक्तकका बारेमा लेख्छन्, 'हुने हार दैव नटार भनिन्छ, तर गाउँ समाजमा विभिन्न बहानाबाजी गर्ने प्रचलन देखेर अधिकारीले मुक्तकका माध्यमबाट सचेतना जगाएका छन् । उनका रचनामा उनले उठान गरेका विषय वस्तु हाम्रो दैनिक जनजीवनमा आवश्यक सामग्री (दाल चामल) जस्ता बनेकाले अध्ययनमा सरल, सहज र सुललित रहेको पाइन्छ' (गौतम, २०७०, जेठ : २७) ।

**१.६.१९** तीर्थराज अधिकारीका बारेमा साहित्यकार तारा पाखे लेख्छन्, 'सामान्य जनलाई पनि साहित्यकार बनाउने व्यक्तित्व हुनुहुन्छ तीर्थराजजी । यसैले उहाँ साहित्यका पारसमणि हुनुहुन्छ । भन्न मन लाग्छ, तीर्थराजजीको व्यक्तित्वको मूलतः साहित्यको प्रतिमूर्ति गुठुरी हो' (पाखे, २०७०, साउन : १६) ।

**१.६.२०** तीर्थराज अधिकारीका सिजर्नाका बारेमा वरिष्ठ संस्कृतिकर्मी चेतन कार्की लेख्छन्, 'अधिकारीले लोक जीवनका भोगाई र लोक संस्कृतिको परिवेशलाई अँगालेर, मानवजीवनका संवेगलाई गीतको रूप दिने प्रयास गर्नु भएको छ । उहाँको भाव सम्प्रेषण, मन भित्रको उकुसमुकुसको प्रस्फुटन सहज स्वभाविक नै देखिन्छ । म अधिकारीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु' (कार्की, २०७०, पुस : ६) ।

**१.६.२१** कृष्ण प्रधान तीर्थराज अधिकारीका मुक्तकका बारेमा नेपाली मुक्तक लेखनका आलोकमा झटारो शीर्षकमा भन्छन्, 'तीर्थराज अधिकारी नेपाली मुक्तक लेखनका फाँटमा सङ्ग्रहका हिसाबले भर्खरै उदाएका भए पनि यिनका अधिकांश मुक्तकले यिनलाई यसै क्षेत्रका आगत समयमा सुनौलो भविष्य कोर्ने एउटा सरल बाटो खनिदिएको छ' (प्रधान, २०७०, पुष : २५) ।

**१.६.२२** समालोचक मदन भण्डारी तीर्थराज अधिकारीका मुक्तकका बारेमा तीर्थ दाइ, तारो र झटारो शीर्षकमा यसो भन्छन्, 'सबै तीर्थहरू पवित्र हुन्छन् तर सबै तीर्थहरू उत्तिकै पवित्र हुँदैनन् । लमजुङका तीर्थराज अधिकारी पनि औसत यात्रीद्वारा परिक्रमा गरिने साना तीर्थ हुन् । साना धाम हुन, रामरिम्य उज्यालो छर्ने साना घाम हुन् । यही घामको आलोकमा उनले हुँइक्याएको झटारो दर्शनीय लाग्छ । अधिकारी तीसको दशकपछि साहित्यमा सिँगौरी खेल्दै आएका एक प्रतिनिधि पात्र हुन् । निर्धक्क भन्न सकिन्छ, जीवन बाँच्ने कलाका उदाहरणीय व्यक्तित्व हुन्' (भण्डारी, २०७०, पुष : २६) ।

**१.६.२३** साहित्यकार ज्ञानु अधिकारी तीर्थराज अधिकारीका मुक्तकका बारे लेख्छिन्, 'धेरै जसो मुक्तक वर्तमानका विकृति र विसङ्गति केलाउनमा केन्द्रित छन् र वर्तमानका राजनीतिक, आर्थिक, सामाजिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गतिसँग उहाँको विमति छ । वर्तमानका अनेकौं नराम्रा पक्षप्रति रोचक र घोचक किसिमले व्यङ्ग्य गर्नु उहाँका रचनाको विशेषता हो' (अधिकारी, २०७०, फागुन : १७) ।

**१.६.२४** लेखक बी.एन. पन्त लेख्छन् 'लमजुङ दुराडाँडा चन्द्रेश्वर-७ का तीर्थराज अधिकारी केही वर्ष यता कास्की, पोखरा रामघाट भानुमार्गमा बस्ने गर्छन् । पोखराको साहित्य, संस्कृति र लोकगीतसँग उनले आफ्नो कला र गला मिलाएका छन् । यसले गर्दा उनी पोखरामा सुपरिचित छन् । उनका रचना भित्र हामी समाज सुधार र हौसलाका उदाहरण पाउँछौ भने प्रायः रचना व्यङ्ग्यात्मक र समसामयिक विषय वस्तुमा चित्रण गरिएको पाउँछौ' (पन्त, २०७०, चैत : १) ।

**१.६.२५** तीर्थराज अधिकारीका मुक्तकका बारेमा लक्ष्मण गौतम, झटारो : भाव विविधताको कृति शीर्षकमा यसो भन्छन्, 'मुक्तककारले जीवन जगत्का यावत् परिदृश्य, प्रकृति, संस्कृति, धर्म, दर्शन, प्रेमभाव, राष्ट्र, समाज, अर्थव्यवस्था आदिबाट अन्तर्वस्तु टिपेका छन् र खास गरेर वर्तमानका राजनीतिक सामाजिक, आर्थिक आदि क्षेत्रमा देखिएका सङ्गतिहिन, बिब्ल्याँटा परिस्थिति, विद्रुपता, राजनीतिक संरक्षणमा हुने गरेका भ्रष्टाचार र अन्य बेथिति आदि पक्षलाई तीर्थराजको झटारो भित्रका मुक्तकले उदाङ्ग पारेर देखाएका छन्' (गौतम, २०७०, चैत : ५९) ।

माथि उल्लेख गरिएका विभिन्न साहित्यकार एवम् समालोचकका दृष्टिकोणले कवि अधिकारी र उनका कृतिबारे केही प्रकाश पारिए तापनि उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वप्रति मूल्याङ्कन गर्ने काम आजसम्म कसैबाट भएको छैन । यसै आवश्यकता पूरा गर्न यस अनुसन्धानमा तीर्थराज अधिकारीको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन गर्न खोजिएको छ ।

## १.७ शोधको औचित्य र महत्त्व

नेपाली साहित्यमा करिब साढे चार दशक लामो अवधिसम्म साहित्य सेवा गरिरहेका तीर्थराज अधिकारी बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । यिनले सामाजिक यथार्थवादी

धारामा रही कविताको सिर्जना गरिसकेका छन् । यस्ता व्यक्तिको हालसम्म सूचनात्मक चर्चाबाहेक विशेष अध्ययन भएको देखिदैन । त्यसैले उनको जीवनी व्यक्तित्व र कृतित्वको विश्लेषणमा आधारित प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व स्वतः सिद्ध हुन्छ ।

## १.८ शोध सीमा

कवि तीर्थराज अधिकारीको कलम कविता लेखनमा अहिले पनि चलिरहेको छ तापनि प्रस्तुत शोधपत्रमा कवि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्व अन्तर्गत वि.सं. २०२७ देखि वि.सं. २०७० सम्म प्रकाशित कविताको अध्ययन विश्लेषण गरिएको छ। यही नै प्रस्तुत शोधको सीमा हो ।

## १.९ शोध विधि

प्रस्तुत शोध कार्य सम्पन्न गर्नका लागि निम्न विधि अवलम्बन गरिएको छ,

क. सामग्री सङ्कलन

ख. सामग्रीको विश्लेषण

### क. सामग्री सङ्कलन

तीर्थराज अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रलाई सम्पन्न गर्न मूलतः शोध नायकबाट नै सामग्री सङ्कलन गरिएको हो। उनीसँगको प्रत्यक्ष भेटघाट र सम्बन्धित व्यक्ति परिवारका सदस्यबाट पनि आवश्यक मौखिक जानकारी लिइएको छ। यस बाहेक आवश्यकता र उपलब्धता अनुसार सम्बन्धित क्षेत्रका आधिकारिक व्यक्तित्वबाट जानकारी लिने काम भएको छ।

### ख. सामग्रीको विश्लेषण

तीर्थराज अधिकारीका हालसम्म प्रकाशन भएका **जुनकिरी** (२०५३), **ऐना** (२०५७), **तीन लय तेह्र गीत** (२०६०) **झटारो** (२०७०), **यो कस्को हात हो** (२०७०) र **JHATARO** (२०७२) अङ्ग्रेजी संस्करण गरी छ वटा कृतिहरू र एक **लमजुङ्को सम्झना** (२०७१) भीसीडीको अध्ययन गरी विश्लेषण गर्ने काम भएको छ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न लिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ :-

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | - | शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद | - | कविताको सैद्धान्तिक परिचय र नेपाली कविता परम्परा |
| तेस्रो परिच्छेद | - | तीर्थराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्व |
| चौथो परिच्छेद | - | तीर्थराज अधिकारीका कविताको विश्लेषण |
| पाँचौ परिच्छेद | - | उपसंहार |
| | | सन्दर्भ सूची |

# दोस्रो परिच्छेद

# कविताको सैद्धान्तिक परिचय र नेपाली कविता परम्परा

## २.१ कविताको परिचय

कविता नेपाली भाषामा प्रचलित संस्कृत शब्द हो । 'कवि' आधार पदमा 'ता' प्रत्यय जोडिएर बनेको कविता शब्दको अर्थ कविद्वारा लिखित लयवद्ध रचना भन्ने हुन्छ । 'कवि' शब्दमा प्रथमतः भाववाचक र पछि कर्मवाचक हुन पुगेको 'ता' प्रत्यय लागि 'कविता' शब्द बन्न पुगेको बुझिन्छ (त्रिपाठी र अन्य, २०४८ : २४७) । त्यसैले 'कवेः कर्मः काव्यम्' अर्थात् कविको कर्मलाई वा रचनालाई काव्य भनिन्छ । काव्य बुझ्नलाई कवि शब्दसँग परिचित हुन आवश्यक हुन्छ । अतः यहाँ कवि शब्दको चर्चा गरिन्छ । कुङ शब्दे तथा कवृ वर्णने धातुबाट कौवि कवते यस व्युत्पत्तिमा कवि शब्द सिद्ध हुन्छ (सिग्द्याल, २०४८ : १६) । 'कवते गथ्नाति स्वहार्दभावत् पद्य रूपेण इति कवि' अर्थात् जसले अन्तरआत्माको तथ्यस्पर्शी भावलाई मार्मिक कविता रूप दिएर व्यक्त गर्दछ त्यसलाई कवि भनिन्छ (सिग्द्याल, २०४८ : १६) ।

पूर्वीय साहित्यमा कवि शब्दको प्रयोग प्राचीन कालदेखि हुँदै आएको पाइन्छ । पूर्वीय विद्वान आनन्दवर्द्धनले काव्य शब्दलाई चिनाउने काम गरेका छन् । पूर्वीय साहित्यमा काव्य शब्द कुनै रचना विशेषका लागि प्रयुक्त गरिन्छ र काव्यलाई साहित्यको प्रर्यायवाचीका अर्थमा लिएको देखिन्छ । वेदका अर्थमा उसलाई देववाणी पनि भनिएको पाइन्छ । पूर्वीय साहित्यको वैदिक वाङ्मय र पश्चिमी जगत्का होमरका कविता रचनामा 'कवि' शब्दको आद्य प्रयोग भएको देखिन्छ । अझ वैदिक साहित्यमा कविलाई ईश्वरको रूपमा ग्रहण गरिएको पाइन्छ । वेद, उपनिषद, ब्राह्मण ग्रन्थ, गीता पुराण आदिमा खोजी गर्दै जाँदा कवि शब्दमा अनन्त अर्थ भेटिन्छन् । अतः कवि शब्दको वैविध्यतिर नलागेर साहित्यिक सन्दर्भतिर हेर्दा के जानकारी हुन्छ भने प्रारम्भमा कुनै विषय वस्तुको वर्णनमा निपुर्ण व्यक्ति कवि हुन्थ्यो तर अहिले आएर रस भावले युक्त गद्य या पद्यात्मक रचनामा निपुर्ण भएको स्रष्टा कवि शब्दले सम्मानित हुन्छ ।

यसरी कवि शब्दमा तल+टाप प्रत्यय लागेर 'कविता' बन्दछ । कविको रचना भन्ने यसको अर्थ हुन्छ । विश्व साहित्य मै कविता र साहित्य प्रारम्भमा समान अर्थमा प्रयुक्त

थिए । बिस्तारै साहित्यको विकास परम्परामा विभिन्न विधाको जन्म भएपछि त्यसलाई अलग रूपमा हेर्न थालियो । समसामयिक सन्दर्भमा कविता वा काव्य त्यस्तो छोटो लयात्मक रचनामा केन्द्रित भएको छ, जसमा रचनाकारको अनुभूति प्रासङ्गिक विषयप्रति बौद्धिकताको स्पर्श र कल्पना चातुर्यको ठोस बिम्ब विधानद्वारा पाठकलाई विस्मित पार्ने अभिव्यक्ति होस् (सिग्द्याल, २०४८ : ७) ।

यसरी व्यापक अर्थमा प्रयोग भएको कवितालाई एउटै विधा विशेषमा सीमित गरेर अध्ययन गर्ने परम्परा लामो भइसकेको छ र साहित्यका यावत् विधामा कविता विधाले ऐतिहासिक उच्चता प्राप्त गरिसकेपछि यसका मौलिक सिद्धान्त बनिसकेका छन् । ती सिद्धान्तको ज्ञान विना कविताको समग्र अध्ययन पूरा हुन सक्दैन । अतः यहाँ कविताको परिभाषा, तत्त्व र विधागत स्वरूपको सामान्य अध्ययन गरिएको छ ।

## २.२ कविताको परिभाषा

कविताको परिभाषा बारे अध्ययन गर्दा सर्वप्रथम पूर्वीय र पश्चिमी दुवैतर्फका विद्वानद्वारा व्यक्त गरिएका कविता सम्बन्धी परिभाषा, स्वरूप र त्यससँग सम्बन्धित अन्य धारणाबारे जानकारी प्राप्त गर्नु आवश्यक देखिन्छ । पूर्व वा पश्चिम, प्राचीन वा आधुनिक कालमा साहित्य सिद्धान्तका अनेक वाद सम्प्रदायहरू विकसित भइरहेको पाइन्छ । कवितालाई विभिन्न मोड, सामाजिक परिवेश आदिले अनेक प्रकार प्रदान गर्ने हुँदा निश्चित परिभाषा भित्र यसलाई समेट्न सकिँदैन । प्रत्येक युगमा प्रत्येक मान्छेका साहित्यिक धारणा, मान्यता र विचार परिवर्तन हुँदै जाने भएकाले जीवन जगत्को परिवर्तनसँगै साहित्य लेखन स्वरूप र धारणामा परिवर्तन आउनु स्वभाविक हो । यसैले कविताका परिभाषालाई पूर्वीय र पश्चात्य केही महत्त्वपूर्ण काव्य चिन्तकका परिभाषा दिई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः-

### २.२.१ कविता सम्बन्धी पूर्वीय मान्यता

पूर्वीय कविता सिर्जनाको परम्परा लगभग इ.पू. चार पाँच सय वर्ष पुरानो भए तापनि विधिवत् रूपमा कविताको परिभाषा खोजी इशाको छैटौँ शताब्दीका आचार्य भामहले आफ्नो 'काव्यालङ्कार' नामक ग्रन्थमा गरेका छन् (पौड्याल, २०६९ : २९९) । त्यहीबाट थालिएर यो परम्परा इशाको सत्रौं शताब्दीसम्म आइपुग्दा संस्कृत साहित्यका अनेकौं स्रष्टा-द्रष्टाहरूले आ-आफ्ना विचार प्रस्तुत गरेका छन् । तिनै आचार्यका मुख्य-मुख्य परिभाषा

निम्नानुसार छन् :-

काव्यलाई सर्वप्रथम परिभाषित गर्ने छैटौँ शताब्दीका आचार्य भामह हुन् । उनीपछि संस्कृत साहित्यमा दण्डी देखा पर्दछन् । उनले आफ्नो लक्षण ग्रन्थ **काव्यादर्श** ग्रन्थमा 'शरीरं तावदिष्टार्थव्यवच्छिन्ना' पदावली अर्थात् अभीष्ट अर्थयुक्त पदावली काव्यको शरीर हो भनेर काव्यलाई चिनाएका छन् (पौड्याल, २०६९ :३००) ।

यसपछिका रीतिवादका प्रवर्तक वामनले आफ्नो **काव्यालङ्कारसूत्रवृत्ति** ग्रन्थमा 'काव्यशब्दमं गुणालङ्कार संस्कृत्यो शब्दार्थयो वर्तते' अर्थात् गुण र अलङ्कारले परिष्कृत शब्द र अर्थको सहभाव नै काव्य हो भनेको पाइन्छ (पौड्याल, २०६९ : ३००) ।

ध्वनि सम्प्रदायका आचार्य आनन्दवर्द्धनले **ध्वनिरात्मा काव्यस्य** भन्दै काव्यपरिभाषा दिएका छन् अर्थात् शब्द र अर्थ दुवै शरीर हुन् काव्यको आत्मा ध्वनि हो भनेका छन् ( उपाध्याय, २०४९ : १०) ।

एघारौँ शताव्दीका कुन्तकले 'वक्रोक्ति काव्य जीवितम्' अर्थात् वक्रोक्ति काव्यको प्राण हो भन्ने ठहर गरेका छन् (उपाध्याय, २०४९ : १०) ।

बाहौँ शताब्दीका मम्मटले "तददोषै शब्दार्थौ सगुणवनलङ्कृति पुनः काव्य" अर्थात् दोषरहित गुणसहित कतै अलङ्कार नभए पनि शब्द र अर्थको समष्टि रूप हो भनी आफ्नो मत प्रकट गरेका छन् (पौड्याल, २०६९ : ३०१) ।

चौधौँ शताब्दीमा विश्वनाथले रसात्मक वाक्यलाई काव्य भनेका छन् (पौड्याल, २०६९ : ३०३) ।

सत्रौं शताब्दीका जगन्नाथले आफ्नो **रस गङ्गाधर** ग्रन्थमा 'रमणीयार्थ प्रतिपादक शब्दः काव्यम्' अर्थात् रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो भनी मत प्रकट गरेका छन् । यिनी संस्कृत काव्य परम्परामा काव्यको परिभाषा दिने अन्तिम आचार्य हुन् ।

यसरी पूर्वीय आचार्यबाट काव्यलाई चिनाउने सन्दर्भमा अनेकौं परिभाषा दिए तापनि एउटै मत आउन सकेन तर पनि पूर्वीय आचार्यको मतमा लालित्ययुक्त शैलीमा अभिव्यक्त सौन्दर्यपरक भाव रहेको पाइन्छ ।

### २.२.२ कवितासम्बन्धी पाश्चात्य मान्यता

पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि कविता वा साहित्यका सन्दर्भमा विभिन्न विद्वानका अनेकौं परिभाषाको लामो शृङ्खला पाइन्छ । पाश्चात्य जगत्मा काव्यको

व्याख्या सन्दर्भमा कलाका दुई भेद उपयोगी कला तथा ललित कलामध्ये साहित्यलाई ललित कला भित्र राखी त्यसैका आडमा कविताको परिभाषा खोजी गरेको देखिन आउँछ । कलाका बारेमा निश्चित अवधारणा प्रथमतः दार्शनिक सुकरात र प्लेटोबाट प्रारम्भ भई अरिस्टोटलसम्म आइपुग्दा विशेष रूपमा देखिएको हो (त्रिपाठी, २०४८ : १५) । पश्चिममा कला तथा साहित्य सम्बन्धी चर्चा त्यहीबाट सुरू भएको पाइन्छ । यहाँ केही विद्वानका कविता सम्बन्धी धारणा वा परिभाषालाई तल प्रस्तुत गरिन्छ :-

अरिस्टोटलको परिभाषा अनुसार ‘कला अनुकरण होइन बरू प्रकृतिद्वारा अपूर्ण छाडिएको अंशको परिपूरक हो’ (त्रिपाठी, २०४८ : ३०) ।

फिलिप सिड्नीका विचारमा, ‘अनुकरणको कला कविता हो’ (लुइटेल, २०६० : ९) ।

मैथ्यु आर्नोल्डको विचारमा ‘कविता जीवनको आलोचना हो तर यो जीवनको आलोचना काव्यगत सत्य र सौन्दर्यका नियममा बाँधिएको हुन्छ’ (उपाध्याय, २०४९ : १७) ।

जोन मिल्टनले कवितालाई परिभाषित गर्दै भनेका छन् ‘कविता सूक्ष्म र सुकुमार भए पनि बढी सरल, इन्द्रिय ग्राह्य र भावपूर्ण हुन्छ’ (लुइटेल, २०६० : ९) ।

शेलीले कविता कविको ‘कल्पनाको अभिव्यक्ति हो’ भनेका छन् (त्रिपाठी, २०५० : २११) ।

होमरबाट आरम्भ भई अरस्तुको काव्यशास्त्रमा आएर गति लिएको पाश्चात्य काव्य परम्परामा सबैको एउटै मत नपाइए तापनि कवितामा रागात्मकता, साङ्गीतिकता, सौन्दर्यकता, अनुकरणत्मकता हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । यसरी पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि कविता वा साहित्यका सम्बन्धमा विभिन्न विद्वानले आ-आफ्ना धारणा राखेका छन् । विद्वानले काव्यको व्याख्या क्रममा कलाका दुई भेद उपयोगी कला तथा ललितकला मध्ये साहित्यलाई ललितकला भित्र राखी कविताको परिभाषाको खोजी गरेको देखिन्छ । कलाका बारेमा लिखित अवधारणा प्रथमतः दार्शनिक सुकरात र प्लेटोबाट सुरू भई अरिस्टोटलसम्म आइपुग्दा विशेष रूपमा देखिएको हो । अरिस्टोटलको परिभाषा अनुसार ‘कला अनुकरण होइन बरू प्रकृतिद्वारा अपूर्ण छोडिएको अंशको परिपुरक हो ।’ यस परिभाषामा अरिस्टोटलले कलालाई अनुकरण नभई प्रकृतिद्वारा अपूर्ण छोडिएको अंशको परिपुरक मानेका छन् । उनका विचारमा प्रकृतिमा नै कलाको जन्म हुने र प्रकृतिबाट टिप्न छोडिएका त्यस्ता अंश कलाका परिपुरक बनेर आउँछ भन्ने धारणा स्पष्ट रूपमा पाउन सकिन्छ । यस्तै फिलिपसिड्नोले अनुकरणको कला नै कविता हो भनेका छन् ।

उनका विचारमा नक्कलले नै कविता वा कलाको जन्म हुन्छ भन्ने धारणा पाउन सकिन्छ । यस्तै अर्का विद्वान सेलीले कविता कविको कल्पनाको अभिव्यक्ति हो भन्ने धारणा राखेका छन् । यसरी एरिस्टोटलबाट प्रारम्भ भई सेलीसम्म आइपुग्दा कविताको परिभाषामा पनि भिन्न-भिन्न विचार देखिन्छन् । यिनै परिभाषालाई हेर्दा के भन्न सकिन्छ भने कविता भनेको प्रकृतिको अनुकरण मात्र नभई जीवनमा गरिएको आलोचना हो, जसले जीवनलाई सजिलै बुझ्ने र अर्थपूर्ण बनाउन सहयोग पुऱ्याउँछ ।

### २.२.३ कवितासम्बन्धी नेपाली साहित्यकारका मान्यताहरू

कविताको परिभाषाका सन्दर्भमा नेपाली कवि तथा विद्वान्ले पनि आ-आफ्ना विचार व्यक्त गरेका छन्, जसलाई निम्नानुसार राख्न सकिन्छ :-

केदारमान व्यथितले कविताको परिभाषा दिने क्रममा 'तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी, विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो' भनी कविता सम्बन्धी आफ्नो मत व्यक्त गरेका छन् (उपाध्याय, २०४९ :२८) ।

अर्का कवि सिद्धि चरण श्रेष्ठ 'कविताले भावनाको बादलमा कल्पनाको सुन्दर मन्दिर बनाउँछ' भन्छन् (पराजुली, २०५० : २८५) ।

महाकवि लक्ष्मी प्रसाद देवकोटाका विचारमा-'कवि बोलोस् जसरी चराहरू बोल्दछन्, न कि उस्ताजहरू कसरत गर्दैछन्, हृदयले हृदयलाई बोलाओस् न कि आडम्वरलाई हो ( बन्धु, २०५८ : २५) ।

बालकृष्ण समको विचारमा-'कविता भावनाको बौद्धिक कोमलता हो' (लुइँटेल, २०६० : १५) ।

त्यस्तै यदुनाथ खनालले- 'कविता उत्तेजित मनोभावनाको प्रकाशन हो' (ऐजन) भनेका छन् ।

माथिका विद्वान्का मत बाहेक काव्यका विषयमा थुप्रै विज्ञका धारणा वा विचार पाइन्छन् । यी सबैबाट हृदयका सूक्ष्म र कोमल भावनाको मूर्त रूप कविता हो भन्ने देखिन्छ । कुनै पनि काव्य मानव जीवनको सीमाभन्दा बाहिर गएर सिर्जना हुन सक्दैन । त्यसमा मानवीय जीवनका पीडा, दुःख र वेदना पनि मनोरम् भएर आउँछन् । कवितामा व्यक्त विचारले मानव हृदयलाई आनन्दित र प्रफुल्लित बनाउँछ । कविता सम्बन्धी पूर्वीय, पाश्चात्य तथा नेपाली विज्ञले आ-आफ्नो परिभाषा वा मत दिए तापनि विश्व साहित्य कै

जेठो र पुरानो विधा कविता हो । सङ्क्षिप्त मै पूर्णताको अनुभूति दिलाउन सक्षम विधा कविता हो । मानव हृदयलाई स्वच्छ पार्ने गद्य र पद्य संरचनामा बाँधिएको काव्य रूप नै कविता हो ।

यसरी विश्व साहित्य मै कविता सम्पूर्ण कलाकारिताको मनोरम् इन्द्रेणी हो । यसमा सत्यम् शिवम् र सुन्दरम् हुनु अनिवार्य छ। पूर्वीय एवम् पाश्चात्य दुवै कविताले पाठक वर्गलाई आनन्द दिन्छन्। लोक व्यवहारदेखि मानव हृदयसम्म अनुभूतिलाई आकर्षणको रूपमा व्यक्त गर्ने खास संरचनामा बाँधिएको गद्य वा पद्य नै कविता हो ।

## २.३ कविताका तत्त्वहरू

कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारक वा घटकलाई तत्त्व भनिन्छ। घटकहरूको योगबाट नै सिङ्गो संरचना निर्माण हुने हुँदा कविता विधा पूर्ण रूपमा निर्माण हुन तिनै तत्त्वको आवश्यक पर्दछ, जसको सहयोगले कविता निश्चित संरचनामा बाँधिन्छ । तिनै तत्त्व जसले कवितालाई आन्तरिक तथा बाह्य रूपमा कवितालाई निरन्तर सहयोग पुऱ्याउँछन्। कवितालाई स्वरूप प्रदान गर्न वा कविताको निर्माण गर्ने विभिन्न अवयव र घटकलाई नै कविताका अङ्ग वा तत्त्व भनिन्छ (लुइँटेल र अन्य, २०५७ :४) ।

यहाँ कविताका मुख्य-मुख्य तत्त्वको चर्चा गरिन्छ :-

### २.३.१ शीर्षक

कविताका विभिन्न तत्त्व मध्ये शीर्षक पहिलो र महत्त्वपूर्ण तत्त्व हो । कविताको शीर्षक त्यसको केन्द्रीय कथ्यलाई प्रकाश पार्न सक्ने खालको हुनुपर्दछ । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अन्तर बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषय वस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । तर खास कोण नभएका सामान्य शीर्षकमा त्यो सामर्थ्य हुँदैन; शीर्षक र केन्द्रीय कथ्य बिच बाहिरी र भित्री सङ्गति नै नहुनु चाहिँ विडम्बना नै हुनपुग्छ । त्यसबाट विरोधाभास र व्यङ्ग्य व्यक्तिए पनि शीर्षकीय प्रत्याशा भने विफल नै रहन्छ (त्रिपाठी र अन्य, २०५४ : १७) । शीर्षकले प्रायः गरेर बिम्बात्मक वा प्रतीकात्मक रूपमा समग्र कविताको विचार वा केन्द्रीय कथ्यलाई सङ्केत गरिरहेको हुन्छ, त्यसकारण शीर्षक कविताको महत्त्वपूर्ण तत्त्व हो ।

### २.३.२ संरचना

कविताको संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य, भाव, विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिको मात्रा पथ ठर्हछ (त्रिपाठी र अन्य, २०५४ : १८) । त्यस्तै बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्ति विधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग परिच्छेद हुँदै विस्तारित हुन्छन् ( त्रिपाठी र अन्य, २०५४ : १८) । यस संरचनाले कवितालाई रागात्मक परिणतिमा पुऱ्याउँछ । शीर्षक चयन, भाषा-शैली, लय, छन्द, अलङ्कार, बिम्ब प्रतिकको प्रयोग आदि संरचनाको सफल संयोजन हुन सकेमा कविता बढी सशक्त र प्रभावशाली बन्न जाने देखिन्छ ।

### २.३.३ लय विधान

लय विधान कविताको मुख्य परिचायक तत्त्व हो । भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको समानता र असमानता दुवै हुने वितरण प्रक्रियाको कलागत संयोजन नै लय विधान हो (त्रिपाठी र अन्य, २०५३ : १८) । लय नै कवितालाई साहित्यका अन्य विधाबाट अलग गराउने तत्त्व हो । कविताको गद्य र पद्य कुनै न कुनै रूपमा लय आउँछ नै । मुक्त छन्दमा कविता रचना गर्न सकिन्छ तर मुक्त लयमा कविताको कल्पना गर्न सकिन्न । भाषिक लयको विशिष्ट रूप नै कविता भएको हुँदा यो कविताको अनिवार्य तत्त्व हो ।

### २.३.४ भाषाशैली

कवितामा भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेल्दछ । कविता बन्नका लागि कथ्यको जति आवश्यक पर्छ शैलीको पनि त्यतिकै आवश्यकता मानिन्छ । कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ त्यसका निमित्त उपलब्ध भाषिक कल्पना मध्येबाट सबभन्दा बढी ललित, रागात्मक, व्यञ्जक र लयात्मक हुने गरी वर्ण, शब्द/पद पदावली, वाक्य खण्ड, वाक्य अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो (त्रिपाठी र अन्य, २०५४ : १९) । यसरी स्रष्टाको लेखन कार्यबाट कविता सिर्जना हुने क्रममा भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेल्छ ।

### २.३.५ कथन पद्धति

कविद्वारा अनुभूत विचार वा भावलाई व्यक्त गर्ने पद्धतिलाई कथन पद्धति भनिन्छ । कथन पद्धति कवि प्रौढोक्ति र कवि निवद्धवक्तृ प्रौढोक्ति गरी दुई किसिमको हुन्छ (त्रिपाठी र अन्य, २०५४ : १९) । कुनै पात्रका माध्यमद्वारा कविले धारणा व्यक्त गर्छ भने त्यसलाई कवि निवद्धवक्तृ प्रौढोक्ति भनिन्छ । त्यस्तै कविले स्वयम् आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकृत गर्छ भने त्यसलाई कवि प्रौढोक्ति कथन पद्धति भनिन्छ । 'कथन पद्धति कथन कौशलको रूपमा उच्चार्य र गेय रहने परिप्रेक्ष्यमा कवितामा पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ (त्रिपाठी र अन्य, २०५४ : १९) ।

### २.३.६ केन्द्रीय कथ्य तथा भाव विधान

कवितामा कथन गरिएको वा भनिएको विषय वस्तुको सार नै केन्द्रीय कथ्य वा भाव विधान हो । यसलाई मूल भाव विचार वा सन्देश पनि भनिन्छ । कवितामा जीवन जगत्का विविध पक्ष आएका हुन्छन् । ती कविताका, कवि मनका र मानव मनका भाव वा विचार बनेर प्रकट भएका हुन्छन् । भावले अर्थ प्रकट गर्दछ । जीवन जगत् मानवीय समाज तथा संस्कृति, इतिहास, दर्शनका साथै समस्त अनुभवको अभिव्यक्ति कवितामा हुन्छ । चाहे त्यो सिधैं आख्यानकृत होस् वा नाटककृत । जुन रूपमा कथन गरिए पनि यसको चुरो रूप केन्द्रीय कथ्य भाव वा विचार नै हुन्छ (त्रिपाठी र अन्य, २०५३ः २०) ।

### २.३.७ बिम्ब विधान

कविता विधामा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सह-प्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो (त्रिपाठी र अन्य, २०५३ : २०) । यसले कवितालाई बढी स्वादिलो बनाउने काम गर्दछ । जीवन जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कार बिम्ब विधान कै उपक्रम हुन् । बिम्बलाई प्रतिमा, छाया, प्रतिबिम्ब, प्रतिकृति, प्रतिरूप, प्रतिच्छवि, प्रतिच्छाया, प्रतिमूर्ति, चित्रात्मकता, मानसिक चित्र आदि शाब्दिक अर्थमा पनि प्रयोग गरेको पाइन्छ (लुइटेल, २०६० : १८८) । बिम्ब नाटकीय अलङ्कार, रस, छन्द आदि कविताका सौन्दर्य पक्ष बढाउने वस्तु हो । यिनै सौन्दर्यले कविताको आवरण सिङ्गार गरी दिन्छन् । बिम्ब चयन गर्दा जति सहजता र हार्दिकता बढ्यो त्यति नै कविता जीवन्त बन्न सक्छ ।

### २.३.८ व्यञ्जना

कवितामा शब्द र अर्थ दुवै कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो (त्रिपाठी र अन्य, २०५३ : २१) । कवितामा निहित भएको अन्तर प्रवाह वाच्यार्थ भन्दा व्यङ्ग्यार्थमा बढी चमत्कारपूर्ण बन्दछ। खास गरी वाच्यार्थ व्यञ्जनार्थमूलक र ध्वन्यार्थमूलक भइदियो भने कविता सशक्त र सजीव बन्न सक्छ। जब कविताका आन्तरिक संरचनामा अर्थका एक भन्दा बढी तह वा तरेली रहेको भावकले अनुभव गर्दछ, त्यस व्यञ्जना समृद्धिले कृतिको कलात्मक प्रभाव र मूल्यलाई उचाल्छ । भावकले सदैव सोझो अनुभूति गर्दछ । तसर्थ व्यञ्जनार्थ वा ध्वन्यार्थबाट कविता बढी आकर्षक र कलात्मक बन्न जान्छ (त्रिपाठी र अन्य, २०५३ : २१) ।

## २.४ कविताका विधागत आयाम

कविताका अनेक परिभाषा पाइए जस्तै यसका रूपमा पनि विविधता पाइन्छ । आदि कालदेखि नै पूर्व र पश्चिम दुवैतिरका साहित्य शास्त्रीले कवितालाई विभिन्न आधारमा वर्गीकरण गरे तापनि यहाँ लघुतम, लघु, मध्ययम, र वृहत्) गरी चार रूपमा बाँडेर तिनीहरूको सङ्क्षिप्त चर्चा गरिएको छ :-

### २.४.१ कविताको लघुत्तम रूप : मुक्तक

जीवन जगत्का अनुभवलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट भन्ने क्रममा लयात्मकता अङ्गालिँदा प्रकट हुने कविता विधाको स्वयम्मा पूर्ण रहने लघुत्तम (सबैभन्दा सानो) एकाइ वा श्रेणीलाई नै कविताको लघुत्तम रूप भनिन्छ (त्रिपाठी र अन्य, २०५३ : २८ ) । आयाम अति छोटा हुने भए पनि कथ्य वा भाव विचारमा तीव्रता र पूर्णता हुनु यसको वैशिष्ट्य हो । जापानमा 'हाइकु' उर्दूमा 'सायरी' र नेपालीमा 'मुक्तक' यसका उदाहरण हुन् ।

### २.४.२ कविताको लघुरूप : फुटकर कविता

आयामिक रूपमा हेर्दा दोस्रो कोटीमा पर्ने कविताको छोटो रूप फुटकर कविता हो । यो हाइकु, सायरी र मुक्तक भन्दा लामो, खण्डकाव्य वा लामा कविता भन्दा छोटो हुने हुँदा

यो यी दुई रूपको बीचमा पर्छ । यसमा कथानकको चूर्ण पाइन्छ तर कथा व्यवस्था र विवरणको पूर्ण अवस्था भने हुँदैन । श्लोक वा अनुच्छेदका बीच अनुक्रम वा अर्न्तक्रमका साथै अन्विति उपलब्ध हुने गरी अति विस्तारबाट यथासम्भव बचेर जीवन जगत्‌को खास एक प्रक्षेप वा कुनै श्वास मनोदशाको नातिदीर्घ (अति दीर्घ नभएको) र प्रायः स्थूल वा मूर्त आख्यान विनाको कथन गर्ने कवितात्मक अभिव्यक्ति फुटकर कविता हो (त्रिपाठी र अन्य, २०५३ : ४७) । महाकवि देवकोटाको **गरिब** यसको उदाहरण मान्न सकिन्छ ।

### २.४.३ कविताको मध्यम रूप : खण्डकाव्य

कविताको लघु र वृहत् आयाम लामा कविताका माझमा कविताको मध्यम रूप देखा पर्छ, यसलाई खण्डकाव्य वा लामा कविताका रूपमा लिइन्छ । यो रूपलाई कविताको मझौलो रूप मान्न सकिन्छ । यो पद्‌य-गद्‌य दुवैमा रचिन्छ । यसमा जीवनको एक अंश वा अनुभूतिको स-सानो कथानक बगेको हुन्छ । यसको कथावस्तु छिटो-छरितो हुन्छ । यो आफैँमा एक पूर्ण कविताको रूप हो । मोहन कोइरालाको **सूर्यदान** माधव घिमिरेको धर्तीमाता आदि यसका उदाहरण हुन् ।

### २.४.४ कविताको बृहत् रूप : महाकाव्य

कविताको मझौला रूप खण्डकाव्य भन्दा ठूलो वृहत्तर रूप महाकाव्य भन्दा सानो रचनालाई बृहत्, वृहत्तर रूप भित्र राखिन्छ । कविताले जब सिङ्गो जीवन र अनुभूतिको आख्यानमा कवित्वको महाकाव्य बहन थाल्छ र कविताको बृहत् रूप महाकाव्य प्रकट हुन्छ (त्रिपाठी र अन्य, २०५३ : ६४) । पूर्वमा सामान्य महाकाव्य र पश्चिममा ललित महाकाव्य यस अन्तर्गत पर्दछन् । संस्कृत साहित्यका कालिदासको **रघुवंश**, श्रीहर्षको **नैषधियचरितम्** **माघको शिशुपालवद्‌ध**, अनि पाश्चात्य साहित्यमा मर्जिलका **ऐलियड** र नेपाली साहित्यमा देवकोटाको **सुलोचना** आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ । यो कविताका सबै रूपमध्ये यो रूप सबैभन्दा ठूलो रूप हो । यसमा सिङ्गो युगको सभ्यता, संस्कृति अनि समग्र मानव पक्ष समेटिएको हुन्छ । यसलाई विश्व संस्कृतिको धरोहरका रूपमा चिनिने गरिन्छ । असाधारण ज्ञान, सामर्थ्य र गम्भीर जीवनको व्याख्या यस्ता महाकाव्यका विशेषता हुन् वाल्मीकिको **रामायण**, व्यासको **महाभारत** र होमरका **इलियड र ओडेसी** यसका उदाहरण हुन् ।

## २.५ नेपाली कविताको विकासक्रम

### २.५.१ नेपाली कविताको पृष्ठभूमि निर्माण

नेपाली वाङ्मयको क्षेत्रमा कविताको इतिहासलाई नियाल्दा कविता विधाले दुई शताब्दी लामो (दुई सय बीस वर्ष) समय पार गरिसकेको छ ।  यो भन्दा अगाडि गएर कविताको पृष्ठभूमि खोज्न थाल्ने हो भने, औषधशास्त्र, नीतिशास्त्र, लोक कविता, लोक गीत एवम् लोक गाथासम्म पुग्नुपर्ने हुन्छ। लेख्य नेपाली कविताको प्रारम्भ हुनु पूर्व विशेषतः ऐतिहासिक र धार्मिक विषयसँग सम्बन्ध अभिलेख पनि देखा परेको पाइन्छ । प्राचीन समयदेखि श्रुति परम्परामा बाँचेका कविता, सिलोक, लोकगाथा, लोक गीत लेख्य वा शिष्ट साहित्य भित्र नपर्ने हुनाले यिनको लोक साहित्यिक महत्त्व रहेको हुँदा यस्ता लोक सिर्जनाले नेपाली कविताको पृष्ठभूमि निर्माण भने गरेका छन्। औषधोपचार, नीति वा आचारशास्त्र, धर्मशास्त्र, ज्योतिष, वंशावली यात्रा वा तीर्थवर्णन आदि विषयसँग सम्बन्धित ग्रन्थहरू धेरैजसो पद्यमा नै लेखिएका हुन्थे। यस्ता ग्रन्थमध्ये कतिपय मौलिक रूपमा लेखिएका भए तापनि तिनलाई कविताका रूपमा मान्न सकिँदैन। अहिलेसम्म प्राप्त तथ्याङ्कका आधारमा सुवानन्ददासद्वारा लेखिएको पृथ्वी नारायणको वीरतासँग सम्बन्धित **पृथ्वी नारायण शाह** शीर्षकको कवितालाई नै सर्वप्रथम नेपाली कविताका रूपमा मानिन्छ (गौतम, २०६६ : ५)। वि.सं. १८३०-०३१ तिरको रचना मानिएको यस कविताका आधारमा यसै समयलाई नेपाली कविताको प्रस्थान बिन्दु मान्नु युक्ति सङ्गत देखिन्छ।

उन्नाइसौं शताब्दीको प्रारम्भ तिरैबाट थालिएको नेपाली कविताले अढाई सय वर्ष जतिको समयावधि भित्र अनेक प्रवृत्तिगत मोड वा घुम्ती पार गरिसकेको छ । यस समयावधिलाई विभिन्न काल खण्डमा विभाजन गरेर हेर्ने गरिए तापनि हेराइमा एकरूपता पाइँदैन । रत्नध्वज जोशीले **नेपाली भाषाको नूतन साहित्य चर्चा** लेखमा आदिकाल, मध्यकाल र आधुनिक काल भनी उल्लेख गरेका छन्। त्यस्तै बाबुराम आर्चायले पुराना कवि र **कविता** नामक पुस्तकमा पुरानो समय र नयाँ समय गरी कविताको विकासक्रम छुट्याएका छन् । यज्ञराज सत्यालले **नेपाली साहित्यको भूमिका** पुस्तकमा आदिकाल, माध्यमिक काल, आधुनिक काल भनी चर्चा गरेका छन् । त्यस्तै ईश्वर बरालले **नेपाली साहित्यको काल विभाजन** शीर्षकको लेखमा प्राथमिक, माध्यमिक, आधुनिक, प्रजातन्त्र, पञ्चायत काल गरी विभाजन गरेका छन्। यसरी माथि गरिएको काल विभाजन प्रसिद्ध एवम् प्रभावकारी शासक, विशिष्ट साहित्यिक व्यक्तित्व, साहित्यिक प्रभाव र प्रवृत्ति,

राजनीतिक आन्दोलन, ऐतिहासिक कालखण्ड आदि आधारमा गर्ने गरेको पाइन्छ (लुइटेल, २०६० : १६५ ) यति हुँदा हुँदै पनि नेपाली कविताको काल विभाजन निम्नानुसार गरेको पाइन्छ :-

१) प्राथमिक काल - (वि.सं. १८२६-१९४० सम्म

२) माध्यमिक काल - (१९४१ देखि १९७१ सम्म)

३) आधुनिक काल - (१९७२ देखि हालसम्म)

### २.५.१.१ प्राथमिक काल (वि.सं. १८२६-१९४० सम्म)

वि.सं. १८२६-१९४० सम्मको समयावधि नेपाली कविताको प्राथमिक काल मानिएको पाइन्छ । नेपाली राष्ट्रियता र वीरताको गुनगान, विस्तार एवम् त्यसमा देखा परेका अवरोध र शिथिलताका युग-सन्दर्भले यस धाराको निर्माणमा भूमिका खेलेका छन् । नेपाली कविता कै पहिलो कवि मानिने सुवानन्ददासद्वारा रचित **पृथ्वी नारायण शाह** शीर्षकको कविता नेपाली कै पहिलो कविता मानिन्छ (लुइटेल, २०६० : १७१) । यही कविताबाट नेपाली कविताले विकासको गति लिएको हो । यो काल लोक धाराबाट शिष्ट नेपाली भाषातर्फको यात्राको समय हो । यो १०४ वर्षको समयसम्म फैलिएको पाइन्छ । यस काललाई प्रारम्भदेखि सुगौली सन्धिसम्म पूर्वाद्ध र सुगौली सन्धिदेखि मोतीरामको उदयसम्म उत्तरार्द्ध गरी दुई चरणमा अध्ययन गरिन्छ :-

### क) पूर्वाद्ध चरण वीरधारा (१८२६-१८७१ सम्म)

पृथ्वी नारायण शाहको नेपाल एकीकरण अभियानको प्रारम्भदेखि सुगौली सन्धि ( १८७२) पूर्वसम्मको समयावधिलाई नेपाली कविताको वीरधारा मानिन्छ (लुइटेल, २०६० : १७१) । यस धाराका प्रवर्तक कवि सुवानन्द दास हुन् । विशाल नेपाल निर्माणमा सङ्लग्न वीर योद्धाको भावनालाई यस कालका कविले सिर्जनाका माध्यमबाट मुखरित गरेका छन् । वीरतालाई नै विषय वस्तु बनाएर कविता सिर्जना गरेका यस समयका स्रष्टाका सिर्जनामा राष्ट्रप्रतिको अटल आस्था र राजभक्ति मुखरित गरेको पाइन्छ । युद्ध वर्णन, वीर वन्दना, राजनीतिक सचेतता, शासक स्तुति, देशप्रेम, नैतिक चेत र व्यङ्ग्य चेतना यस धाराका मुख्य विषय वस्तु मानिन्छन् । यस धाराका मुख्य कविमा सुवानन्द दास, शक्ति बल्लभ अर्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, राधा बल्लभ अर्ज्याल, रामभक्त पाध्या रेग्मी,

गुमानी पन्त, यदुनाथ पोखरेल आदि पर्दछन् । मौलिक कविताको रचना, तत्कालीन शासक र सैन्यहरूको स्तुति, अपरिष्कृत, अपरिमार्जित र मिश्रित भाषाको प्रयोग यस धाराका प्रमुख विशेषता हुन् ।

**ख) उत्तरादर्ध चरण भक्तिधारा (१८७२-१९४० सम्म)**

सुगौली सन्धि (१८७२) देखि नेपाली साहित्यमा मोतीराम भट्टको आगमनपूर्व (१९४०) सम्मको समयावधि नेपाली कविताको भक्तिधारा मानिन्छ (लुइटेल, २०६० : १७७) । १८७२ को सुगौली सन्धिले नेपाली कविको मनमा चोट पुगेपछि विस्तारै वीर धारा अर्थात् नेपालीहरूको वीरता सेलाउँदै जाने र कविहरू भक्ति मार्गतर्फ उन्मुख भएको पाइन्छ । युद्धको पराजय, आफन्तको विछोड तथा पुनः युद्ध हुने आशङ्का, भय र सन्त्रास जस्ता कारणबाट नेपाली मानसिकता ईश्वरीय भक्तिमार्गतर्फ अभिमुख हुन्छ । त्यसैले यस धारालाई धार्मिक र आध्यात्मिक धारा पनि भनेर चिनिन्छ । यस धारालाई सगुण भक्तिधारा र निर्गुण भक्तिधारा गरी दुई धारामा अध्ययन गरिन्छ । सगुण धारामा कृष्णभक्ति धारा र रामभक्ति धारा पर्दछन् भने निगुर्ण धारामा जोसमनी परम्पराका रचनालाई लिइन्छ ।

**अ) सगुण भक्ति धारा**

यस धाराका कविले साकार ब्रह्मको चिन्तनपरक कविता लेखेका छन् । राम र कृष्णका लीलालाई विषय वस्तु बनाएर लेखिएका कविता यस अन्तर्गत पर्दछन् । यस किसिमका कवितालाई पुनः निम्न दुई उपधारामा विभाजन गर्न सकिन्छ :-

**क) कृष्णभक्ति धारा**

यस धारासँग सम्वद्ध कविले भगवान् श्रीकृष्णलाई विषय बनाई कविता सिर्जना गरेको पाइन्छ । ईश्वरका साकार रूपमध्ये श्रीकृष्णलाई आराध्यदेव मानी उनैको कवितात्मक स्तुति गर्ने वा त्यस सम्बन्धी आफ्ना भावना व्यक्त गर्ने काम यस धाराका कविले गरेका छन् (लुइटेल, २०६० : १७८) । यस धाराका प्रथम कवि इन्दिरस हुन् (त्रिपाठी र अन्य, २०५३ : १०८) । यस धाराका केन्द्रीय कवि वसन्त शर्मा हुन् । उनका **श्रीकृष्ण चरित्र** र **समुन्द्र लहरी** दुई कृति प्राप्त छन् । यस धाराका अन्य कविमा विद्यारण्य केशरी, वीरशाली पन्त, हिन व्याकरणी, विद्यापति, पतञ्जलि गजुर्‍याल आदि पर्दछन् । यीमध्ये पतञ्जली गजुर्‍याल र वसन्त शर्मा रतिराग सहित कृष्णभक्ति धारालाई अगाडि बढाउने कवि मानिन्छन् भने अन्य

कवि रतिरागमुखी कृष्णभक्ति धाराका उन्नायक मानिन्छन् । शब्दलाई छोट्याउने, बङ्ग्याउने कथ्य रूपको प्रयोग गर्ने प्रव्त्ति पाइए पनि भाषिक विन्यास नेपालीपनले ओतप्रोत हुनाका साथै सरल, सुबोध प्रवृत्ति यस धाराका विशेषता हुन् ।

**ख) रामभक्ति धारा**

भगवान् श्रीरामलाई आस्थाको केन्द्र बनाएर यस धाराका स्रष्टाले अध्यात्म रामायणका मूल प्रवाहमा कविता लेखेको पाइन्छ । यस धाराका पहिला कवि रघुनाथ पोखरेल (१८६९-१९२८) हुन् (लुइटेल, २०६० : १८३) । भने केन्द्रीय कवि भानुभक्त आचार्य हुन् । पोखरेलले रामायणका सुन्दर काण्डको पद्यानुवाद गरेका छन् । क्लिष्ट पदावलीयुक्त विशिष्ट शैलीमा कवितात्मक अभिव्यक्ति दिनु यिनको विशेषता हो । यस कालका कवि भानुभक्त आचार्यले वाल्किमीकृत **अध्यात्मक रामायण**लाई आधार बनाई रामायणको रचना गरेको पाइन्छ भने नेपाली साहित्यको पहिलो महाकाव्य पनि यसै अध्यात्म रामायणलाई मानिएको छ । सुगठित र सुव्यवस्थित आख्यानात्मक संरचनाको यस कृतिलाई रामभक्ति धाराको मात्र होइन सिङ्गो नेपाली साहित्यकै विशिष्ट उपलब्धि प्रमाणित भइसकेको छ । भक्तमाला, प्रश्नोत्तरी, रामगीता जस्ता मौलिक र अनुदित कृतिहरू उनका अन्य देन हुन् । त्यसैगरी यस कालका पतञ्जलि गजुर्‍यालको **बाल गोपाल वाणी, हरिभक्त माला** जस्ता कृति भेटिन्छन् भने कवि रामदासको भक्ति रामायणको चर्चा मात्र पाइन्छ । नेपाली भाषामा पहिलो महाकाव्य प्राप्त हुनु यस कालको महत्त्वपूर्ण उपलब्धि हो भने शिष्ट भाषा अति सरल र सहज शैलीमा काव्यको रचना गर्नु, वेदान्त दर्शनको प्रभाव, वर्णमात्रिक एवम् नेपाली वार्णिक छन्दको समुचित प्रयोग आदि यस धाराका विशेषता हुन् ।

**निर्गुण भक्तिधारा : सन्तधारा**

नेपाली कविताको निर्गुण भक्तिधारालाई सन्तधारा पनि भनिन्छ (लुइटेल, २०६० : १८५) । यस धाराका कविले निराकार ब्रह्मको उपासनापरक कविता लेखेका छन् । यो प्राथमिककालीन कविताको भक्ति धाराको अन्तिम धारा हो । समाजमा विद्यमान जातीय विभेद, कर्मकाण्डवृत्ति, असत्, अन्याय, अत्याचार, दुराचार जस्ता असत् पक्षको विरोध र सदाचार, मानवतावाद जस्ता सत् पक्षको समर्थन र मुक्तिका चाहना यी कविको मुख्य उद्देश्य रहेको देखिन्छ । यस धाराका कवि शशिधर (१८०४-१९०८) को **वैराग्याम्बर**, ज्ञान दिलदास (१८७८-१९४०) को **उदय लहरी** र **भजन सङ्ग्रह,** अगमदिल दास (१८५०-१९२५) को **सोह्र निर्गुण कविता** र अखण्ड दिलदास (१८६८-१९३५) को **पाँच निर्गुण भजन** आदि

मुख्य रहेका छन् । यस धाराका केन्द्रीय कवि सन्त ज्ञान दिलदास हुन् । धर्मका हिसाबले जीवनको व्याख्या गर्नु, ईश्वरप्रतिको नवीन चिन्तन प्रस्तुत गर्नु, वार्णिक छन्दको प्रयोग गर्नु, नेपाली भाषाका अतिरिक्त जातीय कविको उपस्थित हुनु यस धाराका प्रवृत्ति र प्राप्ति हुन् ।

यसरी प्राथमिककालीन कविताका विविध प्रवृत्ति र धाराहरूमा नेपाली कविता विधाले बलियो आधार स्तम्भ बनाएको छ र उत्तरवर्ती युगका लागि प्रेरणाको स्रोत समेत बनेको छ ।

### २.५.१.२ माध्यमिक काल (१९४१ देखि १९७१)

नेपाली कविताको विकास यात्रामा वि.सं. १९४१-०७१ का बीचको लगभग साढे तीन दशकको समयावधि माध्यमिक कालका रूपमा बुझिन्छ (त्रिपाठी र अन्य २०५३ : १०८) । यस कालको प्रारम्भ मोतीराम भट्ट (वि.सं. १९२३-१९५३) को आगमनबाट भएको हो । मोतीरामले नवीन प्रवृत्ति शृङ्गारिकतालाई यसै कालमा प्रवेश गराई मोती मण्डली नामक सामूहिक संस्थाको निर्माण गरी कविता लेखन कार्यको थालनी र बिस्तार गरेको पाइन्छ । यो युग कविता विधाको मात्र नभएर समग्र नेपाली साहित्यको मुद्रण युगमा प्रवेश गरेको काल हो । यस अवधिमा वि.सं. १९४२ तिर रामायणको सम्पूर्ण भाग छापिएपछि पुस्तक प्रकाशनको थालनी भएको हो । यसका अतिरिक्त वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशनले पनि कविहरूका रचना प्रकाशन गर्न ठूलो सहयोग पुऱ्याएको पाइन्छ भने वि.सं. १९६३ को **सुन्दरी** र वि.सं. १९६५ को **माधवी** जस्ता साहित्यिक पत्रिकाको प्रकाशनले साहित्य सिर्जना गर्नमा थप उर्जा प्रदान गरेको पाइन्छ ।

नेपाली साहित्यको माध्यमिक कालको थालनी नेपालमा राणातन्त्रको जगजगी रहेको वेलामा भएको हो । त्यस समयको पूर्वाद्धमा राणाहरूको भोगवादी दरबारिया संस्कृति, चरमचुलीमा पुगेको हुँदा नेपाली कविताको मूल प्रवृत्ति पनि शृङ्गारिकता बन्न पुगेको देखिन्छ । यसै समयको उत्तरार्धतिर जहानियाँ राणा शासनको विरोध हुन थाल्छ र साहित्यको धारा पनि शास्त्रीयतावाद, बुद्धिवाद, मानवतावाद आदितर्फ ढल्कन थाल्छ । यसरी प्रवृत्तिगत आधारमा यस काल दुई चरणमा विभाजित भएको देखिन्छ ।

#### क. पूर्वाद्ध (वि.सं. १९४१-१९६१ सम्म)

माध्यमिककालीन नेपाली कविताको यस चरणका प्रारम्भकर्ता कवि मोतीराम भट्ट

देखिन्छन् । यिनले मोती मण्डलीको स्थापना गरी नेपाल र नेपाल बाहिर (वनारस) दुवै ठाउँमा कविता लेखनको परिवेश सिर्जना गरे भने समस्यापूर्ति र कविता लेखनको निर्देशन गर्नुका साथै गजल लेखनको परम्परालाई भित्र्याए । यस काललाई अगाडि बढाउन **उषा चरित्र** (१९५५), **पिकदूत** (१९४५), **भाषा श्लोक** (१९४८), **मनोद्वेग प्रवाह** (१९५७) जस्ता कृतिको अनकरणीय योगदान छ । मोतीरामको साहित्य सेवाप्रतिको महान् अभियानमा साथ दिने पूर्वाद्धका अन्य स्रष्टामा राजीव लोचन जोशी, लक्ष्मीदत्त पन्त, शिखरनाथ सुवेदी आदि पर्दछन् ।

### ख. उत्तरार्द्ध (वि.सं. १९६२-१९७१)

शृङ्गारिक धाराको उत्तरार्द्धका केन्द्रीय व्यक्तित्व शम्भु प्रसाद ढुङ्गेल हुन् । यिनी मोतीराम भट्टपछिका प्रतिभाशाली कविका रूपमा परिचित छन् । आँसु कविको उपाधिले विभूषित यिनका **पञ्चक प्रपञ्चक, चन्द्रप्रताप वर्तन, धनसतक** जस्ता कृतिका अतिरिक्त **चन्द्रवदनी** पौराणिक खण्डकाव्य पनि भेटिन्छ । माध्यमिक कालको उत्तरार्द्ध चरणमा पनि शृङ्गारिक, शृङ्गारपरक धाराका सामाजिक र सांस्कृतिक जागरणको शङ्खघोष गर्दै गद्य कविता लेख्ने प्रतिभामा लेखनाथ पौड्याल (१९४१-२०२२), महानन्द सापकोटा, चक्रपाणि चालिसे आदि उल्लेख्य छन् । शृङ्गारिक सौन्दर्यको वर्णन, नैतिक चेतना र सन्देश, आध्यात्मिक जागरण जस्ता विषयका अतिरिक्त शास्त्रीय नियममा आधारित कविता कृति रचना गर्नु यस अवधिका कविताका प्रवृत्ति वा प्राप्ति हुन् ।

वि.सं. १९४१-१९७१ सम्मको नेपाली कवितामा देखिएको शृङ्गारिक भावधारालाई पूर्वाद्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरी अध्ययन गर्दा पूर्वाद्धको शिष्ट शृङ्गारिक धाराको नेतृत्व मोतीरामले र उत्तरार्द्धको नेतृत्व शम्भु प्रसादले गरेको पाइन्छ । शृङ्गारिक धारा मूल रूपमा भए पनि यस कालमा औपदेशिक भक्तिधारा, शासकस्तुति धारा, नैतिक औपदेशिक धारा जस्ता विभिन्न उपधारामासमेत कवित्व फैलिएको पाइन्छ । नेपाली कविताले मुद्रण युगमा प्रवेश गर्नु, विभिन्न पत्रपत्रिका प्रकाशित हुनु, भाषा र शैलीमा परिष्कारको चेष्टा देखिनु, उर्दू, फारसी र अरबी भाषाको गजल नेपाली साहित्यमा भित्रनु, वार्णिक, वर्णमात्रिक र मात्रिक छन्दमा कविता लेखिनु आदि यस कालका महत्त्वपूर्ण उपलब्धि हुन् ।

### २.५.१.३ आधुनिक काल १९७२ देखि यता

नेपाली कविताको आधुनिक काल १९७२ बाट सुरू भई माध्यमिककालीन शृङ्गारिक कविता सङ्ग्रह **सूक्तिसिन्धु** (वि.सं. १९७४) प्रकाशनसँगै हालसम्म निरन्तर गतिशिल छ र यो अझै चालु रहने काल हो (त्रिपाठी र अन्य, २०५३ : ११३) । वि.सं. १९७२ देखि हालसम्मको करिब नौ दशक पार गरिसकेको आधुनिक नेपाली कविताले विकासको सिँढी चढ्दै जाँदा विभिन्न धारा र प्रवृत्तिलाई आत्मसात गर्दै नव आयाम र मूल्यबोध गरेको छ । नेपाली लेख्य व्याकरणको अनुशासनलाई स्वीकार गर्नु, कविताको स्तरीयताप्रति सचेत हुनु, कवितामा सौन्दर्यको खोजी गर्नु, पूर्वीय कविताको मानकलाई भेट्याउने प्रयत्न गर्नु, पश्चिमी कविताको नव-प्रवृत्तिलाई क्रमिक रूपमा ग्रहण गर्दै जानु यस कालका मूलभूत पहिचान हुन् । पूर्वीय काव्य मान्यतालाई अनुसरण गर्दै आधुनिक नेपाली कविताले पाश्चात्य कला, विज्ञान र साहित्यलाई पनि अनुसरण गरेको छ । पूर्वीय र पाश्चात्य प्रभावमा विकसित आधुनिक नेपाली कवितालाई पूर्वाद्र्ध वि.सं. १९७२-२०१६ र उत्तराद्र्ध वि.सं. २०१७ देखि हालसम्म गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । यस कालखण्ड भित्र पनि परिष्कारवादी धारा र समसामयिक धारा हुँदै विकसित भएको पाइन्छ । आधुनिक नेपाली कविताको प्रमुख धारा र तिनमा पाइने विशेषताहरूलाई क्रमशः सङ्क्षेपमा चर्चा गरिन्छ ।

#### (क) परिष्कारवादी धारा :

परिष्कारवादी धारालाई शास्त्रीय वा क्लासिकल धारा पनि भनिन्छ । माध्यमिक काललाई तोड्दै नेपाली कवितालाई आधुनिक कालतर्फ निम्त्याउने मुख्य श्रेय कवि लेखनाथ पौड्याललाई प्राप्त छ । उनी नेपाली परिष्कारवादी कविता धाराका प्रवर्तक एवम् केन्द्रीय प्रतिभा हुन् (त्रिपाठी र अन्य, २०५३ : ११८) । यस धाराको समयावधि वि.सं. १९७२-१९९० सम्म फैलिएको छ । वि.सं. १९६५ मा प्रकाशित **माधवी** पत्रिकाले राममणी आदिको नेतृत्वमा हलन्त वहिष्कारलाई जोड दिएपछि त्यसैको प्रभावले लेखनाथले यस धाराको सुरूवात गरेका हुन् । यस समयमा उनले शैली, शिल्प, छन्द तथा भाव विधानको परिष्कारका साथ कवितामा स्तरीयता ल्याउने काम गरेका छन् । **ऋतुविचार** (१९७३-१९९१), **बुद्धिविनोद** (१९९३) **सत्यकलि संवाद** (१९७६) आदि यस धाराका प्रतिनिधि काव्य हुन् । यी कृतिमा एकातर्फ हिन्दू पुर्नजागरण तथा सामाजिक व्यङ्ग्य प्रकट गरिएको पाइन्छ भने अर्कोतर्फ सामाजिक तथा आत्मिक परिष्कारको आह्वान पाइन्छ । पूर्वीय साहित्यको प्रभाव,

सौन्दर्य पक्षको खोजी अनि प्रस्तुतिगत चमत्कार यस धाराका मूलभूत विशेषता हुन् । पौड्यालको यो परम्परालाई साथ दिने अर्का प्रतिभा बालकृष्ण सम हुन् । उनको **आगो र पानी** खण्डकाव्यका अतिरिक्त फूटकर कविताले परिष्कारवादी धारालाई अगाडि बढाउन सहयोग गरेका छन् । त्यस्तै समाज सुधारको तीव्र चेतनाका साथ आउने धरणीधर कोइरालाले **नैवेद्ध** कृतिमार्फत सांस्कृतिक चेतना र नैतिक मर्यादाको स्वर उरालेका छन् ।

**(ख) स्वच्छन्दतावादी धारा**

स्वच्छन्दतावाद, शास्त्रीयतावाद र नवशास्त्रीययतावादका विरूद्ध देखा परेको साहित्यिक आन्दोलन हो (लुइटेल, २०६० : २३९) । यस धारालाई रोमान्टिक धारा पनि भनिन्छ । यस धाराका कविले नियमका विरूद्ध साहित्य सिर्जना गर्दछन् । प्रबल वैयक्तिकता, तीव्र कल्पनाशीलता, भावात्मकता, अद्भूतता, हार्दिकता कोमलता, भावगत युक्तता, स्वच्छन्दता, सहजता, स्वप्निलता, व्यक्तिवादिता, स्वभाविकता, अतिशय भावुकता, प्रकृति चित्रणमा विविधता, प्राकृतिक सौन्दर्यप्रतिको आर्कषण जस्ता प्रवृत्तिको अनुकरण स्वच्छन्दतावादी रचनाले गर्दछन् ।

वि.सं. १९९१-२०१६ सम्मको समयावधि नेपाली कविताको स्वच्छन्दतावादी धाराको समयावधि हो । यस धाराका केन्द्रीय प्रतिभा लक्ष्मी प्रसाद देवकोटा हुन् । उनी नेपाली साहित्यकै असाधारण प्रतिभा मानिन्छन् । तीन महिनामा नै **शाकुन्तल** र दस दिनमै **सुलोचना** लेख्ने सरस्वतीका वरदपुत्र देवकोटाकै सबल नेतृत्वले गर्दा यो धारा साढे दुई दशकसम्म एकछत्र रूपमा नेपाली कविताको सर्वोत्कृष्ट धाराका रूपमा चरमोत्कर्षता प्राप्त गर्न सफल भएको छ । यस धाराका अन्य कविमा सिद्धिचरण श्रेष्ठ, माधव प्रसाद घिमिरे, म.वी.वी. शाह, युद्ध प्रसाद मिश्र आदि छन् । वि.सं. २००४-२०१६ को अवधि स्वच्छन्दतावादी प्रगतिवादी धाराका नामले चिनिन्छन । यस वादको थालनी हुनुमा वि.सं. १९९७ को सहिदकाण्ड, भारतीय स्वतन्त्रता सङ्ग्राम, शासकीय थिचोमिचोबाट पिल्सिएको नेपाली मानसिकताको उन्मुक्तिको चाहना, प्रजातन्त्र प्राप्तिका लागि युवा वर्गको क्रान्तिकारी चेतना आदिको विशेष भूमिका छ । २००७ सालको राजनीतिक परिवर्तनले यस धारालाई अझ बढी प्रभावित पारेको पाइन्छ । १९९१ सालमा देवकोटासँगै थालिएको स्वच्छन्दतावाद २०१६ सालमा देवकोटाको मृत्युसँगै अवसान भयो भन्ने गरेको पाइए पनि यो पूरै समाप्त नभएर प्रमुखता गौणतामा परिवर्तन भएको हो । कतिपय कविहरू अद्यावधि

स्वच्छन्दतावादी कविता लेखिरहेका छन् ।

स्वच्छन्दतावादी धाराभित्रै प्रगतिवादी प्रवृत्तिको अन्तर्मिश्रण भएकाले यस धाराका कवितामा विद्रोह, आक्रोश र क्रान्ति चेतना सशक्त रूपमा पाइन्छ। शास्त्रीय नियम र अनुशासनको परित्याग, कल्पनाको असीमित उडान, प्रकृतिको आन्तरिक स्वरूपको चित्रण, क्रान्तिकारी विद्रोह, चेतना, मुक्ति स्वच्छन्दताको चाहना, प्रगतिवादी र विश्व मानवतावादी दृष्टिकोण, राष्ट्रियता, स्वतन्त्रता, प्रणयपरक चेतना, सरल तर स्वच्छन्द भाषाशैलीको प्रयोग आदि यस धाराका कवितामा पाइने प्रमुख विशेषता हुन् । स्वच्छन्दतावादी धाराको खास उत्कर्ष समय १९९१-२०१६ भए पनि हालसम्म यस धारामा रहेर कतिपय कविले कविता लेखिरहेका छन् । सारांशमा भन्नुपर्दा वेलायती स्वच्छन्दतावादी धारा बङ्लागी साहित्य हुँदै वि.सं. १९९१ मा नेपाली साहित्यमा भित्रिएको यो धारा नेपाली काव्य जगत्को सर्वाधिक प्राप्तिपूर्ण धारा हो भन्न सकिन्छ ।

### (ग) प्रयोगवादी धारा

महाकवि लक्ष्मी प्रसाद देवकोटाको देहावसान (वि.सं. २०१७) आधुनिक नेपाली कविता यात्राको पूर्वाद्धको समाप्तिको सूचक वर्ष रह्यो भने **प्रगति** (२०१०), देखि **इन्द्रेनी** (२०१२) सम्मका पत्रिकाका प्रयोगधर्मी कविताका माध्यमबाट चिहाइरहेको कवि मोहन कोइरालाको प्रयोगधर्मी कवित्वले **रूपरेखा** पत्रिका (२०१७) को **घाइते युग** कविताका माध्यमबाट उत्तराद्र्ध यात्राका साथै त्यसको प्रथम प्रहर स्वरूप प्रयोगवादी धारालाई आमन्त्रित गर्‍यो (त्रिपाठी र अन्य, २०५३ : १२७) । यसको व्याप्ति २०२९ सम्म फैलिएको छ । नेपाली कवितामा यो धाराले पाश्चात्य जगत्को चित्रकला र साहित्य क्षेत्रमा देखा परेका अमूर्त प्रयोगबाट प्रभाव ग्रहण गरेको छ । सुरूमा स्वच्छन्दतावादी प्रयोगवादी धारा अन्तर्गत रहेर नवीन शिल्प शैलीको खोजी गर्दै मोहन कोइरालाले यस धाराको प्रारम्भ गरेका छन् । परम्परा भन्दा भिन्न रूपमा, नयाँ प्रयोग र चिन्तनका साथ सुरूवात भएकाले यसलाई प्रयोगवाद भन्ने गरिएको पाइन्छ । मोहन कोइरालाको प्रयोगधर्मीता तथा आयामेली आन्दोलनको समष्टि प्रभावमा यो धारा विकसित भएको हो । प्रयोगवादी कविता लेखनले प्रायः ईश्वररहित र विकासवादी जीव शास्त्रीय पृष्ठभूमिका मानव जीवनलाई यौन वासनाको आँखाले हेर्ने गर्दछ र जविनलाई प्रायः विसङ्गत, व्यर्थ, निस्सार र शून्य देख्छ । यस धाराका प्रवर्तक मोहन कोइराला हुन् भने अन्य कविमा वैरागी काँइला, इन्द्रबहादुर राई, ईश्वर वल्लभ, जगदीश शमशेर राणा, द्वारिका श्रेष्ठ, मदन रेग्मी, बानिरा गिरी आदि उल्लेख्य छन्

। विषय वस्तु, शैली, शिल्प र प्रस्तुतीमा नौल्याई प्रस्तुत गर्नु यस धाराको मान्यता हो ।

वि.सं. २०२० सालदेखि प्रयोगवादले अझै नयाँ रूप लिन थाल्यो । परम्परागत साहित्यमा जीवन समग्रताको बोध हुन सकेको छैन, परम्परागत साहित्य चेप्टो रूपमा मात्र थालिएको छ । यस्तो साहित्यले जीवनको समग्र पक्षलाई समेट्छ भन्ने दृष्टिकोण अगाडि सार्दै जीवनको लम्बाइ, चौडाइ र गहिराइ सबै पक्षको चित्रण कवितामा हुनुपर्छ भन्ने मूल अभियानका साथ आयामेली आन्दोलनका तीन स्रष्टा प्रस्तुत भएका छन् ती हुन् ईश्वर वल्लभ, वैरागी काइँला, इन्द्रबहादुर राई । तेस्रो आयाम (सन् १९६३) पत्रिकामार्फत घोषणापत्र जारी गरी यस अभियानलाई व्यापकता प्रदान गरिएको देखिन्छ । वस्तुता, सम्पूर्णता, अमूतर्ता तथा बौद्धिकता आयामेली कविका प्रमुख मान्यता र विशेषता हुन् । यस धाराको अर्को उल्लेख्य प्राप्ति कवितात्मक विस्तार हो । यस चरणमा मोहन कोइरालाका लामा कविता खण्डकाव्यात्मक स्वरूपलाई पार गरेर काव्यात्मक विस्तारतर्फ समेत उन्मुख बनेका छन् । यस क्रममा उनका **सूर्यदान** (२०२२), **लेड** (२०२३), **पलङ्ग नं. २१** (२०२९), **नून शिखरहरू** (२०३१), **नदी किनाराका माझी** (२०२८) जस्ता कृति लामा कविताका उदाहरण हुन् ।

यसरी वि.सं. २०१७-२०२९ सम्मको एक दशक भन्दा बढी समय यस प्रयोगवादी धाराले समेटेको छ । २० औं शताब्दीको जटिल परिस्थिति, विभिन्न बिम्ब प्रतीकको प्रयोग, अस्तित्ववाद, अतियथार्थवाद, विसङ्गतिवाद, यौन मनोविज्ञानको समग्र प्रस्तुति, चित्रात्मकता दुर्वोध्य विचलनयुक्त भाषाशैलीको प्रयोग तथा जीवनलाई समग्रताबाट हेर्ने नवीन चिन्तन आदि यस धाराका प्रवृत्ति वा विशेषता मानिन्छन् ।

### (घ) समसामयिक धारा

समसामयिक शब्दले वर्तमान समयलाई सङ्केत गर्दछ । नेपाली कविता साहित्यमा विगत तीन दशकदेखिको समायावधिलाई यसले बुझाउँछ । यस धाराको सुरूवात सम्बन्धमा पनि मत भिन्नता छ (लुइटेल, २०७० : ३३५) । प्रयोगवादी धाराको चरमोत्कर्षको अवधिमा कयौं स्रष्टाले प्रयोगवादमा देखिएका जटिलता, दुर्वोध्यता र असम्प्रेषणीयताप्रति विमति जनाउँदै समसामयिक युगबोधको उच्चतम् मागसहित विभिन्न साहित्यिक आन्दोलन चलाएर यस धाराको आरम्भ गरेका हुन् । वि.सं. २०२६ मा भएको **योङ्ग राइटस फ्रन्ट**, **बुट पालिस** (२०३१), **सडक कविता क्रान्ति** (२०३९), **तरलवाद** (२०४०) एवम् **जनआन्दोलन** (

२०४६) जस्ता प्रयोगधर्मी आन्दोलनका माध्यमले नयाँ शैली संरचना अङ्गालेर यस अवधिका कविता सरल, स्पष्ट र समसामयिक उत्पीडन, दमन, विकृति र विसङ्गतिलाई पर्दाफास गर्ने हुनुपर्दछ भन्ने मान्यताका साथ कविहरू लागि परेका छन् ।

२०३६ सालको राजनीतिक परिवेशसँग गाँसिएको सडक कविता क्रान्तिले राजनीतिक स्वतन्त्रताका पक्षमा कविताका माध्यमबाट जनचेतना जगाउन थालेदेखि यताको नेपाली कविता एकदुई जना कविको प्रयासबाट थालिएको धारा नभएर धेरै कविको सामूहिक स्वर र प्रवृत्तिबाट थालिएको धाराका रूपमा समसामयिक धारा देखापर्छ । यो प्रयोगवादी जटिलताका व्यतिरेकमा देखा परेको हालसम्मको सबैभन्दा पछिल्लो कविता धारा हो । यसका २०६६ को प्रारम्भिक मोड, २०४६ को मोड र २०५२/०५३ यताको मोड गरी तीनवटा मोडहरू देखा पर्दछन् । २०६२/२०६३ यता लोकतान्त्रिक गणतान्त्रिक परिवेशको मोडका केही सङ्केत पनि देखिन थालेका छन् । समसामयिक धाराका नेपाली कवितालाई विभिन्न काव्यिक आन्दोलनले पनि प्रभाव पारेका छन् । समसामयिक धाराका नेपाली कवितालाई सरलता, सहजता, सुबोधता, मूर्त र यथार्थ लेखन, युगीन राजनीतिक, सामाजिक, आर्थिक र प्रशासनिक अव्यवस्थाको चित्रण, उपेक्षित मानवमूल्यको खोजी, शसस्त्र द्वन्द्वजन्य परिवेशको यथार्थ चित्रण, पश्चगमन र अग्रगमनको उपेक्षा, उत्तराधुनिक प्रवृत्तिको प्रभाव आदि यस धाराका कवितामा देखिने प्रमुख विशेषता हुन् । सहज, सम्प्रेष्य, सरल बिम्ब र प्रतीकको प्रयोग गर्नु यस धाराका कविको मुख्य वैशिष्ट्य हो । त्यसैगरी समसामयिक राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीति, आर्थिक, सांस्कृतिक परिवेशको जीवन भोगाइका यथार्थ र तिनबाट उत्पन्न विसङ्गतिप्रति व्यङ्ग्य गर्ने प्रवृत्तिगत विशेषता भेट्न सकिन्छ । प्रजातान्त्रिक मूल्य, मान्यता, स्वतन्त्रता र समानताको सार प्रकट गर्नु, भाषाशैली, भाव, चिन्तन, विषय, बिम्ब र प्रतीक आदिको समुचित संयोजनद्वारा शसक्त बनाउने विशेषता पनि यस धाराका कवितामा पाउन सकिन्छ । यस धाराका उल्लेखनीय स्रष्टामा हरिभक्त कटुवाल, क्षेत्रप्रताप अधिकारी, दिनेश अधिकारी, फणिन्द्र नेपाल, विनय रावल, शैलेन्द्र साकार, अशेष मल्ल, विमल निभा, पूर्ण विराम आदि रहेका छन् ।

सारांशमा भन्नुपर्दा समसामयिक धारा नेपाली कविता विकासमा देखिएका सबै धाराहरूको समष्टि रूप हो । यस समसामयिक धारा भित्र धेरै धारा प्रवाहित भइरहेका र विभिन्न साहित्यिक आन्दोलनले यस धारालाई उचालेका छन् । लघुत्तमदेखि बृहत् रूपसम्मका कवितात्मक रूपले विभिन्न प्रवृत्तिलाई अँगाल्दै वर्तमान मानव जीवनका यावत् चित्र उतारेको पाइन्छ । नेपाली कविताको सिद्धान्त, परम्परा, र विकासक्रममा आधारित रहेर तीर्थराज अधिकारीका कविताको विश्लेषण यसै शोधको चौथो परिच्छेदमा भएको छ ।

# तेस्रो परिच्छेद

# तीर्थराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्व

## ३.१ तीर्थराज अधिकारीको जीवनी र व्यक्तित्व

### ३.१.१ जन्म र बाल्यकाल

कवि तीर्थराज अधिकारीको जन्म वि. सं. २००३ कार्तिक ३० गतेका दिन पिता नारायणदत्त अधिकारी र माता रूक्मिणा अधिकारीको कोखबाट लमजुङ चन्द्रेश्वर-७, दुरा डाँडामा भएको हो । आमा बाबुका माहिलो सन्तानका रूपमा जन्मेका अधिकारी सबैका प्रिय थिए । अधिकारीको जन्म मध्यम वर्गीय परिवारमा भएको थियो । यिनका बाबु तत्कालीन समयका जिम्मुवाल भए तापनि मुख्य पेसा कृषि थियो । उनकी आमा एक कुशल गृहिणी थिइन् । बाल्यावस्था उमेरैले खेल्ने अवस्था । त्यसैले यिनी बाल्यावस्थामा विभिन्न किसिमका खेल खेल्ने गर्थे (शोधनायकबाट प्राप्त जानकारी) । यिनी आफ्ना साथीभाइसँग डण्डीबियो, बासको पातामा चिप्लेटी, चप्पल काटेर गुडगुडा बनाउने, गुच्चा खेल्ने जस्ता खेल खेलेको बताउँछन् । सानैदेखि बाबुको रेखदेखमा हुर्केको हुनाले यिनको स्वभाव अत्यन्तै मिजासिलो र अनुशासित थियो । यिनलाई बाल्यकालमा खासै प्रतिकूल अवस्थाको सामना गर्नु परेन ( शोधनायकबाट प्राप्त जानकारी) । बाल्यकालको स्मरण गर्दै कवि भन्दछन् : मेरो एक बाल मित्र छन् ठाकुरप्रसाद न्यौपाने, उनी र म लहैलहैमा कलकत्ता पनि गएका थियौं (ऐजन) ।

समग्रमा भन्नुपर्दा तीर्थराज अधिकारीको बाल्यावस्था आमाबाबु तथा दाजु, दिदी बहिनीले माया गर्ने भएकाले सुखमय र मनोरञ्जनपूर्वक बितेको पाइन्छ ।

### ३.१.२ युवावस्था र शिक्षा दीक्षा

तीर्थराज अधिकारीको युवावस्था पनि राम्रैसँग बितेको पाइन्छ । आफ्ना पिताले कृषि पेसाबाट नै आफ्नो परिवारलाई लालन पालन र शिक्षादीक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उनी बताउँछन् । आफूले कृषि पेसा अँगाले पनि छोरालाई पढाउनु र ठूलो मान्छे बनाउनुपर्छ भन्ने मान्यतामा अधिकारीका बाबुले यिनलाई अनौपचारिक शिक्षाको सुरूवात घरैबाट गराएका थिए । अधिकारीले पाँच वर्षको उमेरदेखि औपचारिक शिक्षाको सुरूवात

गाउँकै विद्यालयबाट गरेका थिए । यिनले प्राथमिक तह, स्थानीय सेवा सदन गिरगिरेबाट पूरा गरेका थिए । यस्तै माध्यमिक तह, सर्वोदय हाइस्कुलबाट २०२१ सालमा उत्तीर्ण गरेका थिए । लमजुङ कलेज कुन्छाबाट प्रमाणपत्र तह पास गरेका अधिकारीले पृथ्वी नारायण क्याम्पस पोखराबाट अध्ययन गरी वि.सं. २०२८ सालमा प्राइभेट परीक्षा दिई स्नातक तह उत्तिण र त्रिभुवन विश्व विद्यालयबाटै वि.सं. २०५० मा परीक्षा दिई स्नातकोत्तर पास गरेको पाइन्छ (शोध नायकबाट प्राप्त जानकारी) ।

### ३.१.३ पारिवारिक जीवन

मध्यमवर्गीय परिवारमा जन्मेका तीर्थराज अधिकारीको पारिवारिक जीवनमा कुनै खटपट भएको पाइदैन । सानैदेखि शालीन, मृदुभाषी र मेहनती अधिकारीले जीवन निर्वाहका लागि सधै मेहेनत गर्ने भएकाले गर्दा उनको पारिवारिक जीवन सुखमय बनेको पाइन्छ । अधिकारीले २०२५ वैशाख १८ गते सिमलचौर चोक चिसापानी तनहुँबाट सीतादेवी अधिकारीसँग गन्धर्व विवाह गरी पारिवारिक जीवनमा प्रवेश गरेका थिए (शोधनायकबाट प्राप्त जानकारी) । उनका एक छोरा र तीन छोरी छन् । सरल स्वभाव, साक्षर, मायालु, र कर्तव्यपरायण यिनकी श्रीमती एक असल गृहिणी हुन्, त्यसैले अधिकारीको पारिवारिक जीवन मेलमिलाप र सुखमय वातावरणका साथ अगाडि बढेको छ ।

मध्यमवर्गीय परिवारमा जन्मेका अधिकारीका आमा बाबुको आजीविकाको मुख्य स्रोत कृषि थियो । यिनले पुर्ख्यौली पेसालाई नअँगाली वि.सं. २०२२ सालदेखि जागिरे जीवनमा प्रवेश गरेका थिए । आफ्नो जीविका चलाउन र पारिवारिक दायित्व वहन गर्न २०२२ सालदेखि २०२७ सालसम्म शिक्षण पेसा अँगालेका अधिकारी नेपाल सरकारको अधिकृतस्तरमा कार्यरत रही उपसचिव पदबाट हाल सेवा निवृत्त छन् । घर परिवारको बारेमा उनी भन्छन्, ‘परिवारबाट अत्यन्तै सन्तोष छ, छोराछोरी अमेरिकामा बस्छन् । कान्छी छोरी मेडिकल डाक्टर हुन्, छोरा इन्जिनियर । सबैको विवाह भइसकेको छ’ (शर्मा, २०६२ : ११) । अहिले अधिकारी संयुक्त राज्य अमेरिकामा आफ्ना छोराछोरी, नाति नातिना र श्रीमतीका साथ जीवन बिताइरहेका छन् ।

### ३.१.४ रूचि र स्वभाव

प्रत्येक व्यक्तिका आ-आफ्नै रूचि तथा स्वभाव हुन्छन् । मानिसको चाहना वा रूचि

अनुसार उसको व्यक्तित्व निर्माण भएको हुन्छ । यिनी साना छँदा खानामा सामान्य दाल, भात, तरकारी र दूध मन पराउँथे (शोधनायकबाट प्राप्त मौखिक जानकारी) । मद्यपान र धूम्रपानबाट टाढै रहेका अधिकारीले प्रायः चिया, कफी पिउने गरेको पाइन्छ । सफा, सुकिलो दौरा सुरूवालमा कोट लगाई ढाका टोपीमा सजिएर हिँड्न मन पराउने यिनी भन्छन् 'म मेरो नेपाली पोशाक नै मन पराउने व्यक्ति हुँ ।' अधिकारीलाई खेलमा भलिबल असाध्यै मन पर्छ । यिनी हिन्दू धर्ममा अगाध श्रद्धा राख्ने व्यक्ति हुन् । त्यसैले भगवान्प्रति सदा समर्पित होस् भन्ने आशयले यिनका पितामाताले यिनको नाम तीर्थराज राखेको बताउँछन् ।

तीर्थराज अधिकारीको स्वभाव सानैदेखि अत्यन्त मृदुभाषी, मिलनसार, शालीन र शिष्ट रहेको पाइन्छ । आफू र अरूलाई पनि अनुशासनमा राख्नुपर्ने धारणा राख्दछन् । सानालाई माया, ठूलालाई आदर सत्कार गर्ने यिनी अरूले पनि त्यस्तै व्यवहार गरून् भन्ने चाहन्छन् । साहित्यिक व्यक्तित्व भएकाले यिनको स्वभावमा केही गम्भीरता पनि पाइन्छ । साधारण जीवनलाई नै मन पराउने यिनी सधैं आफूलाई सामाजिक सेवामा समर्पित गर्न चाहन्छन् ।

### ३.१.५ पेसा/सेवा

जीवनयापनका क्रममा प्रत्येक मानिसले विभिन्न क्षेत्रमा कार्य गरेको हुन्छ । त्यस्तै तीर्थराज अधिकारीले पनि वि.सं. २०२२ देखि २०२७ सम्म शिक्षण पेसा अँगालेको पाइन्छ । पेसाकै सिलसिलामा २०३२ सालमा लोकसेवा आयोगको परीक्षा पास गरी निरन्तर रूपमा नेपाल सरकारको अधिकृतस्तरको जागिर खाएका थिए । साथै उक्त सेवाबाटै उपसचिव सम्मको पद समालेका अधिकारी हाल सेवा निवृत्त छन् ।

### ३.१.६ भ्रमण

मानिस स्वभावैले नयाँ-नयाँ ठाउँ घुम्न र डुल्न मन पराउँछ जसमध्येका तीर्थराज अधिकारी पनि एक हुन् । यिनी जागिरे अवस्थामा स्वदेशका विभिन्न जिल्लासँग परिचित छन् । साथै विदेशका पनि केही ठाउँ जस्तैः थाइल्याण्ड, बर्मा, बंगालादेश, भारत, बेलायत, फ्रान्स, तथा अमेरिका आदिको भ्रमण गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । यिनले गरेका विदेशी राष्ट्रहरूको भ्रमणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :–

**तालिका नं. १**

| क्र.स. | मुलुक | भ्रमणको सन्दर्भ | साल |
|---|---|---|---|
| १ | थाइल्याण्ड | अध्ययन भ्रमण | २०४० |
| २ | बङ्गलादेश | अध्ययन भ्रमण | २०६० |
| ३ | भारत | घुमफिर, अन्तर्राष्ट्रिय तालिम | २०२१ देखि पटक-पटक |
| ४ | बेलायत | घुमफिर | २०६२ |
| ५ | फ्रान्स | घुमफिर | २०६४ |
| ६. | अमेरिका | पारिवारिक भेटघाट | २०६२ देखि २०७२ पटक-पटक |

यसरी देश विदेशमा भ्रमण गर्दा त्यहाँको जनजीवन, रहनसहन रीतिरिवाज तथा संस्कृतिको गहिरो अध्ययन गर्ने र त्यहाँको ऐतिहासिक धार्मिक, सांस्कृतिक विषयका तथ्यको खोजी र अन्वेषण गर्ने भएकाले तीर्थराज अधिकारीले ती विषयमा राम्रो ज्ञान हासिल गरेको देखिन्छ ।

### ३.१.७ सम्मान तथा पुरस्कार

तीर्थराज अधिकारी नेपाली साहित्यको क्षेत्रमा निरन्तर लागिरहेका स्रष्टा हुन् । साहित्य साधनामा लागेकै कारण अधिकारीले विभिन्न सम्मान, पुरस्कार र पदकले सम्मानित हुने अवसर पाएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

- विभिन्न सङ्घसंस्थाबाट दुई दर्जन बढी सम्मान-पत्र, प्रशंसा-पत्र र कदर-पत्र प्राप्त,
- जिल्ला स्तरीय खुल्ला कविता प्रतियोगिता सान्त्वना (२०२६),
- प्रवल गोरखा दक्षिण बाहु (२०५५),
- झुल्का पत्रिकाको सम्पादन गरी साहित्य साधनामा पुऱ्याएको योगदानको कदर स्वरूप राष्ट्रपति डा. रामवरण यादवको बाहुलीबाट सम्मान (२०६७),
- गीताञ्जली साहित्य परिवारद्वारा सम्मान (२०६८),
- सङ्घर्षमा कलम साहित्य समाज पोखराद्वारा सम्मान (२०७०),
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजद्वारा सम्मान (२०७२) ।

### ३.१.८ विभिन्न सङ्घ-संस्थामा आबद्धता

तीर्थराज अधिकारी नेपाली साहित्य क्षेत्रको विकास र विस्तारका लागि सदैव अग्रसर भइरहने व्यक्तित्व हुन् । साहित्यका साथ साथै सामाजिक कार्यमा पनि आफूलाई परिचालन गर्न रूचि राख्ने यिनले विभिन्न साहित्यिक तथा सामाजिक सङ्घसंस्थामा आवद्ध भएर काम गरेका छन् । यिनी जागिरे जीवनको क्रममा जहाँ पुग्थे त्यहाँ साहित्यिक सङ्घसंस्था स्थापनाका लागि आवश्यक सहयोग र सल्लाह दिन्थे । यिनको साहित्यिक सङ्घ-संस्थामा आवद्धता र साहित्यिक योगदानलाई निम्नानुसार तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ :-

**तालिका नं. २**

| क्र.स. | पद | आवद्ध सङ्घ संस्था |
|---|---|---|
| १ | अध्यक्ष | सर्वोदय हाइस्कुल विद्यार्थी युनियन (२०२०) । |
| २ | सभापति | लमजुङ कलेज विद्यार्थी युनियन (२०२२) । |
| ३ | सभापति | लमजुङ पुस्तकालय सञ्चालक समिति (२०२३) । |
| ४ | प्रथम उपसभापति | लमजुङ जिल्ला युवक सङ्गठन (२०२३) । |
| ५ | सदस्य | पृथ्वी नारायण क्याम्पस विद्यार्थी युनियन (२०२४) । |
| ६ | प्रधान सम्पादक | झुल्का पत्रिका जिरी, अङ्क १ (२०२७) । |
| ७ | सम्पादक | पातले छाँगो, अङ्क १ (२०२७) । |
| ८ | सल्लाहकार | पोखरा रिभ्यु अङ्क १ (२०३९) । |
| ९ | सदस्य | कर्मचारी मिलन केन्द्र पोखरा (२०४९) । |
| १० | सहायक सम्पादक | पाल्ही नन्दन अङ्क १ (२०५१) । |
| ११ | अध्यक्ष | अफिर्सस क्लब नवलपरासी (२०५०-०५२) । |
| १२ | अध्यक्ष | कर्मचारी मिलन केन्द्र पर्सा (२०५३) । |
| १३ | अध्यक्ष | कर्मचारी मिलन केन्द्र धादिङ (२०५४) । |
| १४ | संस्थापक/सल्लाहकार | गीताञ्जली साहित्य परिवार । (२०५९ देखि निरन्तर) । |
| १५ | अध्यक्ष | लमजुङ पोखरा सम्पर्क समिति (२०६१) । |
| १६ | अध्यक्ष | सामीप्य समाज नेपाल (२०६२) । |
| १७ | सल्लाहकार | पूर्व कर्मचारी सेवा परिषद् कास्की (२०६६ हालसम्म) |
| १८ | संस्थापक सदस्य | साहित्य समाज परासी । |

| | | |
|---|---|---|
| १९ | संस्थापक सदस्य | प्रभात काव्य यात्रा वीरगञ्ज । |
| २० | संस्थापक सदस्य | धादिङ साहित्य समाज । |
| २१ | आजीवन सदस्य | जनमत वाङ्मय प्रतिष्ठान । |
| २२ | सल्लाहकार | पोखरेली युवा सांस्कृतिक परिवार । |
| २३ | आजीवन सदस्य | नेपाल मुक्तक प्रतिष्ठान । |

### ३.१.९ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा

साहित्य सिर्जनामा परिवेशको ठूलो प्रभाव रहन्छ । तीर्थराज अधिकारीको साहित्यिक जीवन निर्माणमा पारिवारिक वातावरणको सकारात्मक प्रभाव रहन नसके पनि उनलाई त्यसले असर गरेन, साहित्यले तानिरहेको पाइन्छ । शैक्षिक जागरणका दृष्टिबाट लमजुङ जिल्लाको अग्रणी क्षेत्रको रूपमा रहेको दुराडाँडामा शैक्षिक र बौद्धिक क्रियाकलाप भइरहनु र नेपाली अनुवाद साहित्यमा सफल कवि कोमलनाथ अधिकारी जस्ता कविको काव्य परम्परासमेत रहेकाले पनि यस क्षेत्रमा थुप्रै कविहरूले क्रियाशील हुने अवसर पाएका छन् र कवि अधिकारी पनि यसै परिवेशमा अगाडि बढ्दै आएका छन् (तिमिल्सेना, २०५५ : ८७-८८) । विद्यार्थी अवस्थाबाटै कविता अभ्यासमा लागेका अधिकारी विभिन्न ठाउँमा जागिरे अवस्थामा हिँडडुल गर्दा, घुम्दा त्यहाँको भौगोलिक परिवेश, चालचलन, आर्थिक अवस्था, रमणीय प्राकृतिक वातावरण आदिले साहित्यिक भावना जगाउन प्रेरणा मिलेको देखिन्छ । यसै क्रममा विभिन्न कर्मचारी, कवि साहित्यकारहरूसँगको भेटघाट र सामीप्यले यिनलाई कविता लेखनमा थप प्रेरणा मिल्यो (शोधनायकबाट प्राप्त मौखिक जानकारी) । जसले गर्दा साहित्यिक रचनातर्फ झन् आकर्षित बन्दै गए ।

यसरी भौगोलिक परिवेश, अवस्था र चालचलनले एकातिर कवि मनमा पारेको प्रभाव र अर्कातिर विभिन्न साहित्यिक व्यक्तिसँगको मित्रता एवम् साहित्यिक कृतिको अध्ययन जस्ता पक्षले गर्दा कवि तीर्थराज अधिकारी साहित्य सिर्जनामा आफ्नै जीवनमा घटेका घटना र भोगी आएको समाजबाट प्रभावित रहेको कुरा उनका रचनाका अध्ययनबाट थाहा पाउन सकिन्छ ।

### ३.१.१० साहित्य लेखनको प्रारम्भ र प्रकाशनको थालनी

बाल्यकालदेखि साहित्यप्रति अभिरूचि राख्ने तीर्थराज अधिकारीले गीति कवितात्मक लेखनबाट साहित्य फाँटमा प्रवेश गरेको पाइन्छ । यिनले २०२६ सालमा **झुल्का** पत्रिकामा गीति कविता प्रकाशन गरेर औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । साथै उनी २०२६ सालदेखि नै निबन्ध लेखनमा पनि क्रियाशील छन् । उनको झुल्का पत्रिकामा **जिरी बहुउद्देश्यीय हाइस्कुल हिजो र आज** एक निबन्ध प्रकाशन भएको छ । उनको प्रथम प्रकाशित पुस्तककाकार कृति **जुनकिरी** (२०५३) हो । जुनकिरीबाट कृति प्रकाशन यात्रामा लागेका अधिकारीका **ऐना** (२०५७), **तीन लय तेह्र गीत** (२०६०), **झटारो** (२०७०), **यो कस्को हात हो ?** (२०७०), **लमजुङ्को सम्झना** (२०७१) भीसीडी र मुक्तकको अङ्ग्रेजी संस्करण **JHATARO** (२०७२) जस्ता गीति कविता, कविता र मुक्तक कृतिहरू प्रकाशित भइसकेका छन् भने **विरिमफुल** मुक्तक सङ्ग्रह प्रकाशोन्मुख रहेको छ ।

तीर्थराज अधिकारी बाल्यकालदेखि नै कविता लेखनको अभ्यास गरेका स्रष्टा हुन् । यिनले रचना गरेको पहिलो रचना **गीत** शीर्षकको गीति कविता हो । गीति कविता प्रकाशन गरेबाट अधिकारी नेपाली साहित्यमा औपचारिक रूपमा पाइला टेकेका हुन् । त्यसपछि उनले साहित्यका विभिन्न विधा र सो बाहेक साहित्येतर धर्म, दर्शन, राजनीतिक लेख, यात्रा निबन्ध आदिमा कलम चलाए (गौतम, २०७० : २) । जागिरे जीवनमा निरन्तर साहित्य साधनामा लाग्न नपाएका अधिकारी सेवा निवृत्त जीवन पूर्ण रूपमा साहित्यमा लगाएर बिताएका छन् । उनका पछिल्ला तीन कृति सेवा निवृत्त भएपछि प्रकाशन भएका कृति हुन् । यसरी कृति प्रकाशनमा लागेका अधिकारीको साहित्यिक यात्राको विधागत अध्ययन गर्दा यिनी कविता विधामा बढी क्रियाशील रहेका छन् ।

यस्तै एक गीति एल्बम प्रकाशनमा ल्याएका अधिकारीका सिर्जना पछिल्लो समय अङ्ग्रेजीमा रूपान्तरण भई विश्व साहित्यका पाठकलेसमेत अध्ययन गर्न पाउने भएका छन् । अधिकारीको झटारोको प्राध्यापक भोजराज न्यौपानेले अङ्ग्रेजीमा रूपान्तरण गरेर नेपाल मुक्तक प्रतिष्ठानको सहयोगमा झटारोको अङ्ग्रेजी संस्करण सीतादेवी अधिकारीले प्रकाशन गरेकी छन् (बास्तोला, २०७२ : ६) । उनका प्रकाशित पुस्तकाकार कृति तथा पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाको सूचीलाई निम्नानुसार छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिन्छ :-

तालिका नं. ३

## पुस्तकाकार कृति

| क्र.स. | कृतिको नाम | विधा | प्रकाशक | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | जुनकिरी | कविता सङ्ग्रह | सीतादेवी अधिकारी | २०५३ |
| २ | ऐना | कविता सङ्ग्रह | सीतादेवी अधिकारी | २०५७ |
| ३ | तीन लय तेह्र गीत | गीति सङ्ग्रह | गीताञ्जली साहित्य परिवार | २०६० |
| ४ | झटारो | मुक्तक सङ्ग्रह | सीतादेवी अधिकारी | २०७० |
| ५ | यो कस्को हात हो ? | कविता सङ्ग्रह | सीतादेवी अधिकारी | २०७० |
| ६. | लमजुङको सम्झना | आधुनिक गीत सङ्ग्रह | सीतादेवी अधिकारी | २०७१ |
| ७. | JHATARO | मुक्तक सङ्ग्रह | सीतादेवी अधिकारी | २०७२ |
| ८. | विरिमफूल (प्रकाशोन्मुख) | मुक्तक सङ्ग्रह | सीतादेवी अधिकारी | २०७२ |

**तालिका नं. ४**

फुटकर रूपमा प्रकाशित रचनाको कालक्रमिक सूची

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत र साल |
|---|---|---|---|
| १. | जिरी बहुउददे्श्यीय हाइस्कुल हिजो र आज | निबन्ध | झुल्का, वर्ष १, अङ्क १, २०२६, फागुन जिरी बहुउद्देश्यीय उच्च माध्यमिक विद्यालय, जिरी, दोलखा । |
| २. | गीत | गीति कविता | झुल्का, वर्ष १, अङ्क १, २०२६, फागुन जिरी बहुउद्देश्यीय उच्च माध्यमिक विद्यालय, जिरी, दोलखा । |
| ३. | गीति गजल | कविता | नगर समाचार, २०५३ भदौ २८ वीरगञ्ज |
| ४. | हँसाइदिन्छु | गीत | मिर्मिरे स्मारिका अङ्क १, २०५४ । |
| ५. | बाल कविता | कविता | पोखरा हटलाइन राष्ट्रिय दैनिक पत्रिका, २०५९ मङ्सिर १८, पोखरा । |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत र साल |
|---|---|---|---|
| ६. | मेरो बाल्यकालका अविष्मरणीय क्षण | संस्मरण | अन्तरङ्ग साप्ताहिक, वर्ष ११, अङ्क ३५, २०६० जेठ, लमजुङ । |
| ७. | बेचिदिन्छु म स्वप्ना | कविता | मधुपर्क मासिक, वर्ष ३६, अङ्क ८, पूर्णाङ्क ४१५, पृ.२३, २०६० पुस, काठमाडौं । |
| ८. | खरायोको कान | कविता | मुना मासिक, वर्ष १४, अङ्क ४, पूर्णाङ्क १६० पृ. ८, २०६० चैत । काठमाडौं । |
| ९. | आउ छलफल गरौ | कविता | मधुपर्क मासिक, वर्ष ३७, अङ्क १२, पूर्णाङ्क ४३१, पृ.९३, २०६२ वैशाख, काठमाडौं । |
| १० | शुभकामना | मन्तव्य | झुल्का, वर्ष ३, अङ्क ३, २०६२, फागुन जिरी बहुउद्देश्यीय उच्च माध्यमिक विद्यालय, जिरी, दोलखा । |
| ११ | साहित्यिक आँखामा संविधानवाद | निबन्ध | श्रीगीताञ्जली, स्वर्ण स्मारिका, गीताञ्जली साहित्य परिवार, २०६३, फागुन, पोखरा । |
| १२ | विश्व परिवेशको सन्दर्भमा नेपालको वातावरणीय अवस्था | निबन्ध | पोखरा हटलाइन, राष्ट्रिय दैनिक पत्रिका २०६४ असोज २, पोखरा । |
| १३ | मेरो मानस पटलमा अमेरिका | नियात्रा | गीताञ्जली साहित्यिक पत्रिका, वर्ष ६, पूर्णाङ्क ६, २०७० वैशाख, पोखरा । |
| १४ | इज्जत | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० असार ७, पोखरा । |
| १५ | समयले जन्माउँछ नेता | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० भाद्र ३०, पोखरा । |
| १६. | केले कस्लाई कहाँ पुऱ्याउँछ | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० असोज १७, पोखरा । |
| १७. | परोपकार | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० कार्तिक ६, पोखरा । |

| क्र.स. | शीर्षक | विधा | प्रकाशन स्रोत र साल |
|---|---|---|---|
| १८. | सबैको पेटमा एउटा किताब | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० कार्तिक २१, पोखरा । |
| १९. | भिजन | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० कार्तिक २७, पोखरा । |
| २०. | शून्य देखियो राजनीतिक आकाश | राजनीतिक टिप्पणी | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० पुष १, पोखरा । |
| २१. | संविधान सभा संविधान र संविधानवाद | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० पौष ९, पोखरा । |
| २२. | कस्तो विडम्बना ! | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० माघ ७, पोखरा । |
| २३. | प्रजातन्त्र दिवस | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० फागुन ७, पोखरा । |
| २४. | स्मृत सन्दर्भ | संस्मरण | रजस्थल त्रैमासिक पत्रिका, २०७० चैत, स्याङ्जा । |
| २५. | फेरि अर्को खिचलो | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७० चैत १३, पोखरा । |
| २६. | अनुभूति एक विषय अनेक | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७१ वैशाख ८, पोखरा । |
| २७. | रचनात्मक युवा शक्तिको खाँचो | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७१ वैशाख २७, पोखरा । |
| २८. | विशाल अफ्रिकाको दाग | निबन्ध | आदर्श समाज, राष्ट्रिय दैनिक पत्रिका २०७१ जेठ ५, पोखरा । |
| २९. | शान्ति लिएर आऊ | कविता | पोखरा विमर्श, साप्ताहिक, २०७१ असोज १२, पोखरा |
| ३०. | केही मुक्तक | मुक्तक | हिमशिखर पत्रिका, २०७२, कात्तिक पोखरा |
| ३१. | मुक्तकहरू | मुक्तक | गोल्डन न्यूज दैनिक पत्रिका २०७२ मङ्सिर ४, पोखरा । |

### ३.२ तीर्थराज अधिकारीको साहित्येतर व्यक्तित्व

प्रत्येक व्यक्तिका जीवनका विभिन्न पाटा हुन्छन् । शारीरिक व्यक्तित्व सँगसँगै साहित्य जीवनको एक पाटो हो । यसभन्दा भिन्न व्यक्तिका सामाजिक, राजनीतिक, धार्मिक, शैक्षिक क्षेत्रसँग सम्बन्धित पाटासँग सम्वद्ध व्यक्तिको व्यक्तित्वलाई साहित्येतर व्यक्तित्वका रूपमा लिन सकिन्छ । तीर्थराज अधिकारी एक चर्चित व्यक्ति हुन् । यसै कारणले साहित्यिक व्यक्तित्वका अतिरिक्त उनको साहित्येतर व्यक्तित्वका पनि त्यत्तिकै विविध पाटा रहेका छन् । यहाँ यिनै विविध पाटालाई क्रमशः विश्लेषण गरिएको छ :-

#### ३.२.१ शारीरिक व्यक्तित्व

करिब ५ फिट ४ इन्च उचाइका अधिकारी गहुँगोरो वर्णका रहेका छन् । लाम्चो आकारको अनुहार, भलाद्मी मुख मुद्रा, कालो छोटो कपाल, दौरा सुरूवाल माथि कालो कोट लगाउने, शिरमा भादगाउँले टोपी कहिल्यै नटुट्ने र देख्दैमा धेरै ज्ञानवान् जस्ता देखिनु अधिकारीका बाह्य विशेषता हो । जहिले पनि आदरका साथ मिठास शैलीमा बोल्ने, शान्त प्रकृतिको स्वभाव भएका अधिकारीको जीवन अत्यन्त सुखी र खुसी देखिन्छ । यिनी यथार्थ र सत्यलाई बढी जोड दिन्छन् । इमान्दार, राष्ट्रसेवक, असल पति, लगनशील पिता, चरित्रवान् पात्रको छवि यिनमा देख्न पाइन्छ । उमेरको उत्तरादर्धमा आइपुग्दा पनि विचार र कर्म प्रतिको निष्ठामा निरन्तर लागिरहने अधिकारी आफन्त, साथीभाइका अत्यन्त प्रिय पात्र बनेर रहेका छन् ।

#### ३.२.२ प्रशासक व्यक्तित्व

प्रशासनिक काम आफैमा महत्त्वपूर्ण र जिम्मेवारीपूर्ण हुन्छ । सम्पूर्ण कार्यालयकै जिम्मा लिएर कर्मचारी तथा सेवाग्राहीको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दै जाँदा विविध बाधा उत्पन्न हुने गर्दछन् । कुशल प्रशासकले त्यस्ता बाधालाई विभिन्न प्रक्रिया अवलम्बन गरी समस्याको निराकरण गर्दछन् । तीर्थराज अधिकारी एक कुशल प्रशासनिक क्षमता भएका व्यक्ति भएकाले सोही अनुरूप कार्य गरेको देखिन्छ । तीर्थराज अधिकारीले २०३२ सालमा शाखा अधिकृतबाट सरकारी सेवामा प्रवेश गरेका थिए । सरकारको अधिकृतस्तरको त्यही पदलाई निरन्तरता दिँदै जागिरे जीवनको अन्तिम अवस्थामा उपसचिवको पद सम्हालेका अधिकारी हाल सेवाबाट निवृत्त भइसकेका छन् । यिनको कार्य कुशलता र सन्तुष्टिले गर्दा नेपाल सरकारले उनलाई गोर्खा दक्षिण बाहुबाट सम्मान गरेको

छ । यस्तै यिनले विभिन्न देशमा सेमिनार, तालिम, गोष्ठीमा भागसमेत लिएका छन् ।

### ३.२.३ सामाजिक व्यक्तित्व

समाजसेवा नै सबैभन्दा उच्च धर्म हो । मानिसले यस पृथ्वीमा जन्म लिएपछि समाजमा केही गर्नु पर्दछ । केही गरेर मात्र त्यसको प्रतिफल प्राप्त हुन्छ तर प्रतिफल प्राप्त हुन्छ भन्दैमा धेरै आशा राख्नु हुँदैन । निश्छल र स्वतस्फुर्त भावनाबाट सिर्जित सेवाको फल असाध्यै मिठो हुन्छ । आफ्नो व्यवहार निष्कपट र निष्कलङ्क रहेमा त्यस्तो व्यक्ति सम्पूर्ण समाजको ग्राह्य हुन्छ । सोचाइ, बोलाइ र व्यवहार सकारात्मक हुनका लागि निर्दोष मस्तिष्कको आवश्यकता पर्दछ । यिनै उदात्त अभिव्यक्ति राख्ने तीर्थराज अधिकारी कुशल समाजसेवी व्यक्ति हुन् ।

प्रबल गोरखा दक्षिण बाहु पदकद्वारा विभूषित हुनुभन्दा अगाडि नै अधिकारी सामाजिक सेवामा सक्रिय थिए । अफिसर्स क्लब नवलपरासीको अध्यक्ष, कर्मचारी मिलन केन्द्र, वीरगञ्ज कर्मचारी मिलन केन्द्र धादिङको अध्यक्ष पदमा रहँदा सो मिलन केन्द्रलाई सशक्त पारेको कुरा कर्मचारी जगत्मा चर्चाको विषय बन्ने गरेको पाइन्छ । त्यस्तै यसका अलवा तीर्थराज अधिकारीले गाउँघरका सामाजिक सरोकारका कार्य जस्तै अस्थायी पुल निर्माण, विद्यालय निर्माण, स्वास्थ्य चौकी निर्माण, बाटोघाटो सरसफाई र मर्मत सुधारमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । कर्मचारी मिलन केन्द्रमा सक्रिय रही उल्लेखनीय काम गरेका अधिकारीलाई जिल्लावासीले अभिनन्दनसमेत गरेका थिए ।

### ३.२.४ राजनीतिक व्यक्तित्व

तीर्थराज अधिकारी राजनीतिक रूपमा सक्रिय व्यक्तित्व भने होइनन् । तापनि विद्यार्थी जीवनमा उनी पृथ्वी नारायण क्याम्पसमा विद्यार्थी युनियनको सदस्य (२०२४) भई कार्य गरेको देखिन्छ । उनले २०१८ सालमा विद्यार्थी जीवन मै राजनीतिमा लागेका कारणले छ महिना जेल सजाय भोगेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) यसै आधारमा उनी राजनीतिक व्यक्तित्वका रूपमा समेत देखिएका छन् ।

### ३.२.५ सम्पादकीय व्यक्तित्व

तीर्थराज अधिकारी लेखक मात्र नभएर सम्पादक पनि हुन् । उनले आफ्ना साहित्यिक

कृति प्रकाशन भन्दा अगाडि नै सम्पादक भएर काम गरिसकेका थिए । उनी २०२६ सालदेखि सम्पादन कार्यमा आवद्ध छन् । उनले पुस्तकाकार कृति सम्पादन नगरे तापनि जिरीबाट प्रकाशित **झुल्का** पत्रिका अङ्क १ को प्रधान सम्पादक, **पाताले छाँगो** अङ्क १ को सम्पादक र **पाल्ही नन्दन** पत्रिकाको सम्पादक रहेर काम गरेका छन् । यिनै पत्रिकाको सम्पादन कार्य गरेका आधारमा अधिकारीलाई सम्पादक व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

### ३.२.६ अध्यापक व्यक्तित्व

तीर्थराज अधिकारीका व्यक्तित्वका विभिन्न पाटामध्ये अध्यापक व्यक्तित्व पनि एक हो । अधिकारीले वि.सं. २०२२ सालदेखि वि.स. २०२७ सालसम्म पाँच वर्ष श्री सर्वोदय हाइस्कुल दुराडाँडा लमजुङ, जिरी बहुद्देश्यीय हाइस्कुल जिरी दोलखा र शान्ति हाइस्कुल कुन्छा लमजुङमा अध्यापन कार्य गरेको पाइन्छ ।

## ३.३. साहित्यिक व्यक्तित्व

कवि तीर्थराज अधिकारी विद्यार्थी अवस्थादेखि नै कविता लेख्ने गर्दथे । समसामयिक नेपाली कविताको सन्दर्भमा अधिकारी चालिसको दशकपछिका स्रष्टा हुन् । यिनका साहित्यिक कृतिको अध्ययन, विश्लेषण, मूल्याङ्कन गर्दा वि.सं. २०२६ सालमा **झुल्का** पत्रिकामा गीति कविता नामक **गीत** र **जिरी बहुउद्देश्यी हाइस्कुल हिजो र आज** शीर्षकको निबन्ध प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । यसरी कविता र निबन्धबाट साहित्य साधनामा लागे तापनि मुख्य रूपमा कविता विधाकै उप विधाका रूपमा रहने कविता, गीत, गजल, मुक्तक लेखनमा उल्लेख्य देन दिने अधिकारीको साहित्यिक योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा राखी अध्ययन गरिएको छ ।

### ३.३.१ कवि व्यक्तित्व

तीर्थराज अधिकारी साहित्यका विविध विधामध्ये कविता विधामा नै कलम चलाएकाले यिनी कवि हुन् । वि.सं. २०२६ सालमा जिरी बहुउद्देश्यीय उच्च माध्यमिक विद्यालय, जिरीको वार्षिक प्रकाशन **झुल्का** पत्रिकामा **गीत** शीर्षकको गीति कविता प्रकाशित गरी गीतका क्षेत्रबाट नेपाली साहित्यमा प्रवेश गरेका यिनका **जुनकिरी** (२०५३), **ऐना** (२०५७), **तीन लय तेह्र गीत** (२०६०) **झटारो** (२०७०), **यो कस्को हात हो** (२०७०),

**JHATARO** (२०७२) अङ्ग्रेजी मुक्तक सङ्ग्रह गरी छ वटा कृतिहरू प्रकाशित भएका छन् । यिनले आफ्ना कवितामा समाजमा देखा परेका विविध प्रवृत्तिलाई कविताको संरचनामा ढालेका छन् । उनले आफ्ना कवितामा कतै राजनीतिक, कतै सामाजिक विसङ्गति, कतै आशा र निराशा तथा कतै विद्रोह, कतै हास्यव्यङ्ग्य जस्ता पक्षहरू उद्घाटित गरेका छन् । यसका अतिरिक्त कवि अधिकारीले देखे भोगेका र अनुभव गरेका अनुभूति आफ्ना कृतिमा समेटेका छन् । उनको लेखन शैली र प्रस्तुतिमा नितान्त निजीपन पाइन्छ । लमजुङ जिल्लाको भाषिक परिवेशले यिनका कविता लेखन शैलीलाई निजत्व प्रदान गरेको छ । त्यसैले यिनीलाई सामाजिक यथार्थवादी कविका रूपमा चिन्न सकिन्छ । संरचनाका दृष्टिबाट यिनका अधिकांश कविता गद्य लयका छन् भने कतिपय कविताहरू पद्यात्मक लय र कतिपय कविताहरू नेपाली झ्याउरे छन्दमा छन् (तिमिल्सेना, २०६५ : ८८) ।

### ३.३.२ गजल तथा गीतकार व्यक्तित्व

तीर्थराज अधिकारी सानै उमेरदेखि गीत सङ्गीतप्रति चासो राख्ने स्रष्टा हुन् । वर्तमानसम्म आइपुग्दा अधिकारी मूलतः गीतकारका रूपमा चिन्न सकिन्छ । यिनले वि.सं. २०६० मा **तीन लय तेह्र गीत** नामक गीति सङ्ग्रह प्रकाशन गरेर गीत सङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । बढी मात्रामा आधुनिक गीत सुन्न मन पराउने अधिकारीले आफ्नो यस गीति सङ्ग्रह भित्र तीजे भाकाका प्रशस्त गीत समावेश गरेका छन् । स्वर सम्राट नारायण गोपालका गीत बढी मात्रामा सुन्न मन पराउने अधिकारीले आधुनिक गीतप्रतिको रूचि सदैव रहेको कुरा बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

पछिल्लो समय अधिकारीको श्याम शुक्ला इन्टरटेन्मेन्टले बजारमा ल्याएको आधुनिक गीति एल्बम **लमजुङको सम्झना** भीसीडीमार्फत गीतकारका रूपमा आफ्नो छुट्टै स्थान बनाएका छन् । चारवटा गीतको सङ्गालो **लमजुङको सम्झना** (२०७१) गीति सङ्ग्रहमा अधिकारीले आफ्नो जन्म गाउँको सम्झनालाई गीतमा पोखेका छन् । जुन भीसीडीमा **बिर्सेको छैन पाउँदी दोभान, सुसेलीले बोलाउँ भने, खाजाको पोको, जाने भए मात्र** गरी चारवटा गीत गजल समावेश छन् । प्रख्यात पोखरेली गायिका हरिदेवी कोइराला, पद्मराज ढकाल, काजी गाउँले, उज्ज्वल भण्डारी, सावित्री शाही र सीतादेवी अधिकारीको स्वर रहेको उक्त गीतमा धन बहादुर गुरूङ, सागर शाह र तारानाथ आचार्यले सङ्गीत भरेका छन् ।

यस्तै अधिकारीका प्रकाशित **जूनकिरी, ऐना र यो कस्को हात हो** ? पुस्तकाकार कृति

भित्र केही गजल तथा गीत समेटिएका छन् । गजल सङ्ग्रह नै प्रकाशित नगरे पनि अधिकारी एक सफल गजलकार हुन् भन्ने कुरा यिनै सङ्ग्रह भित्रका गजलले व्यक्त गरेका छन् । यिनले कतै आफ्ना गजलमा सुसेलीले बोलाउन भने भनेर मायालु भाव व्यक्त गरेका छन् । कतै देशमा जताततै बेइमानी प्रवृत्ति बढेको कुरा देखाउँदै देश निर्माणको कार्यमा लागेका व्यक्तिबाटै अनैतिक कार्य भएको बताएका छन् । यस्तै अधिकारीले आफ्ना गजलमा आफ्नै भाइ-भाइमा विश्वास कम हुँदै गएकाले एकले अर्कालाई समाप्त पार्ने प्रवृत्ति बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन् । आज भोलि राष्ट्रियता कमजोर बन्दै गएको कुरालाई व्यङ्ग्यात्मक रूपमा गजलका माध्यमबाट व्यक्त गरेका छन् ।

### ३.३.३ मुक्तककार व्यक्तित्व

सानै उमेरदेखि कविता लेख्न मन पराउने तीर्थराज अधिकारी एक सफल मुक्तककार हुन् । यिनको २०७० सालमा प्रकाशित **झटारो** मुक्तक सङ्ग्रह पहिलो पुस्तकाकार मुक्तक कृति हो । सीतादेवी अधिकारीले बजारमा ल्याएको **झटारो** मुक्तक सङ्ग्रहले नेपाली मुक्तक लेखनको क्षेत्रमा महत्त्वपूर्ण योगदान र प्रेरणा प्रदान गरेको पाइन्छ । एक सय ६० वटा मुक्तकको सङ्गालो **झटारो** मुक्तक सङ्ग्रह भित्रका मुक्तकमा अन्तर्वस्तु, भाव, विचार र कथ्यका दृष्टिले विविधतामय पाइन्छ । यिनका मुक्तकले वर्तमान परिवेशलाई बढी सम्बोधन गरेका छन् । देशका तमाम बेथितिप्रति व्यङ्ग्य गरिएका मुक्तकले जीवन जगत्का यावत् परिदृश्य, प्रकृति, संस्कृति, धर्म, दर्शन, प्रेम भाव, राष्ट्र, समाज, अर्थ व्यवस्था साथै वर्तमानका राजनीतिक, सामाजिक, आर्थिक आदि क्षेत्रमा देखिएका सङ्गतिहीनता र भ्रष्टाचारका पक्षलाई झटारो हानेका छन् ।

### ३.३.४ निबन्धकार व्यक्तित्व

तीर्थराज अधिकारी निबन्धकार व्यक्तित्व पनि हुन् । उनले दोलखाको जिरीबाट प्रकाशित झुल्का पत्रिकामा २०२६ सालमा **जिरी बहुउद्देश्यीय हाइस्कुल हिजो र आज** शीर्षकको निबन्ध प्रकाशन गरेर निबन्ध लेखन थालेका हुन् । यस्तै पछिल्लो समय उनले पोखराबाट प्रकाशित आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न समय सान्दर्भिक निबन्धहरू प्रकाशन गरेका छन् ।

### ३.४ जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच अन्तर सम्बन्ध

तीर्थराज अधिकारीको जीवनी र व्यक्तित्वलाई सर्वेक्षण गर्दा उनी जन्मेको स्थान, सामाजिक वातावरण, रहनसहन, घर परिवार, जागिर तथा सङ्घसंस्थामा काम गर्दाको अनुभव, घरपरिवार, देश विदेशको यात्रा जस्ता विविध पक्षको प्रभावबाट नै साहित्य लेखन कार्य आरम्भ भई क्रमशः विस्तारित र विकसित भएको देखिन्छ । मध्यम वर्गीय परिवारमा जन्मेका अधिकारीको साहित्यिक जागरण भने यिनको आन्तरिक इच्छाशक्ति नै हो । यसलाई अझ सशक्त पार्ने काम कवि अग्रज कोमलनाथ सुवेदीको प्रेरणा र प्रभाव, यिनले प्राप्त गरेको शिक्षा, विभिन्न साहित्यिक कृतिको अध्ययन तथा कविवर तेजनाथ घिमिरेको प्रोत्साहन आदिबाट भएको देखिन्छ । यही परिवेशले यिनलाई साहित्य लेखनतर्फ अभिप्रेरणा जागृत भयो र लेखन कार्यमा संलग्न हुँदै आए (शोधनायकबाट प्राप्त जानकारी) । त्यसैले साहित्य सिर्जनामा पनि सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक विषयको केन्द्रीयता र प्रभाव ज्यादा देखिन्छ ।

जीवनका विभिन्न उकाली ओरालीमा देखिएका विभिन्न रङ्गहरू, धार्मिक, सांस्कृतिक सामाजिक वातावरण र चालचलन बुझेका अधिकारीले यिनै विषय वस्तुमा साहित्य सिर्जना गर्दछन् । विशेष गरी कवितामा रमाएका यिनको कवि व्यक्तित्व नै उच्चतर देखिन्छ । उनका रचनामा भावनाको सरलता र सरसता, देशको वास्तविक चित्रण, राजनीतिक विषयमा हुने छलकपट, शान्तिको उद्घोष र देशभक्तिका पाठ पाइनुका साथै शैली र प्रस्तुतिका ढाँचामा नितान्त निजीपन पाइन्छ । जागिरे जिन्दगीबाट बचेकुचेको समयलाई साहित्य सिर्जनामा लगाई सफल सामाजिक यथार्थवादी कविका रूपमा यिनले साहित्य साधनामा करिब साँढे दुई दशक बिताइसकेका छन् । जागिरे जीवनबाट निवृत्त भए पनि अधिकारी साहित्यिक गतिविधि तथा सामाजिक कार्यमा निरन्तर लागिरहेको पाइन्छ । यस्ता परिश्रमी, साधनारत अधिकारीको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाका बीचमा सुमधुर अन्तर सम्बन्ध भएको पाइन्छ ।

### ३.५ निष्कर्ष :

लमजुङको चन्द्रेश्वर-७, दुराडाँडा निवासी पिता नारायणदत्त अधिकारी र माता रूक्मिणा अधिकारीको कोखबाट वि. सं. २००३ कार्तिक ३० गते माहिला सन्तानका रूपमा जन्मेका तीर्थराज अधिकारीको बाल्यकाल दुराडाँडामा नै बित्यो । मध्यमवर्गीय परिवारमा

जन्मेका अधिकारीका बाबु तत्कालिन गाउँका जिम्मुवाल भए तापनि मुख्य पेसा कृषि थियो, आमा कुशल गृहिणी थिइन् । उनी जिम्मुवालका माइला छोरा बनेरै बाल्यकाल बिताए । घरबाट अक्षर चिन्न सुरू गरेका यिनले नेपालबाटै उच्च शिक्षा हासिल गरे । गाउँकै विद्यालयबाट प्राथमिक तह पूरा गरेका अधिकारी सर्वोदय हाइस्कुल, लमजुङ कलेज र पृथ्वी नारायण क्याम्पस हुँदै आफ्नो उच्च शिक्षा पूरा गर्ने अभिलाषालाई अगाडि बढाइरहे । वि.सं. २०२८ मा स्नातक उत्तिर्ण गरेका अधिकारीले अगाडि बढ्दै जाँदा जीवन सोझो र सिधा रेखा मात्रै होइन भन्ने अनुभूत यही समयमा राम्ररी गरिसकेका थिए । उनलाई थाहा भयो, जीवन घुमाउरा, अप्ठ्यारा र कहाली लाग्दा गल्छेडा पार गरेरै जानु पर्ने रहेछ भन्ने । अधिकारीले आजको जस्तो सुखद् जीवन पाउनका लागि कति मेहेनत गरे भन्ने कुरा शब्दमा लेखेर कहिल्यै सकिदैनन् । वि.सं. २०२२ देखि २०२७ सम्म शिक्षण पेसा अँगालेका अधिकारीले जति विद्यार्थीलाई आफूले जानेको सीप सिकाए त्यति नै ती पाठशालाबाट आफूले पाठ सिकेर अगाडि बढ्दै गए । जम्मभूमिको आसपास मात्रै होइन, उनी जीवन यापनको नौका खियाउँदै दोलखाको जिरीसम्म पूगेर अध्यापन गराई आफूलाई शिक्षासेवीका रूपमा चिनाए । सोही समय उनले **झुल्का** पत्रिकाको सम्पादन गरेर साहित्य र शिक्षा सेवामा सँगसँगै लाग्न थाले । राजनीतिशास्त्र र अर्थशास्त्र विषयमा स्नातकोत्तर सम्मको अध्ययन गरेका यिनी २०३२ सालमा नेपाल सरकारको अधिकृत सेवामा प्रवेश गरी निरन्तर देश र जनताको सेवा गर्दै अगाडि बढिरहे । हाल उपसचिवबाट सेवा निवृत्त भई बसेका अधिकारी जागिरकै सिलसिलामा देश विदेशको भ्रमण गरेका छन् । अधिकारी विभिन्न मान पदवी तथा सेवा पदकबाटसमेत विभूषित भएका छन् । तीर्थराज अधिकारी मध्यमवर्गीय व्यक्ति हुन् । हाल यिनको श्रीमतीका साथमा सुन्दर नगरी पोखरा उपमहानगरपालिका वडा नं. १० रामघाटमा स्थायी बसोबास रहेको छ । वि.सं. २०२६ बाट **गीत** शीर्षकको गीतिकविता प्रकाशन पछि सार्वजनिक रूपमै साहित्य यात्रा आरम्भ गरेका अधिकारीको आफ्नै आन्तरिक साहित्यिक उर्जाको प्रेरणाबाट हालसम्म छ वटा पुस्तकाकार कृति र दर्जनौं लेख रचना प्रकाशित भइसकेका छन् । तीर्थराज अधिकारीको साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्व पनि उत्तिकै चाखलाग्दो रूपमा अगाडि बढेको छ । यिनी कुशल प्रसाशक मात्र नभई समाजसेवी, सम्पादक र अध्यापक व्यक्तित्व हुन् । सिर्जनामा प्रकृति, समाज र आफ्नै जीवनका उकाली ओराली, र कार्य गर्दा प्राप्त गरेका अनुभव अनुभूति, शिक्षा, मातृभूमिको अघोर माया विकृति र विसङ्गतिप्रतिको विरोध पाइन्छ ।

# चौथो परिच्छेद

# तीर्थराज अधिकारीका कविताको अध्ययन

## ४.१ अन्तर्वस्तु विश्लेषण

नेपाली वाङ्मयको क्षेत्रमा तीर्थराज अधिकारीले कविता, गीत, गजल, निबन्ध र कविता लगायतका विविध विधामा कलम चलाएको पाइन्छ । विविध विधामा उनको कलम चले तापनि उनको मूल विधा भनेको कविता नै हो । जागिरे जिन्दगीका साथसाथै साहित्य साधनामा लागेका अधिकारीले झण्डै साढे दुई दशकको लामो साहित्यिक यात्रा पार गरिसकेको अवस्था छ । यो अवधिमा उनका छ पुस्तकाकार कृति र एक आधुनिक गीति एल्बम बजारमा आइसकेका छन् । यस्तै उनको सर्वाधिक चर्चामा रहेको **झटारो** मुक्तक कृति अङ्ग्रेजी संस्करणमा प्रकाशन भएको पछिल्लो कृति हो । यस्तै **विरिमफुल** मुक्तक सङ्ग्रह प्रकाशनको सङ्घारमा रहेको मुक्तक कृति हो । सुरूवातका दिनमा आफूलाई यर्थाथवादी कविका रूपमा चिनाएका अधिकारीको कविता यात्रा सामाजिक यथार्थवादतर्फ उन्मुख भएको पाइन्छ । यस्तै उनका कविता झ्याउरे, गद्य र पद्य हुँदै पछिल्ला दिन गद्य लयतर्फ अगाडि बढेका छन् । उनका कविता गुणात्मक दृष्टिले हेर्दा पनि कविता हुन भन्न सकिन्छ । किनभने समाजमा देखा पर्ने विकृति र विसङ्गतिको उनले भण्डाफोर गरेका छन्, देशभक्तिको भावलाई जगाएका छन् । प्रकृतिप्रेम, राष्ट्रप्रेम र मातृप्रेममा रमेका कवि अधिकारीले आफ्ना सिर्जनामा मानवतावादी स्वर र सामाजिक युग जीवनको यथार्थता चित्रण गरेका छन् ।

## ४.२ तीर्थराज अधिकारीका कवितामा प्रेम पक्ष

मानव प्रेमले जन्मिन्छ, हुर्कन्छ र मर्छ । जीवनको आदर्श भनेको नै प्रेम हो । यसैले पनि हुनुपर्छ कवि तीर्थराज अधिकारी प्रेम पक्षको सिर्जना यात्रामा निरन्तर लागिरहेका छन् । कहिले आत्मिक प्रेम त कहिले भौतिक, कहिले प्रकृति प्रेमका सिर्जना त कहिले मातृत्व प्रेमका सिर्जना । कहिले राष्ट्र र राष्ट्रियता प्रतिको प्रेम । यसरी उनले लेखेका विविध सिर्जनालाई अधिकारीका सिर्जनाका पेम पक्ष अन्तर्गत विभिन्न उप-शीर्षक दिएर यसरी

अध्ययन गर्न सकिन्छ;

### ४.२.१ प्रेम पक्ष

कवि तीर्थराज अधिकारीले प्रेमलाई विषय वस्तु बनाएर धेरै कविता, गीत तथा मुक्तक रचना गरेका छन् । मानवीय जीवनको अभिन्न अङ्गका रूपमा रहेको प्रेम पक्षलाई कलात्मक रूपमा प्रस्तुत गर्नु कवि अधिकारीको मुख्य वैशिष्ट हो । प्रेम पक्षलाई कविले **गीत १, २, ३** जस्ता शीर्षकमा विषय वस्तु बनाएका छन् । जस्तोसुकै विध्न बाधा परे पनि जो सुकैले देखे पनि कवि आफ्नी मायालुसँग माया लगाउन चाहना राख्दै भन्छन् :-

*हिमालले रोके पनि*
*आकाशले देखे पनि*
*म त माया लगाइ दिन्छु*
*पहाडले छेके पनि*
*आँखा भरी हेरि दिन्छु*
*मन भरी बसी दिन्छु*
*रातो-रातो रगत बनी*
*मुटु भित्रै पसी दिन्छु*
*हिमालले रोके पनि*
*आकाशले देखे पनि*
*म त माया लगाइ दिन्छु*
*पहाडले छेके पनि*

(जूनकिरी, पृ.६) ।

यस्तै **छाँया मात्रले पनि** गीतमा कवि हाँसो र रूवाइमा पनि आफ्नी मायालुको मुस्कानले जिउने आधार प्रदान गरेको भाव यसरी व्यक्त गर्दछन् :-

*हासो र रूवाइको दोभानमा*
*तिम्रो एक मुस्कान नै*
*मेरा लागि त्राण बनीदिन्छ*

(जूनकिरी, पृ.८) ।

अधिकारीले मायालुलाई साथ लिएर जान पाए फुली कमाइदिने मात्रै बताएका छैनन् । उनका कवितामा जाँड रक्सी खान्न भनेर कबोल गर्ने एउटा प्रेमीको अभिव्यक्ति **जाने भए**

**मात्र** कवितामा यसरी व्यक्त भएको छ :-

*जाँड रक्सी खान्न भनी कान समाउँला*

*हामीसँग जाने भए फुली कमाउला*

कवि मायालु आँखाका भाका बुझ्न् नसकेर टड्पिएको भाव यसरी व्यक्त गर्दछन् :-

*आँखाहरूका ती भाखाहरू*

*बुझ्नै नसकी कति छटपटिएँ*

*धारा सरी ती बलिन्द्र आँसु*

*सुक्दै नसुकी कति तप्तपिए*

(ऐना, पृ.२२) ।

कवि अधिकारी यस्तै **बास दिनु है** शीर्षकको आफ्नो रचनामा आफू जस्तो परिस्थितिमा आए पनि साथ दिनु है भन्दै आफ्नी प्रेमिकालाई प्रेमका यी आलाप पोख्न पुग्दछन् :-

*घुम्तीको बाटो घाई फाल्दै आउँला*

*पर्खि बस्नु है मलाई बास दिनु है*

*सुसेली हाली बोलाउँदा तिम्लाई*

*सुनी दिनु है, भेट हुन दिनु है*

*मलाई बास दिनु है*

(ऐना, पृ.३३) ।

कवि अधिकारी **मुटु साटौंला** गीतमा जीवनका हरेक दुःख सुख आफ्नी मायालुसँग बिताउने चाहना राख्दै मुटु साट्न चाहन्छन् र गाउँछन् :-

*जिन्दगीका दुःखसुख त्यसै साटौला*

*अगाडिको लामो बाटो सँगै काटौला*

*वर पिपल मिलाएर सँगै सारौला*

*उकालीको चौतारीमा थकाई मारौला*

(ऐना, पृ.३९) ।

कवि अधिकारीको मुक्तक सङ्ग्रह **झटारो**मा सङ्कलित अधिकांश मुक्तक प्रेमसँग नै सम्बन्धित देखिन्छन् । **विना प्रयास** मुक्तकमा कवि अधिकारीले कसैसँग गरिएको प्रेमलाई अनायासै मुटुमा रहने वस्तु ठानेका छन् र भन्छन् :-

*न छोपर छोपिन्छ*

*न रोपेर रोपिन्छ*

*कस्तो रै'छ यो माया भन्ने चीज*

*अनायासै मुटुमा खोपिन्छ* (झटारो, पृ.४) ।

**गीत** शीर्षकको गीतमा कवि आफूलाई पानीको तिर्खा भन्दा मायालुको मायाको प्यासले सताएको भाव व्यक्त गरेका छन् । उनी मायालुको कालो केशले आफ्नो मनै लुकाएको ठान्दै आफ्नो प्यासलाई मेटाउन सागरले पनि नसक्ने ठान्दै र आकाशलाई पनि सानो देख्ने धारणा यसरी व्यक्त गर्दछन् :-

*मलाई पानी तिर्खा होइन,*

*मायालुको प्यासले*

*झम्के परेली भित्र*

*गाजल सँगै लुकायो*

*मलाई पानी तिर्खा होइन...* (जूनकिरी, पृ.९) ।

कवि तीर्थराज अधिकारी आफ्नो **गीति गजल** शीर्षकको रचनामा आफ्नी प्रेमिकालाई सुसेलीले बोलाउँदा बिरानोले सुन्ला भन्दै इशाराले बोलाउने धारणा राख्दछन् र प्रेमिकालाई भेट्न नआए पनि देखा परिदिए हुन्छ भन्ने मत राख्दछन् र भन्छन् :-

*सुसेलीले बोलाऊ भने*

*बिरानोले सुनिदिन्छ*

*इशाराले डाकी दिन्छु*

*कहीँ देखा परे हुन्छ*

(जूनकिरी, पृ.३३) ।

यस्तै अधिकारी **पिरती** शीर्षकमा आफू मायालुको हर समयको गुन-गुन बनिदिने वाचा गर्दछन् र लेख्छन् :-

*हर बखतको गुन-गुन बनिदिन्छु*

*सारङ्गीको सुरिलो धुन बनिदिन्छु*

*सिङ्गै मन भित्र नअटाए भन प्रिय*

*रूप विनाको मजबून बनिदिन्छु*

(यो कस्को हात हो ? पृ.११७) ।

यस्तै अधिकारी **कसरी लुकाऊ** ? शीर्षकको कवितामा आफ्नो प्रेमप्रतिको अभिव्यक्ति यसरी व्यक्त गर्दछन् :-

*माया बस्यो दिल भित्र*
*छाया पछि लाग्यो*
*पेटुकिमा लुकाइ दिऊँ कि*
*परेलीमा राखुँ*
*सपनीमा देखे मैले*
*विपनीमा सम्झे*
*कहाँ राखु मायालुलाई*
*रिवनले बाँधु*
*सिन्दूरको सिउँदो भित्र*
*लुकाऊ जस्तो लाग्छ*
*ओठ भित्र लालीसँगै*
*लगाऊँ जस्तो लाग्छ*
*हार बनाइ लगाउँ जस्तो*
*मुटु भित्र राखुँ जस्तो*
*कहाँ राखुँ मायालुलाई*
*लुकाई लुकाई राखुँ जस्तो*

(जूनकिरी, पृ.४६) ।

यसरी तीर्थराज अधिकारीका कविता कृतिमा प्रेमपक्ष सशक्त रूपमा पाइने हुनाले कवि अधिकारीको एउटा पक्ष प्रवृत्ति प्रेम पक्ष पनि हो ।

### ४.२.२ प्रकृति प्रेम

कवि तीर्थराज अधिकारी प्रकृतिप्रेमी कवि हुन् । उनी प्रकृतिको गीत गाएर कहिल्यै थाक्दैनन् । उनले आफ्ना कवितामा प्रकृतिको चित्रण सफल रूपमा गरेका छन् । उनी प्रकृतिका सच्चा पुजारी हुन् । सरल र सहज शैलीमा प्रकृतिको सुन्दर वर्णन गर्नु प्रकृतिप्रेमी कविको मुख्य वैशिष्ट्य हो । यो वैशिष्ट्य कवि अधिकारीमा तड्कारो रूपमा पाइन्छ । प्रकृति सौन्दर्यपूर्ण हुन्छ । कवि सौन्दर्यप्रेमी हुन्छन् । त्यसैले उनीहरूले प्राकृतिक सुन्दरताको गीत

सुसेल्न चाहन्छन् । कवि अधिकारीले राष्ट्रिय एवम् आन्तरिक परिवेशमा नेपाली प्रकृति र पर्यावरणको कलात्मक चित्रण गरेका छन् । कविले ग्रामीण प्रवृत्तिलाई शब्द चित्रमा बाँधेर प्रकृतिको महिमा यसरी गाएका छन् :-

*गाम वेँसी र मैदान*

*लेखमा गुराँस फूलेको*

*कोदो र मकै मसक्कै*

*पहेँलो धान झुलेको*

*झरना झर्छ झरझरी*

*खोला र नाला कलकल*

*छातीमा हाम्रो नेपाल*

*आँखामा आउँछ झलझल*

× ×  × ×   ××  × ×

(ऐना, पृ.२९) ।

लमजुङमा जन्मिएर जागिरे सेवामा रहँदा देश भित्रका विभिन्न सुरम्य वातावरणमा घुमफिर गरे पनि कविले आफ्नो जन्म थलोको प्राकृतिक वातावरणलाई भुल्न सकेका छैनन् । त्यहाँको प्रकृतिलाई स्मरण गर्दै **लमजुङको यादमा** कवितामा कवि यसरी रम्न पुग्छन् :-

*फूलेको होला बुकीको फूल बाग्लुङ पानीमा*

*बसेछ मेरो सुन्दर बजार आँखाको नानीमा*

*मालिङ्ग, माल्मा, मुजुङको काफल टिपेर खाउँला*

*पुरानो कोटमा फुलेको गुराँस शिरमा लाउँला*   (ऐना, पृ. ३) ।

कवि प्रकृतिसँग ठट्टा गर्दै, जिस्किदै गुन्गुनाउँदै हरियाली लेक, पहाड, नदी नाला पुग्न चाहन्छन् । उनीलाई पानी सँगसँगै बग्ने रहर छ । हावासँगै उड्ने रहर छ । वसन्तको बहारमा आफ्नी मायालुसँग डुल्ने रहर गर्दै कवि लेख्छन् :-

*पानी बनी बगिदिन्छु*

*हावासरी उडिदिन्छु*

*वसन्तको बहारमा*

*तिमीसँग डुलिदिन्छु*   (जूनकिरी, पृ. ६) ।

त्यस्तै कविले हाम्रो देशको गौरव र त्यसप्रतिको मायालाई **म र मेरो हिमाल** कवितामा छताछुल्ल पोखेका छन् । यहाँ कविलाई हिमालले अत्यन्त मनमोहक पारेको छ । त्यसैमा कवि लठ्ठिएका छन् । आफूले जहाँबाट हेर्दा पनि हिमालको स्वरूप आफ्नै अगाडि देख्न पाएको भन्दै अधिकारीले आफ्ना कवितामा यसरी प्रकृति प्रेम व्यक्त गरेका छन् :-

*मेरो हिमाललाई*

*मेरै घरबाट हेरें*

*मामा घरबाट हेरें*

*ससुराली जाने बाटोबाट हेरें*

*जहाँबाट पनि तिमीलाई*

*मेरै अगाडि मात्र देखें*

(यो कस्को हात हो ?, पृ. २३) ।

कवि तीर्थराज अधिकारीले प्रकृतिको छटालाई कहिले घरबाट, कहिले मामाघरबाट हेरेर प्रकृति साच्चै सुन्दर उपहार रहेको ठहर गरेका छन्। कतै उनी आफ्नो गामवेशी सम्झन्छन् र कविताकै माध्यमबाट कविले पाठकका मन मुटु छुन र मस्तिष्क व्युँझाउन सकेका छन्। माछापुच्छ्रे हिमाल, फेवाताल, सराङ्कोट, सेती नदी, महेन्द्र गुफा, पाताले छाँगो, अन्नपूर्ण हिमाल, वेगनास ताल, रूपाताल आदिलाई सम्झेर उनले कविता लेख्छन् । यसरी कवि तीर्थराज अधिकारी प्रकृतिप्रेमी कविका रूपमा चिनिन पुगेका छन् ।

### ४.२.३ राष्ट्रप्रेम

कवि तीर्थराज अधिकारीलाई राष्ट्रवादी कविका रूपमा चिन्न सकिन्छ। उनका कविताले माटो र मुटुको कथालाई कवितात्मक भावमा मुखरित गरेका छन् । उनका धेरै कवितामा कुनै न कुनै रूपमा राष्ट्रप्रेमको भावना व्यक्त भएको पाइन्छ। कवि अधिकारीलाई नेपाली मन र नेपालीपनले राष्ट्रियताको पक्षमा उभ्याएको छ । नेपाल राष्ट्रको उन्नति र नेपालीजनको समृद्धिको कामना कविले आफ्ना कविता कृतिमा प्रस्तुत गरेका छन् । उनका लागि सबैभन्दा प्रिय वस्तु राष्ट्रियता नै हो । यसैले उनले राष्ट्रप्रतिको यथार्थ परिवेश आकलन गरेका छन् । हामी नेपाली एउटै जात, धर्म र राष्ट्रका हौं यसलाई एउटै सूत्रमा बाँध्ने काम हाम्रो हिमालले गरेको छ भन्ने भावना कविले यसरी व्यक्त गरेका छन् :-

*हामी नेपाली जाति हौँ*
*राष्ट्र हाम्रो हिमाल हो*
*विभिन्न जात धर्मको*
*माला हाम्रो हिमाल हो ।*

(ऐना, पृ. २०) ।

कवि आफू जहाँ भए पनि नेपालीत्व जनाउन चाहन्छन् । चाहे त्यो हिमाल होस् वा पहाड । आफू जून ठाउँमा रहन्छन् त्यस ठाउँमा आफू नेपाली भएकोमा उनलाई गौरव लाग्छ । हामी प्रत्येक नेपालीको गन्तव्य स्थान छुट्टै भए पनि हामीमा नेपालीत्व छ । लोभ र लालसा भन्ने कुरा हामीमा छदैँछैन । जे छ स्वच्छ भावना छ । शिष्ट, सौम्य र सुन्दर नेपाल विकासको चाहना हामी सबैको लक्ष्य हो भन्दै कविले एकता नै सबैभन्दा ठूलो राष्ट्रप्रेम हो भन्ने भाव यसरी व्यक्त गरेका छन् :-

*मधेश पहाड फाँट*
*जहाँ हामी भए पनि*
*नेपालीत्व जनाउँछौं*
*हामी जहाँ गए पनि*
ò ò ò ò òò
*बाटो हाम्रो खुलेको छ*
*पूर्व पश्चिम जतातत<br>ै*
*उत्तरी दक्षिणी मात्रै*
*छुटेको छ कतै कतै*
ò ò ò ò òò

पछिल्लो समय नेपाली नेपाली बिचमा वैमनस्यता पैदा भएको छ । दाजुभाइ बिच ढुङ्गा हानाहान भएको छ । तर कवि अधिकारीको मनले सधै सम्पूर्ण नेपाली दाजुभाइ एक हुन् भन्ने भावना पालेर बसेको छ । सोही कारण उनी आफ्नो कलमको गति अगाडि बढाउँछन् र लेख्छन् :-

*स्वच्छ छ भावना हाम्रो*
*शिष्ट, सौम्य र सुन्दर*

*विकास चाहना हाम्रो*

*यो देशको निरन्तर*

ò ò ò ò òò

*यही हो सुखको मार्ग*

*वेशी मध्य हिमालको*

*एकता यसमै हुन्छ*

*हामी सारा नेपालीको*

(ऐना, पृ. २०) ।

विश्व मै गोरखाली भनी चिनिएका हामी नेपालीको उच्च शिर पार्ने हाम्रो हिमाल कसैका अगाडि झुक्दैन । यहाँको कर्णाली पनि हाम्रो स्वास रहुन्जेलसम्म बगिरहन्छ । यी दुवैले नेपालीको सान उच्च राख्छन् भन्दै कविले हामी रहुन्जेलसम्म यिनीहरूको संरक्षण र सुरक्षा गर्नुपर्ने राष्ट्रप्रेमी भाव यसरी व्यक्त गरेका छ्न :-

*ए कालीगण्डकी जलविद्युत योजना !*

*नडुबाऊ हाम्रो शालिग्राम*

*विश्वभरमा अन्यत्र कतै नपाइने*

*यी हाम्रा देवता हुन्*

*यी हाम्रा आस्थाका केन्द्र हुन्*

*यी हाम्रा संस्कृतिका द्योतक हुन्*

*धौलागिरी, गण्डकी र लुम्बिनीको*

*अनौंठो सङ्गम स्थलमा अवस्थित*

*हिन्दू धर्मका प्रतीक हुन्*

(यो कस्को हात हो ?, पृ. २५) ।

नेपाल हिमालै हिमालको देश हो । जसले प्रत्येक नेपालीलाई शीतलता प्रदान गर्दछ । यही शितलता भित्र लुकेको नेपाली परिवशेलाई अपार माया गर्दै कवि जुरेथुंकी नानीका रूपप्रति आकर्षित भएको देखिन्छ । कविको भनाइ छ :-

*शीतल यो बजारमा*

*कति शीतल छाया*

*छायाभित्र लुकेको छ*

*यो ठाउँको माया*

*जति हेरे उति राम्री*

*जुरेथुंकी नानी*

(ऐना, पृ. २) ।

नेपाली ग्रामीण समाजमा रहेर, आफ्नै वन पाखापखेरीमा काफल टिपी खाएर नेपालीपनकै डोको नाम्लो काँधमा बोकी कवि रमाउन चाहन्छन् । डोको र नाम्लो जस्ता नेपाली पहिचानलाई सम्झदै नेपालको प्राकृतिक सौन्दर्यमा रमाएर गाउँवेसीमा जाँदा हुने आनन्दको महसुस यसरी व्यक्त गर्दछन् :-

*वनपाखा पखेरीमा*

*काफल टिपी-टिपी खान्छु*

*डोको नाम्लो काँधमा बोकी*

*आफ्नै गाउँवेसी जान्छु*

(ऐना, पृ. ११) ।

कविलाई जिन्दगीका प्रत्येक दुःखसुख नेपालीजनसँग साट्न मन रहेको भाव व्यक्त गर्दछन् । जिन्दगीको लामो यात्रामा पानी जस्तो बग्न सकूँ भन्ने अपेक्षा राख्छन् र आफ्नो धोको रहेको कुरा कविले यसरी व्यक्त गर्दछन् :-

*पानी जस्तो बग्न सकूँ म,*

*माछा जस्तो डुब्न सकूँ,*

*अश्वस्थामा बनिरहुँ म,*

*रिस राग सबै भुल्न सकूँ*

(जुनकिरी, पृ. ३९) ।

नेपाल विश्वमा शान्ति प्रिय राष्ट्र भए पनि आज परेवा उड्ने आकाशमा युद्ध पोत उडिरहेका छन् । बुद्ध जन्मेको यो पवित्र भूमिमा जतातत‌ै चिहान खनिएको छ । बाँच्ने रहर हुँदाहुँदै त्यो रहरमा तुषारापात परेको छ । तर्क वितर्कले विनाशको बाटो निम्त्याएको छ त्यसैले सम्पूर्ण प्राणीको अशान्तिको मार्ग हटाई शान्ति ल्याउन कवि बुद्धलाई फेरि जन्मन आग्रह गर्दै राष्ट्रियताको भावना यसरी व्यक्त गर्दछन् :-

*परेवा उड्ने तिम्रो आकाशमा*
*आज युद्धपोतहरू उडेका छन्*
*तिमीले निर्माण गरेको पवित्र भूमिमा*
*जताततै चिहान खनिएको छ*
*आस्थाको उपचार हराइसक्यो*
*तर्क वितर्कले विनाश निम्त्याइसक्यो*
*सम्पूर्ण प्राणीको अशान्ति हटाउन*
*बुद्ध तिमी फेरि जन्म*

(यो कस्को हात हो ?, पृ. १२) ।

निः स्वार्थी सोच राखेर आफैँ अगाडि नबढेसम्म देशको परिवर्तन हुन सक्दैन । म केही गर्छु भन्ने सङ्कल्प राख्दै राष्ट्रका लागि योगदान दिने मानिस मात्र राष्ट्रप्रेमी हो भन्दै सबैलाई राष्ट्रवादी बन्न आव्हान गरेका छन् । उनले आफ्नो राष्ट्रलाई माया गर्ने मायालुलाई मात्र चोखो राष्ट्र सुहाउँछ र त्यसले देशको सबै भौतिक आवश्यकता उपभोग गर्न पाउँछ भन्ने सन्देश कवि आफ्ना कविता कृतिमा यसरी व्यक्त गर्दछन् :-

*बन्दैन सिर्जना आफैँ सङ्कल्प गर्नु पर्दछ*
*निःस्वार्थी सोच चाहिन्छ त्यसमा भर पर्दछ*
*राष्ट्रवादी बने मात्रै चोखो राष्ट्र सुहाउँछ*
*उही छ देशको व्याँसो दुधले जो नुहाउँछ ।*

नेपाल हिमाल, पहाड र तराई भएको भौगोलिक विविधतायुक्त देश हो । यही विविधतायुक्त परिवेशलाई समेटेर कवि एउटा स्वतन्त्र राज्यको स्थापना गर्न चाहन्छन् । नेपाल राष्ट्रको अगाध स्नेहले गर्दा उनी अर्को देशलाई नछोई सगरमाथाको टुप्पोसमेत सर्लक्क देखिने गरी नक्सा बनाई हेरेको राष्ट्रप्रेमी भावना यसरी व्यक्त गर्दछन् :-

*हिमाल, पहाड र तराई समेटेर*
*कुना, काप्चा मिलाई-मिलाई*
*अर्को कुनै देशलाई नछोई*
*सगरमाथाको टुप्पोसमेत सर्लक्क देखिने*
*एउटा नक्सा बनाएँ*

(यो कस्को हात हो ? पृ. ३९) ।

प्रत्येक मानिसलाई आफू जन्मेको देश र ठाउँको असाध्यै माया लाग्दछ । यही जन्मेको देश र ठाउँमा मानिसले केही गरेर देखाउनुपर्छ भन्ने देशप्रेमलाई कवि यसरी व्यक्त गर्दछन् :-

*असारको मेलो सगाउन आउँला खुर्पोटो भिरेर*

*भीरको बाटो बनाउन आउँला पहाड चिरेर*

(ऐना, पृ. ३) ।

कविले प्रकृति मानव जीवनको प्रेरणाभूमि हो भन्दै प्रकृतिलाई मानवीकरण गर्न चुकेका छैनन् । बादल जस्तै आकाशभरि उडन् पाए सुख्खा मरूभूमिमा पानी पारिदिने र चारैतिर हरियाली छाउने गरी सिर्जनाका बोटहरू सारिदिने विचार कविको छ र भन्छन् :-

*बादलजस्तै आकाशभरि उड्न पाए*

*सुख्खा मरूभूमिमा पानी पारिदिने थिएँ*

*चारैतिर हरियाली छाउने गरी*

*सिर्जनाका विरूवाहरू सारिदिने थिएँ*

(झटारो पृ. २१) ।

यसरी कवि तीर्थराज अधिकारीका कविता कृतिमा नेपालको राष्ट्रियताप्रतिको मोह नेपाली संस्कृतिप्रति असीम श्रद्धाका साथै नेपालको प्राकृतिक सुन्दरता पनि व्यक्त भएको पाइन्छ । विश्व मै शान्त सुन्दर राष्ट्रको रूपमा परिचित नेपाललाई कविले आफ्ना कविता कृतिमार्फत व्यक्त गरेका छन् ।

### ४.२.४ मातृत्व प्रेम

कवि तीर्थराज अधिकारीका कवितामा आमाको माया र जन्मभूमिप्रतिको श्रद्धाभाव व्यक्त भएको छ । अधिकारीले आफ्ना गीत तथा कविताका साथै मुलुकमा पनि मातृत्वप्रेमको महत्त्व झल्काएका छन् । उनले जन्मभूमिप्रतिको मातृत्व प्रेम **लमजुङ्को सम्झना** नामक भीसीडी नै निकालेर गरेका छन् । यस्तै उनले लमजुङ्को यादमा शीर्षकमा समय-समयमा कविता लेखेका छन् । जुन कवितामा उनले आफ्नो जन्मभूमि र जननीप्रति अघाद श्रद्धा व्यक्त गरेका छन् र भन्छन् :-

*बिर्सेको छैन पाउँदी दोभान भोटेको ओडार*

*पश्चिम रम्घा सूर्यपाल अनि तान्द्राङ टक्सार*

*वर्षाको वेला के गर्दै होलिन कुन्छाकी सानीमा*

*तीजमा माइत गएकी होलिन् देउता पानीमा*

ò ò ò ò òò ò ò

*असारको मेलो सघाउन आउँदा खुर्पेटो भिरेर*

*भीरको बाटो बनाउन आउँला पहाड चिरेर*

*बिजुली बत्ती बालन आउँला मर्स्याङ्दी थुनेर*

*म आउँला आफैं लमजुङेहरू बोलेको सुनेर*

(यो कस्को हात हो ? पृ. १४२) ।

स्रष्टा अधिकारी जन्मभूमिप्रति मात्र होइन आफ्नी जननीको पनि उत्तिकै सम्मान गर्दछन् र **आमा १** मुक्तकमा कविले भौतिक सुख सुविधा भन्दा पनि आमाको काख नै ठूलो हो भन्ने सन्देश यसरी व्यक्त गरेका छन् :-

*बेवास्ता उपेक्षाभन्दा*

*रूचि र चाख ठूलो*

*अरूको लाख भन्दा*

*आमाको काख ठूलो*

(झटारो, पृ.४०) ।

संसारमा सबैभन्दा ठूलो धर्म र पूण्य भनेको आमाको सेवा नै हो भन्ने सङ्केत गर्दै कवि भन्छन् :-

*अवर्णनीय छ मातृत्व महिमा*

*आमाको सेवा नै मुख्य धर्म हो*

*उनको पैतालामुनि छ स्वर्ग पनि*

*आमालाई खुसी राख्नु नै पूण्य कर्म हो* (झटारो, पृ.४१) ।

कवि अधिकारी दश महिना गर्भमा राखेर प्रसव पीडा सहने आमाको महिमा गाउँदै आमा नै जगत् जननी भएको भाव यसरी व्यक्त गर्दछन् :-

*कठोर प्रसव पीडा झेलेर सन्तान दियौं*

*मानव संस्कारको जीवनचक्र चलायौं*

*नौ महिना म गर्भमा रहँदा कति कष्ट व्यहोर्‍यौं*

*त्यसैले त तिमी जगत् जननी कहलियौं* (झटारो, पृ.४२) ।

भनिन्छ, मानव जन्मेपछि जननी र जन्मभूमिप्रति ऋणी हुन्छ भनेर त्यसै भएर होला स्रष्टा अधिकारीले आफ्नो मातृभूमिप्रति ऋणी भएको ठान्छन् र आफ्नो मातृभूमिलाई हिमालले छेकेपछि आँखाभरी हेरिदिन्छु भन्छन् र लेख्छन्  :-

*हिमालले रोके पनि*

*आकाशले देखे पनि*

*म त माया लगाइदिन्छु*

*पहाडले छेके पनि*

*पानी भरी बगी दिन्छु*

*हावा भरी .... उडी दिन्छु*

*तिमीसँगै डुली दिन्छु*  (जुनकिरी, पृ. ६) ।

कविले आफूलाई यहाँसम्म ल्याई पुऱ्याउने प्राण प्यारी आमा नभएको भए म कहाँ हुन्थे भन्दै आमा नभएको भए आफ्नो अस्तित्व नै नरहने अत्यन्त मर्मस्पर्शी भावना व्यक्त गर्दै लेख्छन् :-

*आमा तिमी नभए म कहाँ हुन्थेँ होला ?*

*तिम्रो काख नपाएको भए कति रून्थे होला ?*

*आफ्नो गास काटेर मलाई खुवाउन बोलाएको बोली*

*तिमी नभएको भए मैले कसरी सुन्थे होला*

(झटारो, पृ.४३) ।

माथिको उद्‌गारले मातृशक्तिको महिमालाई बुझी देशको सेवामा जुट्न आह्वान गरेको छ । माता र मातृभूमिप्रति चिर ऋणी रहेर सधैँ उत्तरदायी रहनुपर्ने भावना कवि यसरी व्यक्त गर्दछन् :-

*हनुमानले जस्तै धिर समुद्र तर्न पाए हुन्थ्यो*

*नायगरा फल्स जस्तै झर्ना बनेर झर्न पाए हुन्थ्यो*

*भागीरथको जस्तै प्रयत्न गर्दा गर्दै बरू*

*युधिष्ठिर जस्तै झुठो नबोली मर्न पाए हुन्थ्यो*

(झटारो, पृ.१२९) ।

यसरी कवि अधिकारीले आफ्ना कवितामा मातृप्रेमको महिमालाई गाउँदै मातृभूमिप्रति अगाध स्नेह प्रकट गरेका छन् ।

## ४.३ नारीवादी चिन्तन

कवि तीर्थराज अधिकारीका कवितामा नारीवादी चिन्तन मुख्य प्रवृत्ति बनेर देखा परेको छ । कविताका माध्यमबाट कवि अधिकारी आफूलाई नारीवादी कविका रूपमा उभ्याउन सफल भएका छन् । अधिकारीले आफ्ना गीत तथा कवितामा नारी अधिकारका विषय वस्तुलाई आफ्नो **तीन लय तेह्र गीत** कृतिमा सशक्त रूपमा उठान गरेका छन् । वर्तमान परिवेशमा नारीवादी चिन्तनका कुरा सशक्त रूपमा उठान गरिए पनि पूर्ण रूपमा कार्यान्वयन नहुँदा उनलाई चिन्ता लागेको छ । कानुनी रूपमा मात्र सीमित नारीवादका कुरा व्यवहारमा ल्याउनुपर्ने धारणा आफ्ना सिर्जनामार्फत व्यक्त गरेका छन् । उनी नेपाली महिलालाई शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा समान रूपमा सहभागी गराउँदै उनीहरूमा जागरण ल्याउनुपर्ने भावनाका साथ कवि यसरी कवितामा पोखिन्छन् :-

*हुन्न त्यसै यो देशमा चारतर्फी विकास*
*जैलेसम्म समाजमा छैन निकास*
*के गरेर दिलाउने महिलालाई सीप ज्ञान*
*अनिवार्य शिक्षातिर दिनु पर्‍यो ध्यान*

(तीन लय तेह्र गीत, पृ. १५) ।

तीर्थराज अधिकारीले अझै पनि गाउँघरका डाँडा पाखामा रहेका दिदीबहिनीमा अज्ञान र गरिबी व्याप्त रहेको र उनीहरूसमक्ष स्वास्थ्यको पहुँच पुग्न नसकेको भनेर चिन्ता व्यक्त गर्दै कविता लेख्छन् र भन्छन् :-

*डाँडा काँडा पहाड उँच, निच भयो स्वास्थ्यको पहुँच*
*अज्ञान र गरिबी सित, महिलाहरू धेरै छन् पीडित*

('तीन लय तेह्र गीत', पृ. २७) ।

*नयाँ-नयाँ लिएर मोड, भयो विकास सञ्चारमा बेजोड*
*धेरै भए पत्रकार बजारमा महिला भने दुई जना हजारमा*

('तीन लय तेह्र गीत', पृ. ३३) ।

आफ्नो जन्म थलो छोडेर पराइ घरमा गएर आफ्नै श्रम सिपमा बाँच्नुपर्ने र पराइलाई आफ्नो बनाइ रिझाउनुपर्ने बाध्यताले बाँधिएका नारीले भ्रष्टाचार र सामाजिक भेदभावको अन्त्य गर्न सबैमा सचेतना छर्नुपर्ने धारणा उनले आफ्ना सिर्जनामा राखेका छन् । परिवारलाई आदर्श परिवार बनाउनका लागि कर्तव्यबोध गराउँदै राजनीति, समाजसेवा,

निर्माण र विकास योजना सबै क्षेत्रमा काम गर्नेले खराब विचार राखेर काम गर्नु हुँदैन र पुरूषले मात्र हैकम नचलाई नारीलाई प्राथमिकता दिई अगाडि ल्याउनुपर्ने विचार यसरी व्यक्त गर्दछन् :-

*बाबाले दिनुभयो अरिकाको घरमा*
*अब म त बस्नु पऱ्यो आफ्नै भरमा*
*ससुरालाई गुन्द्री काम्लो सासुलाई सुपारी*
*स्वामी राजा बस्नु हुन्छ जुँगा मुसारी*

ò ò ò ò òò ò ò

*तह माथि उठाएर महिलाको केशमा*
*दिगो विकास गर्नुपर्छ हाम्रो देशमा*

ò ò ò ò òò ò ò

*भ्रष्टाचार गऱ्यो भने जानु पर्दछ नरक*
*अर्थलाई स्वार्थबाट राखौं फरक* ('तीन लय तेह्र गीत', पृ. १०)।

ग्रामीण समाजमा स्वास्थ्य शिक्षाका अज्ञानताका कारण महिलाको जीवन दयनीय बनेको, प्रसव पीडाले अल्पायु मै मृत्युवरण गर्नुपरेको जन्म मृत्युमा सन्तुलन नआएको, बालविवाहका कारण उनीहरूले अनेकौं समस्या भोग्नुपरेका देखाउँदै अहिले ग्रामीण स्वास्थ्यका क्षेत्रमा केही सुधार भए पनि यसमा अझै सुधार गर्नुपर्ने धारणा कवि यसरी व्यक्त गर्दछन् :-

*छैन गाउँमा टेलिफोन तार, भनौ भने टाढा छ सरकार*
*सङ्घसंस्थाहरूको काम, बालमृत्यु गाउँबाट रोकथाम्*

ò ò ò ò òò ò ò

*गाउँ घरमै आकिछिन् देविका, प्राथमिक स्वास्थ्यकी सेविका*
*छ कि छैन भनेर ठीक, हेर्न आइन गाउँघर क्लिनिक*

ò ò ò ò òò ò ò

*समाजले बुझेर तत्त्व, पूरा गरौं स्वास्थ्यको महत्त्व*
*नयाँ सोच नयाँ छ सपनी, त्यस्तै कुरा सोच्दैछु म पनि*

('तीन लय तेह्र गीत', पृ. २७-२८)।

यसरी यिनका कविता तथा गीतमा नारीवादी चिन्तनका स्वर व्यक्त भएका भएका छन् र कवि अधिकारी आफूलाई एक सचेत नारीवादी कविका रूपमा प्रस्तुत गर्न सफल देखिन्छन् ।

## ४.४ मानवतावादी स्वर

कवि तीर्थराज अधिकारी मानवतावादमा विश्वास गर्ने कवि हुन् । यिनका कवितामा मानवता मुखरित भएको पाइन्छ । राष्ट्रको विद्यमान अवस्थाका कारण व्यक्तिको मनबाट मानवीय सद्भाव हराउँदै गएकोमा कवि तड्पेका छन् । यिनका कविता कृतिमा समानता र स्वतन्त्रताका विषय पनि प्रकारान्तरले प्रयोग भएका छन् । वर्तमानको विसङ्गतिपूर्ण परिस्थितिलाई चिर्ने एक मात्र उपाय मानवतावाद भएको कुरामा कविले जोड दिएका छन् । कविले आफ्ना कवितामार्फत विश्व कल्याण, मानवतावादी र आशावादी स्वर सुसेलेका छन् । सेवा नै मानवीय धर्म हो । मानिस यस धरतीमा रहुन्जेलसम्म जूनकिरी जस्तै प्रकाश छर्दै सबैमा उज्याला किरण छनुपर्दछ । जसरी सलाइको काँटी एक पटक बलेपछि त्यसले केही बेरका लागि मात्र उज्यालो छर्छ र आफ्नो अस्तित्व समाप्त पार्दछ तर जूनकिरी सदैव उज्यालो लिएर प्रकाश देखाइरहन्छ । आम मानवमा जूनकिरी जस्तै उज्यालो छर्ने मानवीय सोच र कर्तव्य हुनुपर्दछ भन्ने भावना उनले राख्छन् । सोही सन्देश आफ्ना सिर्जनामा यसरी दिन चाहन्छन् :-

*म सलाइको काँटी त होइन*
*एक पटक बलेपछि सकिने*
*म त उड्ने जूनकिरी पो हुँ*
*जहाँ पुग्यो उहीँ बली दिन्छु* (यो कस्को हात हो ?, पृ. ५३) ।

यस पृथ्वीमा मानव भएर जन्मेपछि सदैव सबैमा सुख र दुःख बाँडेर जीवन अर्पित गर्नुपर्दछ भन्ने विचार कवि यसरी व्यक्त गर्दछन् :-

*जीवन यो गणित हो*
*जोड साथीहरू सब*
*घटाउ दुष्ट र शत्रु*
*बाँकी भए कोही अब ।*
*बाँड दुःख सबैलाई*

*दान वीर भए सरी*

*सूत्र यो बुझ्नेलाई*

*दुःख हुन्न घरिघरी*

(ऐना, पृ. ४२) ।

विखण्डनको मानसिकता बोकेको एक्काइसौं शताब्दीले मानवता भङ्ग गरी असमानता सिर्जना गरेको भन्दै कवि **डाइग्नोसिस** कवितामा एक्काइसौं शताब्दीलाई धिक्कारेका छन् :-

*२१ औँ शताब्दीमा प्रवेश गर्दागर्दै*

*फेरि नेपाली आकाशमा आशाका अनगिन्ती छापाहरू देखिए*

*प्रत्येक पाँच वर्षमा*

*विकासको नाममा लोभहरू देखिन्छन्*

*जातीयताको नाममा लडाई मच्चिन्छ*

× × × × ×× × ×

*औषधि नपाएर मर्नेको संख्या थाहा छैन यहाँ*

*आर्थिक र सामाजिक विषमता मेटाउने इरेजर छैन ।*

ò ò ò ò òò ò ò

*शताब्दीको सीमानासम्म पनि*

*पछि लागिरहेछ अन्धकार*

*जता हेर्‍यो उतै भ्रष्टचार छ,*

*चारैतिर अपराधीकरण छ*

*राष्ट्रियतालाई खेल सम्झने चाटुकारले*

*स-सम्मान भोट पाइरहेको छ, आइतेको*

*दीर्घ रोग निको बनाउन नसकेर*

*डाक्टर चकित परिरहेछ*

(ऐना, पृ. १८) ।

मानवताका पक्षमा उभिएर मानव इमान्दार, लगनशील र सधैँ आफ्नो कामलाई अगाडि बढाउने महापुरूषको खाँचो रहेको ठान्ने कवि असमानता नै मानवताको मुख्य

खाडल रहेको देख्छन् । यसरी यिनका कवितामा मानवीय संवेदनाका स्वर व्यक्त भएको पाइन्छ र कवि अधिकारी आफूलाई सचेत मानवतावादी कविका रूपमा प्रस्तुत गर्न सफल भएका छन् ।

### ४.५ सामाजिक यथार्थता

समाज विकासका क्रममा विभिन्न चरणलाई आधार मानेर हेर्ने गरिएको छ । ती चरणका मानिसमा सभ्यता विकासको गति विभिन्न असमानताले गाँजेको छ भन्ने भाव उनले व्यक्त गरेका छन् । सोही भावलाई केन्द्रबिन्दु बनाएर अधिकारीले आफ्ना कविताको विषय वस्तु बनाउँदै समाजको यथार्थलाई पनि अधिकारीले व्यक्त गरेका छन् । समाजमा शासकले शासितलाई, धनीले गरीबलाई, ठूलाले सानालाई शोषण गरिरहेका हुन्छन् । समाजमा घटेका र घटन सक्ने यथार्थ घटनालाई कविले आफ्ना कविताका विषय वस्तु बनाएका छन् । आजको समाजमा देखापर्ने विकृति, विसङ्गति र स्वार्थले गर्दा आजका मानव सत्ता, शक्ति र सुख प्राप्तिप्रति आकर्षित हुँदै गएको सत्य तथ्यलाई **प्यास** शीर्षक कवितामा कविले यसरी व्यक्त गरेका छन् :-

*प्यास, अझै मरेको छैन,*
*हुट्टिटयाउँ जस्तो नदीको बगरमा पल्टिएर*
*अर्जुनले जस्तै नदीमा वाण हानेर*
*स्वात्तै पानी आफ्नै पेटमा राख्दा पनि*
*अझ नमोर्ने प्यास*

(जूनकिरी, पृ. ३७) ।

हरेक व्यक्तिको जीवनको चौबाटोमा उभिएर कर्म क्षेत्रको गोरेटो रोजी यात्रा प्रारम्भ गर्दा कोही कतै लाग्छन्, कोही कतै । जो जता लागे पनि आफ्नो पक्षमा पूर्ण विश्वास र समर्पणको साथ सक्रिय भइरहनु जीवनको सार्थकता हो । यात्रा प्रारम्भ गर्दा बारूदसित खेल्दै चौकीको खान तलासीसित भिड्न तयार हुने यात्रीको गन्तव्य र चौकीको तलासीबाट बच्न घुमाउरो बाटो हिँड्नेको गन्तव्य एउटै हुन सक्दैन भन्ने विचार कवि आफ्नो २०५३ सालमा प्रकाशन भएको **जूनकिरी**मा यसरी व्यक्त गर्दछन् :-

*मूल बाटोमा एउटा सूचना टाँसेको थियो,*
*अगाडि बाटो बन्द छ*

*पूल भत्किएको छ,*

*चौकीमा खान तलासी लिएर जानू*

*मसित एउटा आत्मा थियो*

*मसित एउटा मुटु थियो*

*त्यही डरले खानतलासी हुन्छ भनेर*

*म यता आएको हुँ*

(जूनकिरी, पृ. २६-२७) ।

नेपालको मुख्य पेसा कृषि हो । कृषिसँग सम्बन्धित नेपाली ग्रामीण परिवेशका किसानको चित्रणलाई यसरी व्यक्त गरेका छन् :-

*घुँडासम्म कछाड लगाएर*

*भिजेको पोटुकाले हात पुछ्दै*

*टोपीमा खाजा थाप्ने*

*एउटा मान्छे*

(जूनकिरी, पृ. १३) ।

गरिबीको चित्रण कविले यसरी गरेका छन् :-

*आधा पेट खाइन्छ*

*एक सरो लाइन्छ*

*यहाँका हरेक काउन्टरमा*

*गरिबी साट्न पाइन्छ* (झटारो, पृ. २६) ।

*साहुको घाँस काटेर*

*पेट पाल्दछु आफ्नो*

*केही गाँस बचे मात्रै*

*पाटी पौवा बनाउछ*

(यो कस्को हात हो ?, पृ. ८८) ।

समाजमा विद्यमान सामाजिक विद्रोहको चित्रण गर्दै कवि त्यस विद्रोहको परिवर्तन आफैँबाट गर्न चाहन्छन् र लेख्दछन् :-

*अन्नका दाना-दाना सित*

*मानिस लुछाचुडी गर्छ*

*निहत्था छ समाज*

*निरीह छ चेतना*

*यहाँ मानवअधिकार गिरफ्तार छ*

*बुद्धिजीविहरू लगातार बेचैन छन्*

*जीवनको विडम्बनासित सुख साट्न*

*मलाई एउटा तराजु देऊ*

*म वृतान्त सुनाउँछु*

*मलाई एउटा माइक देऊ*

*हराएको सम्वेदनशीलता खोज्न*

*मलाई एउटा बत्ती देऊ*

(यो कस्को हात हो ?, पृ. ९०) ।

कवि तीर्थराज अधिकारीले आफ्ना रचनामा अशिक्षा, अज्ञानता, वेरोजगारी, जनसंख्या वृद्धिका कारण देखा परेका समस्यालाई उतारेका छन् । शिक्षा क्षेत्रमा उत्पादनशील जनशक्ति बढी भए पनि देशका युवा रोजगारी नपाउँदा विदेश पलायन बाध्य भएको अवस्थालाई कवि यसरी व्यक्त गर्दछन् :-

*रोजगारी नपाएर जान लागे विदेश*

*युवाविहीन हुन लाग्यो गाउँ वरिलै*

(तीन लय तेह्र गीत, पृ. १४) ।

गरिबले जतिसुकै श्रम गरे पनि, विकास निर्माणका हरेक कार्यमा आफ्नो सीप र श्रम खर्चे पनि, धर्तीमा रगत र पसिनाले सिञ्चन गरी नयाँ-नयाँ सिर्जना र उत्पादन गरे पनि काम लागेन भन्ने भाव उनका सिर्जनामा पाइन्छ । श्रमजीवि आफूँले उत्पादन गरेका ती वस्तुको कहिल्यै पनि उपभोग गर्न नपाई सधैँ खोक्रो पेट लिएर हिँड्नु परेका गरिबको पीडाजन्य अनुभूतिलाई अधिकारीले आफ्ना कवितामा अभिव्यक्त गरेका छन् । कवि श्रमको मूल्य र गरिबको पीडालाई यसरी देखाउँछन् :-

*हात निधारमा छ उसको*

*वहनासमेत डुङ्गा लुटियो*

*एक हुल मानिस आए*

*जवरजस्ती खोसेर*

*बाजे माछा समाएर जीविका चलाउथें*
*बराजु पनि त्यसैमा भर पर्थे*
*सहजै तैरन सक्थे यी*
*पानी कीरा, पानी माथि ।*

(यो कस्को हात हो ?, पृ. ४३) ।

ग्रामिण भेकका नारी आफूसँग जति नै पीडा र वेदना भए पनि उनीहरू कहिल्यै अभावलाई अगाडि सारेनन् । बरू आफ्नो पसिना बगाउन पछाडि सरेनन् भन्दै लेख्छन् :-

*उचाले भारी नहर खने, पर्खाल लगाए*
*पहिरो रोके यी मेरा हातले अरूलाई सगाए*
*पहाडको झर्ना सरियो जीवन झरेको झर्‍यै छ*
*जे गरे पनि दुःखले बास गरेको गर्‍यै छ*

(‘तीन लय तेह्र गीत’, पृ. ४७) ।

गरिबको दयनीय अवस्थालाई सटिक रूपमा उतार्ने कवि आफू दुःखी भएको मुख्य कारण गाउँ समाजमा रहेको गरिबीका कारणले गर्दा हो भन्ने विचार व्यक्त गर्दछन् :-

*दुःखी जनता सल्लो बाल्छन्*
*एउटा दुइटा मूर्गा पाल्छन्*
*कसैले छोडेको पत्ती बटुलेर*
*दुःखी गाउँले दारी फाल्छन्*

(झटारो, पृ. १२८) ।

कवि अधिकारीका कवितामा वर्तमान युग जीवनको चित्रण पाइन्छ । वास्तवमा भन्नुपर्दा **यो कस्को हात हो** कविता सङ्ग्रहमा सङ्कलित केही कविता युगीन यथार्थका फोटोकपी हुन् । **खबरदार** कवितामा वर्तमान युग जीवनको चित्रण यसरी गरिएको छ :-

*वर्तमानमा यहाँ*
*इमान्दारको कुनै लेखाजोखा छैन*
*अवसरवादीको लिला मच्चिएको छ*
*खै जनजीवनको समस्या हटेको ?*
*खै देश निर्माणको योजना ?*
*खै हटेको बेरोजगार ?*

*पहिले र अहिलेमा*

*फरक छुट्याउने मापदण्ड बाँकी छैन*

*पर्दा हट्नसक्छ*

*खबरदार !*

*देश तिम्रो मात्र होइन*

*सारा नेपालीको साझा सम्पत्ति हो*

(यो कस्को हात हो ?, पृ. ११) ।

कवि तीर्थराज अधिकारीको **यो कस्को हात हो** ? कविता पनि वर्तमान समयलाई प्रस्तुत गर्ने कविता हो । यस कवितामा युगीन यथार्थ झल्केको पाइन्छ :-

*भित्तामा छाया देखाएर*

*कसैलाई तर्साउने*

*पाइपको पानी जस्तै*

*फोहोरा वर्षाउने*

*टाउकोमा राखेर*

*आशीर्वाद दिने*

*मौका पर्ने बित्तिकै*

*खल्र्याप्पै सर्वस्व लिने*

*यो कस्को हात हो ?*

(यो कस्को हात हो ?, पृ.२७) ।

यसरी कविले आफ्ना कवितामा वर्तमानका मानिसको प्रवृत्तिदेखि वर्तमान मानवीय जीवनको युगीन यथार्थलाई झल्काउँदै आएका छन । समाजमा विद्यमान कुरालाई आफ्ना कृतिमा समेटेकाले अधिकारी सामाजिक यथार्थवादी कविका रूपमा चिनिन पुग्छन् ।

### ४.६ कल्पनाशीलता

कवि तीर्थराज अधिकारी कल्पनामा डुब्न मन पराउने सर्जक हुन् । उनका कवितामा मौलिक कल्पना प्रचुर मात्रामा पाइन्छ । उनका कविता भित्रको कल्पनाशीलता नेपाली प्रकृति, धरती, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय साँस्कृतिक धरोहरसँग सम्बन्धित छ । उनका कविता भित्रका कल्पनाले कपोल कल्पनाको तह नभई समकालीन समय र परिवेशलाई

पछ्याएको छ । उनले कल्पनालाई सस्तो भावुकताका तहमा नभई यथार्थ धरातलमा रहेर व्यक्त गरेका छन् । **रेखा नभएका हत्केलाहरू** कवितामा प्रकट भएको उनको कल्पना यस्तो छ :-

*जन्मदा घडी हेरिएन*

*अर्को वर्ष उत्सव मनाइएन*

*कुण्डली लेखिएकै छैन*

*नक्षत्र देखिएकै छैन*

*भृगु ! भन तिमी*

*म कसलाई देखाऊ ?*

*कसलाई सोधुँ ?*

*मेरा यी दुवै हत्केलामा*

*रेखाहरू कोरिएकै छैनन्*

*सूर्योदय हुने वेलामा देखेको स्वप्न*

*कसैलाई सुनाइन*

*कति-कति स्वप्न देखेर*

*फेरि निदाएँ*

*कहिलेकहीँ*

*सर्प, जुका र विच्छी देखे*

*निरासा, निन्दा र निशा*

*देख्दै देखिन*

(यो कस्को हात हो ?, पृ. १९) ।

**दुई फरक आत्मा** शीर्षकको कवितामा कविले मानव मनमा उब्जने नकरात्मक विचारलाई अपरिमित वासनाबाट अलग्याएर थान्को लगाउन नसकिने धारणा शब्दै प्रचुर रूपमा कल्पनाशीलता पोखेका छन् । उनी **दुई आत्मा**लाई तुलना गरेर आफ्नो कोरा कल्पनालाई शब्दमा यसरी लेख्छन् :-

*एउटा आत्मा*

*आकाशतिर हेरेर,*

*दुई हात पसार्दै*

*भोको पेट पूजा गर्ने*

*याचना गर्दछ ।*

*अर्को आत्मा*

*माथि बरण्डाबाट*

*पच्चिस पैसा फ्याँकेर*

*दानवीर बन्ने वहाना गर्दछ*

(जुनकिरी, पृ. ४४) ।

त्यस्तै, कवि अधिकारीले **बेचिदिन्छु मेरा सपनाहरू** शीर्षकको कवितामा नयाँ नेपालको परिकल्पना गर्दै आफ्नो काल्पनिक क्षमताको प्रर्दशन गरेका छन् । यस कवितामा कविले आफ्नो कल्पनाशीलतालाई यसरी व्यक्त गरेका छन् :-

*सपनाको मसँग नयाँ लोक छ,*

*यातायातको नयाँ नक्सा छ,*

*औषधि उपकरणको पनि*

*बडेमानको कारखाना छ,*

*स्टोर छ,*

*वितरणको सञ्जाल छ*

*कोही ग्राहक भए*

*म एकमुष्ट*

*बेचिदिन्छु मेरा सपनाहरू*

(यो कस्को हात हो ?, पृ. २१) ।

त्यस्तै कविको **कल्पना १** र **कल्पना २** मुक्तक भित्र प्रकट भएको उनको कल्पनाशीलता यस्तो छ :-

*यदि म स्वप्न भैदिएको भए*

*निन्द्राभरि उनीसँग जिस्कने थिएँ*

*गाजलु परेलीबाट सुटुक्क प्रवेश गरी*

*बिहानीको मुस्कानसँगै निस्कने थिएँ*

ò ò ò ò òò ò ò

*कल्पना गरेर मात्रा खजाना हुने भए*
*तिमीलाई रतीको दाना बनाउने थिएँ*
*आँखाको नानीसँगै राखेर बरू आफैँ*
*बिहान बेलुकीको खाना बनाउने थिएँ*

(भ्रटारो, पृ. ५-६) ।

कविले मति बिग्रीएको वेला आफ्नो मन नै कंश हुने कल्पना यसरी गरेका छन् :-

*सोचाइमा अपभ्रंश हुन्छ*
*हृदय भित्रै विध्वंश हुन्छ*
*मति बिग्रन्छ ज्ञान हराउँछ*
*जुन वेला आफ्नै मन कंश हुन्छ*

ò ò ò ò òò ò ò

*फाटेको मन चित्तले सिउन थाल्यो भने*
*वनस्पतिले आफ्नो फल खाएर जिउन थाल्यो भने*
*यो संसारमा भ्रोक र प्यास हराउथ्यो होला*
*नदीले आफ्नै जल पिउन थाल्यो भने*

(यो कस्को हात हो ?, पृ. ११८) ।

### ४.७ व्यङ्ग्य चेत

कवि तीर्थराज अधिकारीका कवितामा व्यङ्ग्य चेतना प्रचुर मात्रामा पाइन्छ । राष्ट्रिय प्रकृति, संस्कृति एवम् मानवीयतामाथि देखिएका विकृति, विसङ्गति, अन्धविश्वास तथा रूढिवादीको विरोध गर्ने क्रममा उनका कविताले व्यङ्ग्यवाण चलाएका छन् । वर्तमानका राप र तापबाट उत्पन्न मानवीय एवम् राष्ट्रिय विकृति, शोषण, उत्पीडन र दमनका विरूद्ध कवि अधिकारीले सशक्त रूपमा आवाज उठाएका छन् । आजको समाजमा देखापर्ने विसङ्गति र स्वार्थले गर्दा आजका मानव सत्ता, शक्ति र सुख प्राप्तिप्रति आकर्षित हुँदै गएको सत्यतथ्यलाई उनले विभिन्न शीर्षक दिएर कविता लेख्छन् । यसरी कविता लेख्ने क्रममा **लाज नभएको तीर्थे** कवितामा कविले माथिल्लो ओहदामा पुगेका सेवाग्राहीलाई समाजको उत्थानका निम्ति व्यक्ति इमानका साथ समर्पित हुनुपर्दछ भन्ने धारणा राखेका छन् । यस क्रममा उनी यसरी लेख्छन् :-

*कपालका रौहरू एउटा पनि कालो छैन*

*तापनि जागिर भने छोड्न सक्दैन*

*सकी नसकी हुत्तिदै, हुत्तिदै*

*दशै बजे अफिस छोप्न पुग्छ, तीर्थे*

*विद्‌यार्थी हुँदाको गफ चुटेर,*

*जागिर पचाउँछ,*

(जूनकीरी, पृ. २७) ।

त्यस्तै **ठूलो मान्छे** शीर्षकको कवितामा मानिस आफ्नो अहङ्कारले गर्दा आफैँ ठूलो हुँ भन्ने भावना राख्दै सोझा निमुखा जनतालाई घाक र रवाफमा मिच्न खोज्ने मान्छेप्रति कवि यसरी व्यङ्ग्य गर्दछन् :-

*अर्काको इज्जत च्याँखे थाप्ने*

*वरपरको सबै कसिङ्गर बटुल्ने*

*सोझा र निमुखा जनतालाई*

*धाक र रवाफ जमाई*

*सर्लक्क निल्न खोज्ने*

*जाल साँची, चाकरी र चुक्ली*

× ×  × ×   ××  × ×

(यो कस्को हात हो ?, पृ. ७३) ।

देशमा जतासुकै जासुसी, जाली र फटाहाले राज गरिरहेका छन् । सोही कारण अधिकारीलाई ती फटाहाको हालिमुहाली देख्दा रिस उठेर आउँछ र लेख्छन् :-

*जाँड, जुवा, जारी, जाली र जासुसी*

*पाँचै जकारको सङ्ग्रह भएको*

*अखण्ड जुवा कीर्तन*

*अनन्त धन आर्जन*

*सबै कुराले परिपूर्ण छन्*

*हाम्रो गाउँका ठूलो मान्छे*

('जूनकिरी', पृ. ४०) ।

वर्तमान राजनीतिप्रति पनि उनले व्यङ्ग्य गर्न छोडेका छैनन् । उनी व्यङ्ग्यवादी कवि भएकोले उनले आफ्नो कवितामार्फत यसरी व्यङ्ग्य गरेका छन् :-

*समाजमा अझै कुरीति छ*
*जता हेऱ्यो उतै वेथिति छ*
*के भयो-के भयो हाम्रो त ? खैर*
*पंखाले चल्ने राजनीति छ*
× × × × ×× × ×

(झटारो, पृ.३०) ।

*बुझि सकियो अब छाँटकाँट*
*जनतालाई यसरी नढाँट*
*सफा बनाइकन राख फाँट*
*उम्केला फेरि सब हातबाट*

(झटारो, पृ.५८) ।

*नेता त त्यस्ता पो नेता*
*जसले राजनीतिलाई सत्यको लडाइँ बनाए*
*कुनै ठाउँका नेता कस्ता नेता*
*कुर्सीको झगडा गर्दा गर्दै आफैँ गन्हाए*
× × × × ×× × ×

(झटारो, पृ.७७) ।

अधिकारीले आफ्ना सिर्जनामार्फत राजनीति गर्ने राजनेतालाई भेडाको प्रतीक बनाएर पनि सिर्जना गरेका छन् । उनी आफ्ना सिर्जनामा आफ्नो व्यङ्ग्यवादी चेत यसरी व्यक्त गर्दछन् :-

*केवल हामी मात्र होइन*
*विश्वका धेरै राष्ट्रहरू चकित भएका छन्*
*अझै निहुँ खोजी-खोजी रडाको मच्चाउने*
*दुवै थरी भेडाहरू थकित भएका छन्*

(झटारो, पृ.११६) ।

विकासका लागि आँट, साहस एवम् जाँगर देखाउनुको बदला भ्रष्ट आचरणमा सहभागी हुन खोज्ने पतनोन्मुख राष्ट्रसेवकको आलोचनाका रूपमा कविले यसरी व्यङ्ग्य गरेका छन् :-

*काले काले मिलेर नै*
*खाउँ भाले बरू भनी*
*मुसो दली बने काले*
*सेता मान्छेहरू पनि*

(ऐना, पृ.१७) ।

यस्तै देशलाई अगाडि बढाउने नेताहरू प्रजातान्त्रिक बाटो अवलम्बन गरेर प्रजातन्त्रकै विरोध गरी आफ्नो बाटो छाडेर हिँड्नेप्रति कवि व्यङ्ग्य गर्दै भन्दछन् :-

*प्रजातान्त्रिक बाटो अवलम्बन गरेर*
*प्रजातन्त्रकै विरोध भएको छ यहाँ*
*यसकै दुरूपयोग गरेर*
*प्रजातान्त्रिक बन्नेहरू*
*लगाम छाडेर कुँदिरहेछन्*

(ऐना, पृ.४९) ।

पछिल्लो समय गाउँबाट कच्छा लगाएर बजार झर्नेहरू राजनीतिमा लागेपछि रातारात मालामाल भएको देख्दा अधिकारीलाई टिठ लागेर आउँछ । उनीहरूको स्वाभिमान देख्दा उनलाई अनौठो लाग्छ र व्यङ्ग्यात्मक पारामा भन्छन् :-

*नेताका गगन चुम्बी घरको नक्सा कोरिन्छन्*
*त्यहीँबाट गरिबी दूरवीनले हेरिन्छन्*
*जनतालाई बाँडेको आश्वासनहरू त*
*छेपाराको रङ्ग जस्तै फेरिन्छन्*

(झटारो, पृ.१३८) ।

*छाती र टाउको जोगाउन सके भैगो*
*हात खुट्टा त भाँचिए पनि जोडी हालिन्छ*
*पद पाइन्छ भने जुन पार्टीमा लागेनी के भो ?*
*पछि त त्यो पनि छोडी हालिन्छ* (झटारो, पृ.१५४) ।

### ४.८ बाल मनोरञ्जनात्मकता

कवि अधिकारी बालबालिकाका इच्छा, आकाङ्क्षा, रूचि एवम् स्वभाव बुझेर कविता लेख्ने कवि हुन् । उनका कविता कृतिमा बालमनोरञ्जनका पर्याप्त गुण पाइन्छन् । **प्याउली** शीर्षकका दुई बाल कवितामा कविले बालबालिकाको बोलीसँग आफ्नो लोली मिलाएका छन् (अधिकारी, २०५७ : मन्तव्य) । हाम्रो नेपाली समाजमा बालबालिका नुहाउन नमान्दा अधिकारीले उनीहरूलाई नुहाउन यसरी तयार पर्दछन् र कविता लेख्छन् :-

*कुखुराको कुखुरी काँ*
*बिरालीको म्याऊ*
*कस्ले खान्छ मुडकी चिउरा*
*कस्ले खान्छ स्याउ*
*दिदी भाइलाई भट्ट मकै*
*मलाई चाउचाउ*
*नुहाउन मन छैन*
*अब नरूवाऊ*

(ऐना, पृ. ३७) ।

यस्तै कवि अधिकारीले बालबालिकाहरू खेल्न भनेपछि हुरूक्कै हुन्छन् भन्ने बाल मनोविज्ञानलाई राम्रोसँग बुझेका छन् । साथी समूह बनाई खेल्दा बालबालिकाले गाउने गीतलाई कवि यसरी व्यक्त गर्दछन् :-

*सानी एउटा पुतली*
*ल्याई देऊ न प्याउली*
*मखमली फूलको*
*रस चुसी खाऊली*
*कतै घुम्न जाऊली*
*मीठो-मीठो खाऊली*
*फूल पाती चुँडेर*
*राम्रा लुगा लाऊली*

(ऐना, पृ.४०) ।

### ४.९ सुधारवादी चेतना

सुधारवादी चेतना कवि तीर्थराज अधिकारीका कविताको मुख्य प्रवृत्ति बनेर देखा परेको छ । कवि अधिकारीका विशेष गरी **तीन लय तेह्र गीत** गीति सङ्ग्रहमा सङ्कलित सबै गीतमा सुधारवादी चेतना पाइन्छ । अधिकारीका यस सङ्गालोमा रहेका गीतको विषय वस्तु सामाजिक सुधार, वातावरणीय संरक्षण, नारी अधिकार र दायित्वबोध, जन्मभूमिको संरक्षण जस्ता पक्षका रहेका छन् । रातदिन श्रम पोख्दा पनि नारीको स्थिति नउठेको तर नारीको उत्थान गर्ने नाममा अनेकौं सभा सम्मेलनहरू गरेर केही टाठाबाटाले आफ्नो स्वार्थ पूरा गरी कमाइ खाने गरेको यथार्थलाई कवि यसरी व्यक्त गर्दछन् :-

*अहोरात्र डुब्नुपर्ने घरायसी काममा*
*कति मिटिङ् हुँदा होलान हाम्रो नाममा*

(तीन लय तेह्र गीत, पृ.११) ।

यस्तै **नारीको मन** गीतका नारी र पुरूष समाजका समान हिस्सा भएकाले विकास निर्माणका हरेक क्षेत्रमा उनीहरूलाई समान अवसर हुनुपर्ने र नारीलाई समाजको अग्र भागमा आउन दिनका निमित्त पुरूषले अवरोध गर्न नहुने सुधारवादी सन्देश दिदै लेख्छन् :-

*नारी विकास पुरूषलाई त्यसै-त्यसै जर्ती भो*
*संसारमा महिला नी आधा धर्ती हो*
*जिम्मेवारी लिन खोज्दा किन लाउने छेकवार ?*
*हामीलेनी पाएका छौं समान अधिकार* (तीन लय तेह्र गीत, पृ.१५) ।

कवि अधिकारीले समुन्नत समाज निर्माणका लागि पहिला हामीमा इच्छा शक्ति हुनुपर्ने धारणा व्यक्त गरेका छन् । मुखले सुधारवादी बन्ने तर व्यवहार परिवर्तन नगर्ने हो भने समाजमा कुनै पनि पक्षको सुधार हुन सक्दैन भनेर उनले **इच्छा** शीर्षकको कवितामा भनेका छन् :-

*पानी जस्तो बग्न सकुँ म*
*माछा जस्तो डुब्न सकुँ*
*अश्वस्तामा बनिरहुँ म*
*रिस राग सबै भुल्न सकुँ*
ò ò ò ò òò ò ò

*अल्मलिएका यात्रुहरूलाई*

*नदी पार तार्न सकुँ*

*अन्धकार यो रजनीलाई*

*झलमल-झलमल पार्न सकुँ*

*अबुझहरूको हृदय पटमा*

*सानो त्राण भर्न सकुँ*

*सबको जय होस् अरूको जयमा*

*आफू एक्लै मर्न सकुँ*

(जुनकिरी, पृ ४२-४३)

कवि अधिकारीले आफ्नो जन्मथलो छाडेर पराइ घरमा गएर आफ्नै श्रम र सिपमा बाँच्नुपर्ने र पराइलाई आफ्नो बनाई रिझाउनु पर्ने बाध्यताले बाँधिएका नारीमा भ्रष्टाचार र सामाजिक भेदभावको अन्त्य गर्न पनि सचेत हुनुपर्ने कर्तव्यबोध देखाएका छन् । कविले राजनीति, समाजसेवा, निर्माण र विकास योजनाका सबै क्षेत्रमा नारीलाई प्राथमिकता दिई अगाडि ल्याउनुपर्ने सुधारवादी चेतना नराखेका होइनन् । कवि अधिकारीले देशको विकासमा युवाहरूले पनि उल्लेख्य योगदान दिन नसकेका र उनीहरू रोजगारी नपाएर विदेशी भूमिमा पलायन हुनुपरेको छ भनेका छन् । उनले अब युवालाई स्वदेशमै स्वरोजगारको अवसर पैदा गर्नुपर्छ भन्ने भाव राख्छन् । यस्तै शिक्षित महिलाले दिन प्रतिदिन बढिरहेको जनसंख्या वृद्धिलाई नियन्त्रण गर्नका लागि सकरात्मक सन्देश छर्न आवश्यक रहेको धारणा पनि आफ्ना सिर्जनामार्फत व्यक्त गरेका छन् । उनी **भूमिका शिक्षित महिलाको** शीर्षकको कवितामा भन्छन् :-

*घटाउँ संख्या बढाउ आयु नर नारीको*

*सामाजिक रोग नपालौं हामी यै उपकारी हो*

*एकले खाने खेतीमा भोली दशले के खाने*

*एउटै घरमा नअटे पछि छोडेर काँ जाने*

ò ò ò ò òò ò ò

*सिकाउनुपर्छ छिमेकीलाई स्वास्थ्यको बारेमा*

*के हुन्छ धेरै सन्तान पाए, के हुन्छ रोकेमा*

*यी सबै कुरा बुझाउन सक्छन् पढेका महिला*

*दुई सन्तान भए पुगी नै हाल्यो बुझ्नुहोस् पहिला*

ò ò ò ò òò ò ò

*शिक्षित हाम्रा महिला देवी निधि हुन् देशका*

*सरल पना कोमल रूप सुकिलो भेषमा*

*देशको सेवा समाजको सेवा यिनैले गरेका*

*दुखेसो लिन सुख बाँडिदिन स्वर्गटी झरेका*

(ऐना, पृ.१५) ।

यस्तै कवि अधिकारीले देशमा उद्योग र विकास निर्माणका काम नभएकाले शिक्षित युवाहरू बेरोजगार बनी विदेशतिर पलाउन हुनुपर्ने स्थितिको अन्त्य गर्न कृषि वा अन्य उद्योगको स्थापना गर्नुपर्ने सन्देश व्यक्त गर्दछन् :-

*रोजगारी नपाएर जान लागे विदेश*

*युवा विहीन हुन लाग्यो गाउँ वरिलै*

*कि त दिनु पऱ्यो हजुर खान र लाउन*

*कि त दिनु पऱ्यो हजुर ठाउँ वरिलै*

*विदेशमा नजाउँ अब मजदुरी गरन*

*गाउँमा बसी कृषि पेसा गरौं वरिलै*

*यही देशमा लगाऊ युवा जोस र जाँगर*

*फल टिपी भकारीमा भरौं वरिलै* ('यो कस्को हात हो ?', पृ.१५६) ।

**विचलित वर्तमान** गीतमा कविले मानिस स्वतन्त्र भएर बाँच्न पाउनु पर्छ र मानिसका सुन्दर भविष्य खोसिनु हुँदैन भन्दै मानवीय सभ्यतामा कलङ्कको रूपमा देखा परेका हिंसात्मक पाशविक प्रवृत्तिको अन्त्य गरी सबै नेपालीले शान्तिपूर्ण तरिकाले स्वतन्त्रपूर्वक बाँच्न पाउने वातावरण तयार गर्नुपर्ने कुरामा जोड दिदै लेख्छन् :-

*सिर्जना गऱ्यो हिंसाले आज विद्रोही भावना*

*जागृत गऱ्यो पीडाले आज अधुरो सपना*

*द्वन्द्वमा मात्रै पिल्सियो पुस्ता हिंसामा अल्झियो*

*समय अब अँध्यारो भयो झन् घाउ बल्झियो* (यो कस्को हात हो ?, पृ.१४५) ।

### ४.१० धर्म र संस्कृति

कवि तीर्थराज अधिकारीका कविताको एउटा प्रवृत्ति धर्म र संस्कृति पनि हो । यिनका कृतिले नेपाली संस्कृतिको पहिचान, संरक्षण र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । देउसी, शुभ विजया जस्ता गीतका माध्यमबाट कविले सांस्कृतिक पक्षलाई उजागर गरेका छन् । त्यस्तै **तीन लय तेह्र गीत** गीति सङ्ग्रह भित्रका गीतहरू तीजे भाकामा रचना गरिएका छन् । यसले पनि नारीहरूको महान चाड तीजको सांस्कृतिक महत्त्वलाई उजागर गरेको छ । **शुभ विजया** कवितामा कविले शरद ऋतुको वर्णन गर्दै यस ऋतुले हाम्रो महान् चाड दशैलाई भित्र्याउने र यस पर्वले हाम्रो सांस्कृतिक महत्त्वलाई दर्शाउने धारणा राखेका छन् । उनी लेख्छन् :-

*विदा भयो गयो वर्षा आयो शरद सुन्दर*
*रङ्गीचङ्गी फुले फूल बगैंचा भो मनोहर*
*सफा सुन्दर स्वर्ग छ प्रकृति छ हराभरा*
*विजयादशमी चाड बोलाउँछ परम्परा*

Ò Ò  Ò Ò   ÒÒ  Ò Ò

*बली लगाई वेदीमा दुर्गा पूजा गरी वरी*
*मान्यका हातको टिका जमरा माथमा घरी*
*आफ्नै चलन संस्कृति आफ्नै भेषभूषाहरू*
*परम्परा पनि आफ्नै सबै आफ्नै कुराहरू*

(ऐना, पृ.३४) ।

कवि अधिकारी देउसी गीतमा हाम्रो महान चाड तिहारमा सबै दाजुभाइ, दिदीबहिनीसँगै देउसी खेल्दै मनोरञ्जन गर्ने परम्परालाई स्पष्ट पारेका छन् । देउसीकै माध्यमले सांस्कृतिक महत्त्वलाई दर्शाउन पनि उनी सफल भएका छन् । उनी लेख्छन् :-

*ए भन-भन भाइ हो :* *धौसिरे*
*स्वर मिलाइ भन :* *धौसिरे*
*यो ठूलो पर्वमा :* *धौसिरे*
*ठूलै घरमा :* *धौसिरे*
*आएका हामी :* *धौसिरे*

यस्तै **शालिग्राम डुब्न नदेऊ** कवितामा कविले हाम्रो धार्मिक सांस्कृतिक पक्षको रक्षाको लागि यस्तो भावना व्यक्त गरेका छन् :

*ए कालीगण्डकी जलविद्युत योजना*
*नडुबाऊ हाम्रो शालिग्राम*
*विश्वभरमा अन्यत्र कतै नपाइने*
*यी हाम्रा आस्थाका केन्द्र हुन्*
*यी हाम्रा संस्कृतिका द्योतक हुन्*
*धौलागिरी, गण्डकी र लुम्बिनीको*
*अनौठो सङ्गम स्थलमा अवस्थित*
*हिन्दू धर्मका प्रतीक हुन्* (यो कस्को हात हो ?, पृ.२५) ।

कवि अधिकारीले वर्तमानमा हामी हाम्रो संस्कृति भुल्दै गएका छौं । अमिल्दा संस्कृतिको अवलम्बन गरेका छौ भन्ने भाव यसरी व्यक्त गरेका छन् :

*इतिहासमा अँध्यारा स्मृतिहरू छन्*
*चेनतामा अनेकन विस्मृतिहरू छन्*
*वर्तमान मानव सभ्यतामा पनि*
*हामीसँग अमिल्दा संस्कृतिहरू छन्* (झटारो, पृ.३८) ।

आजको मानिस धर्म र संस्कृतिलाई अँगाल्दै अघि बढेको छ । तर त्यहाँ पनि कुरा नबुझी-नबुझी लाग्नेहरूको स्वभाव देखेर कवि भन्छन् :-

*टाकुरामा थियो आस्था*
*घरमर भयो अल्लि तल खस्दा*
*झन् वैराग्य उब्जन थाल्यो जनमानसमा*
*आस्था आफ्नो आसनमा नबस्दा ।*

कवि अधिकारी यस्तै **भगवान् रगत खाँदैनन्** मुक्तकमा भगवान्प्रतिको आस्था देखाई वर्तमानका मान्छेलाई सत्कर्ममा हिँड्न आग्रह गर्दै लेख्छन् :-

*जगत्का रचनाकार आफै भत्काउन जाँदैनन्*
*उनले सबै खोसेर आफैसँग लाँदैनन्*
*विश्वपालक परम पूज्य भगवान्ले*
*आफ्नै सिर्जनाका रगत निचोरेर खादै खाँदैनन्* (झटारो, पृ.६७) ।

धर्मका नाममा मानिसले गर्ने विभिन्न क्रियाकलापलाई देखाउँदै सत्यता र दयाले नै पवित्र भावना जगाउने धारणा कविले राखेका छन् र लेख्छन् :-

*विश्वास छ भने आफ्नो*
*स्वधर्ममा बसी-बसी*
*सङ्कट मोचन हुन्छ*
*प्रष्ट आफैँ भए पछि*

(ऐना, पृ.२७) ।

यसरी कवि तीर्थराज अधिकारीले आफ्ना रचनाका माध्यमबाट प्रकृति, संस्कृति, राष्ट्र, राष्ट्रियता, नारीवादी चिन्तन, सुधारवादी चिन्तन र मानवतावादी स्वर उचालेर आफूलाई एक सफल साहित्यकारका रूपमा स्थापित गर्न सफल भएको पाइन्छ ।

## ४.११ निष्कर्ष

अधिकारीका कविता कृतिको बारेमा चर्चा गरिसकेपछि त्यसका संरचनाका बारेमा पनि जानकारी गराउन आवश्यक हुन्छ । कुनै पनि रचनाको संरचना भन्नाले यसको बनावट अर्थात् आकृति भन्ने बुझिन्छ । संरचनागत आधारमा कवि तीर्थराज अधिकारीका कवितालाई हेर्दा उनले सबैभन्दा छोटा तीन/चार हरफका हाइकु र मुक्तकको रचना गरेको देखिन्छ । उनको कविता यात्राका सबै कवितालाई हेर्ने हो भने केही लामा कविता लेखेको पाइए पनि सालाखालामा उनी लघु आयामका कविता लेख्ने गद्य कवि तथा मुक्तककार हुन् । उनको कविता यात्राको प्रारम्भका कविताको संरचना त्यति सुगठित देखिँदैन । उनको कविता यात्राको विकास सँगसँगै उनका कवितामा संरचनागत सुगठितता र व्यवस्थितता आउन थालेको देखिन्छ । उनका कविताका सापेक्षतामा मुक्तकको संरचना अझ बढी सुगठित र व्यवस्थित रहेको देखिन्छ त्यसैले कवितात्मक अनुभूतिलाई प्रायः सुगठित र व्यवस्थित बनाई प्रस्तुत गर्न सक्नु कवि अधिकारीको प्रमुख प्रवृत्ति हो ।

यसरी कवि अधिकारीका कविताको विश्लेषण गर्दा उनका विषयगत प्रवृत्तिमा प्रेमपक्ष भित्र प्रकृतिप्रेम, राष्ट्रप्रेम, मातृप्रेम, मानवतावाद, सामाजिक यथार्थ, आदि पाउन सकिन्छ भने शैली पक्षमा गद्य लय, व्यङ्ग्यशैली, गीतिकवि जस्ता प्रवृत्ति भेटिन्छन् । कविका केही कवितामा शीर्षकबाट नै भाव पहिलाउन सकिन्छ भने कुनै कविताका शीर्षक व्यङ्ग्यात्मक तथा प्रतीकात्मक छन् । उनका धेरैजसो कविता गद्य लयमा नै संरचित छन्

र उत्तिकै प्रभावकारी देखिन्छन् । गीत, गजल तथा मुक्तकमा पनि उनको कलम बेजोड गतिले चलेको छ । सरल अनि सहज भाषामा कविता लेख्नु कवि अधिकारीको प्रमुख विशषता हो । उनका कवितामा कतै बिम्ब तथा प्रतीकको प्रयोग भेटिन्छ । यस्ता बिम्ब तथा प्रतीकले एक त कविताको भावलाई प्रभावकारिता दिएको हुन्छ भने बाहिरी रूपमा त्यस्ता बिम्बले कवितालाई सुन्दर र आकर्षक पनि बनाएको हुन्छ । सरल भाषाको प्रयोगले उनका कविता उत्कृष्ट र सुन्दर बनेका छन् ।

# पाँचौं परिच्छेद

# उपसंहार

## ५.१ सारांश

वि. सं. २००३ कार्तिक ३० गतेका दिन पिता नारायणदत्त अधिकारी र माता रूक्मिणा अधिकारीको कोखबाट लमजुङ चन्द्रेश्वर-७, दुराडाँडामा जन्मेका स्रष्टा हुन्, तीर्थराज अधिकारी । आमाबाबुका माहिलो सन्तानका रूपमा जन्मेका अधिकारी सबैका प्रिय थिए । मध्यम वर्गीय परिवारमा जन्मेका अधिकारीका बाबुको मुख्य पेसा कृषि थियो भने आमा कुशल गृहिणी थिइन् । बाल्यावस्था उमेरैले खेल्ने अवस्था, त्यसैले यिनी बाल्यावस्थामा विभिन्न किसिमका खेल खेल्ने गर्दथे । आफ्ना साथीभाइसँग डण्डीबियो, बाँसको पातामा चिप्लेटी खेल्ने, चप्पल काटेर गुडगुडा बनाउने, गुच्चा खेल्ने जस्ता खेल खेलरै उनले बाल्यकाल बिताए । सानैदेखि पिताको रेखदेखमा हुर्केको हुनाले अधिकारीको स्वभाव अत्यन्तै मिजासिलो, अनुशासित रहेको छ । बाल्यकाल मै पढेर ठूलो मान्छे बन्ने चाहना राखेका यिनलाई बाल्यकालमा खासै प्रतिकूल अवस्थाको सामना गर्न परेन । अधिकारीको बाल्यावस्था आमा बाबुसँग तथा दाजु, दिदीबहिनी तथा गुरूहरूको स्नेह, माया र ममताले सुखमय, मनोरञ्जनपूर्वक अध्ययन र खेलकुदसँग घुलमिल भई बितेको पाइन्छ। जीवनयापनका क्रममा प्रत्येक मानिसले विभिन्न क्षेत्रमा कार्य गरेको हुन्छ । त्यस्तै तीर्थराज अधिकारीले पनि वि.सं. २०२२ देखि २०२७ सम्म शिक्षण पेसा अँगालेको पाइन्छ । पेसाकै शिलशिलामा २०३२ सालमा लोक सेवा आयोगको परीक्षा पास गरी निरन्तर रूपमा अधिकृत स्तरको जागिर खाएका थिए । साथै उक्त सेवामा नै उपसचिवसम्मको पद समालेका अधिकारी हाल सेवा निवृत्त छन् ।

**तीर्थराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक रहेको यस शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरी अध्ययन र विश्लेषण गरिएको छ । शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । दोस्रो परिच्छेदमा कविताको सैद्धान्तिक परिचय दिई नेपाली कविता परम्परा अन्तर्गत कविताको परिभाषा, तत्त्व र विकासक्रम राखिएको छ । साथै यस खण्डमा कविताका लघुदेखि बृहत् रूप, कविताका संरचना र तत्त्वका बारेमा चर्चा गरिएको छ । यस्तै तेस्रो परिच्छेदमा कवि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्व अन्तर्गत कविको शिक्षादीक्षा, पेसा, रूचि, भ्रमण, लेखनका लागि प्रेरणा

र प्रभाव, मान तथा सम्मान, व्यक्तित्वका विभिन्न पाटाको अध्ययन विश्लेषण गरिएको छ । शोधपत्रको चौंथो परिच्छेदमा अधिकारीको कविता यात्राका कविताको अध्ययन गरिएको छ । जहाँ उनका कवितामा रहेको प्रेमपक्ष, मानवतावादी स्वर, सामाजिक यथार्थता, कल्पनाशीलता, व्यङ्ग्य चेत, बाल मनोरञ्जनात्मकता, सुधारवादी चेतना, धर्म र संस्कृति जस्ता विभिन्न पक्षको बारेमा गहन अध्ययन र विश्लेषण गरिएको छ । यसरी यस शोधपत्रको पाँचौं परिच्छेद अन्तर्गत निष्कर्ष तथा उपसंहार शीर्षक राखी शोध कार्य पूरा गर्ने काम भएको छ ।

तीर्थराज अधिकारीले बाल्यकालदेखि नै कविता लेखनको अभ्यास गरेको पाइन्छ। बाल्यकालदेखि नै साहित्यप्रति अभिरूचि राख्ने तीर्थराज अधिकारीले गीति कविता र निबन्ध लेखनबाट साहित्यका फाँटमा प्रवेश गरेका हुन् । अधिकारीले २०२६ सालमा **झुल्का** पत्रिकामा **गीत** शीर्षकको गीति कविता प्रकाशित गरेर औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ। यस बाहेक उनका अन्य रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भए पनि कृति प्रकाशनका क्रममा २०५३ सालदेखि सक्रिय रूपमा साहित्यमा समाहित भएको पाइन्छ। यिनको पहिलो प्रकाशित रचना **गीत** शीर्षकको गीति कविता र **जिरी बहुउद्देश्यीय हाइस्कुल हिजो र आज** शीर्षकको निबन्ध हो। यही गीति कविता र निबन्ध प्रकाशन गरेबाट कवि अधिकारी नेपाली साहित्यमा औपचारिक रूपमा पाइला टेकेका हुन्। त्यसपछि उनले साहित्यका कविता, गजल, मुक्तक, गीत, नियात्रा, निबन्ध बाहेक साहित्येतर धर्म दर्शन, राजनीतिक लेख आदिमा कलम चलाए तापनि यिनी कविता विधामा नै बढी क्रियाशील भएको पाइन्छ। अधिकारीको प्रथम प्रकाशित पुस्तककाकार कृति '**जुनकिरी**' (२०५३) हो, यही कृतिबाट प्रकाशनका दृष्टिले सार्वजनिक भएका अधिकारीका **'ऐना'** (२०५७), **'तीन लय तेह्र गीत'** (२०६०), **'झटारो'** (२०७०) र **'यो कस्को हात हो** ?' (२०७०), **JHATARO** अङ्ग्रेजी संस्करण (२०७२) जस्ता गीति कविता, कविता र मुक्तक कृतिहरू प्रकाशित भएका छन् । यस्तै **विरिमफुल** मुक्तक सङ्ग्रह प्रकाशनको तयारीमा रहेको छ ।

तीर्थराज अधिकारीको युवावस्था राम्रैसँग बितेको पाइन्छ। आफ्ना पिताको कृषि पेसाले आफ्नो परिवारलाई लालन पालन र शिक्षादीक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उनी बताउँछन् । आफूले कृषि पेसा अँगाले पनि छोराहरूलाई पढाउनुपर्छ र ठूलो मान्छे बनाउनुपर्छ भन्ने मान्यताका अधिकारीका बाबुले यिनलाई अनौपचारिक शिक्षाको सुरूवात

घरैबाट गराएका थिए । अधिकारीले पाँच वर्षको उमेरदेखि औपचारिक शिक्षाको सुरूवात गाउँकै स्कुलबाट गरेका थिए । यिनले स्थानीय सेवा सदन गिरगिरेबाट प्राथमिक तहको अध्ययन थालनी गरेका थिए । यस्तै माध्यमिक तह सर्वोदय हाइस्कुलबाट २०२१ सालमा द्वितिय श्रेणीमा उत्तिण गरेका थिए । उच्च शिक्षातर्फ लमजुङ कलेज कुन्छाबाट प्रमाणपत्र तह पास गरेका अधिकारीले पृथ्वी नारायण क्याम्पस पोखरामा अध्ययन गरी वि.सं. २०२८ सालमा स्नातक तह उत्तिर्ण गर्नुका साथै त्रिभुवन विश्व विद्यालयबाटै वि.सं. २०५० मा द्वितीय श्रेणीमा स्नातकोत्तर पास गरेको पाइन्छ ।

## ५.२ निष्कर्ष

सङ्क्षेपमा भन्ने हो भने प्रशासनिक सेवालाई आफ्नो जीविकोपार्जनको एक मात्र आधार बनाउनुपर्ने बाध्यताका बाबजुत पनि कर्मथलो पोखरालाई साहित्य साधनाको स्थल बनाएर कविता सिर्जना गर्ने कविमध्येका एक प्रतिभा हुन् तीर्थराज अधिकारी । सेवाका हिसाबले प्रशासनसँग नजिकको साइनो गाँसिए तापनि कविता र गीतका साथै साहित्यका विविध विधामा लामो समयदेखि अनवरत रूपले अगाडि बढिरहेका कवि अधिकारी आफू बसेको समाज, वातावरण र प्रकृतिबाट प्रभावित हुनाका साथै लोक पर्यवेक्षणले जन्माएको स्वपरिवेशको अनुभूतिलाई विषय वस्तुका रूपमा प्रयोग गरी कविता लेखेका छन् । उनले मूलतः कवितामा, युगीन यथार्थको प्रस्तुति, सामाजिक यथार्थता, प्रकृतिप्रेम, मातृत्वप्रेम, प्रेमपक्ष व्यङ्ग्यभाव र मानवतावादी स्वर आदि प्रकट गर्ने यथार्थवादी कवि तथा गीतकारका रूपमा आफूलाई उभ्याएका छन् । सहरिया कुटिलता र जटिलताबाट मुक्त भई ग्रामीण प्राकृतिक सरलता, र स्वच्छ वातावरणलाई माया गरी लेखनलाई स्वाभिमानी पेसाका रूपमा लिने, दिनदुःखीप्रति माया एवम् सद्भावना व्यक्त गर्ने मानवतावादमा देखा परेका विकृति र विसङ्गतिको विरोध गर्ने समसामयिक यथार्थपरक भाव धारालाई आफ्ना कवितामार्फत व्यक्त गर्न सक्ने यथार्थवादी, मानवतावादी कविका रूपमा पनि देखा परेका छन् ।

अत्यन्त सरल र सहज नेपाली भाषाको प्रयोग गरी आफ्नै निजी शैलीमा गद्य कविताको सिर्जना गरी समसामयिक यथार्थपरक कविता धारालाई अँगालेर युगीन जीवनका विसङ्गति र विकृतिप्रति व्यङ्ग्य, प्रकृति चित्रण आमा तथा मातृभूमिको अगाध श्रद्धा भाव प्रकट गर्ने कवि अधिकारी मानववाद र नवीन जीवनशैलीको स्वर उरालेर कविता विधाका माध्यमबाट नेपाली साहित्यमा समसामयिक धारामा कुराले भन्दा पनि कामले आफ्नो

राष्ट्रलाई सेवा गर्न चाहने एक सच्चा राष्ट्रप्रेमी कवि हुन् । यसरी अधिकारीका कविताको विश्लेषणमा आधारित प्रस्तुत शोध कार्यमा अधिकारीका कविताको अध्ययन विश्लेषण गर्ने काम भएको छ । उनी र उनका कृतिको भावी अध्ययन र अनुसन्धान गर्न चाहनेका लागि निम्न शीर्षकमा शोध कार्य गर्न सकिने सम्भावना देखिन्छ ;

क) तीर्थराज अधिकारीका मुक्तकको अध्ययन,

ख) व्यङ्ग्य कविका रूपमा तीर्थराज अधिकारीको अध्ययन ।

# सन्दर्भ सूची


अधिकारी, तीर्थराज (२०२६), **झुल्का**, वर्ष १, अङ्क १, दोलखा : जिरी उच्च माध्यमिक विद्यालय ।

.................., (२०५३), **जुनकिरी,** पोखरा : सीता देवी अधिकारी ।

.................., (२०५७), **ऐना,** पोखरा : सीता देवी अधिकारी ।

.................., (२०६०), **तीन लय तेह्र गीत,** पोखरा : गीताञ्जली साहित्य परिवार ।

.................., (२०६२), **झुल्का**, वर्ष ३, अङ्क ३, दोलखा : जिरी उच्च माध्यमिक विद्यालय ।

.................., (२०७०), **झटारो,** पोखरा : सीता देवी अधिकारी ।

.................., (२०७०), **यो कस्को हात हो ?,** पोखरा : सीता देवी अधिकारी ।

.................., (२०७१), **लमजुङको सम्झना,** पोखरा : सीता देवी अधिकारी ।

.................., (२०७१), **आदर्श समाज,** वर्ष १८ र १९ का विभिन्न अङ्क, पोखरा : कृष्ण प्रसाद बास्तोला ।

.................., (२०७२), **JHATARO,** काठमाडौं : नेपाल मुक्तक प्रतिष्ठान ।

उपाध्याय, केशव प्रसाद (२०४९), **साहित्य प्रकाश,** काठमाडौं : साझा प्रकाशन ।

खनाल, पार्वती (२०६६), **कृष्ण प्रसाद भण्डारीका कविता कृतिको अध्ययन,** पृथ्वी नारायण क्याम्पस, नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

गौतम, असफल (२०७०) 'झटारोको संरचनात्मक पक्षलाई हेर्दा', **पोखरा विमर्श,** साप्ताहिक जेठ, २७ ।

.................. (२०७२) 'साहित्यिक सङ्गठनक तीर्थराज अधिकारी' गोल्डन न्यूज दैनिक, मङ्सिर २५ ।

गौतम, लक्ष्मण प्रसाद (२०७०), 'झटारो : भाव विविधताको कृति', **मधुपर्क** (वर्ष ४६, अङ्क ११, पूर्णाङ्क ५३८) चैत, पृ.५९ ।

जोशी, कुमार बहादुर (२०४९), **कविता चर्चा,** काठमाडौं : साझा प्रकाशन ।

ढकाल, डा. दामोदर (२०५९), 'ऐनामा जे देखियो', **दायित्व,** (वर्ष १६, पूर्णाङ्क ४२) पृ १४-१५ ।

ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दाहाल (२०६५), **नेपाली कविता र काव्य,** काठमाडौं :

एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

तिमल्सिना, पशुपतिनाथ (२०५८), 'राष्ट्रियताको परिधिबाट लमजुङ्गे तीन कविहरू', **नेपाली** (पूर्णाङ्क १७०) माघ-चैत, पृ.३०-४२ ।

त्रिपाठी, वासुदेव र अन्य (२०४६), **नेपाली कविता भाग-४,** काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.) (२०४८), **नेपाली कविता भाग-२,** काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.) (२०५४), **नेपाली कविता भाग-४,** काठमाडौं : साझा प्रकाशन ।

थापा, हिमांशु (२०४७), **साहित्य परिचय,** काठमाडौं : साझा प्रकाशन ।

न्यौपाने, दैवज्ञ राज (२०५५), 'मौलिक उद्बोधनका अभिव्यक्ति' **मधुपर्क**, (वर्ष ३१, अङ्क, ५, पूर्णाङ्क ३५१) असोज, पृ.२३ ।

पराजुली, कृष्ण प्रसाद (२०५०), **राम्रो रचना मीठो नेपाली,** : काठमाडौं : सहयोगी प्रेस ।

पराजुली, ठाकुर (२०५६), **नेपाली साहित्यिको परिक्रमा,** काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०६९), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, कृष्ण विलास (२०६६), **नेपाली साहित्यको ऐतिहासिक परिचय,** काठमाडौं : नवीन प्रकाशन ।

पौड्याल, राधिका (२०६८), **दुर्गा बहादुर शाह बाबाका कविताको विश्लेषण,** पृथ्वी नारायण क्याम्पस, नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोध पत्र ।

प्रधान, कृष्ण (२०७०), 'नेपाली मुक्तक लेखनका आलोकमा झटारो', **दायित्व**, (वर्ष २७, पूर्णाङ्क ८५) मङ्सिर-पुस, पृ.२१-२५ ।

भट्टराई, शेषराज (२०६१), 'आफ्नैपनको नयाँ प्रस्तुति', **समाधान**, माघ ६, पृ.२ ।

भट्टराई, यादव (२०६१), 'कविता र गीतमा रम्ने कवि तीर्थराज अधिकारी' **रोडम्याप**, साउन २८ ।

भण्डारी, मदन (२०७०), 'तीर्थदाइ तारो र झटारो' **आदर्श समाज**, पुस २६ ।

मुमुक्षु, कृष्ण भण्डारी (२०६१), 'एक परिक्रमा : तीर्थराज अधिकारीका गीतहरूको', **नव**

**लालित्य,** (वर्ष ४, अङ्क ४, पूर्णाङ्क ४), माघ, पृ. ३९-४५ ।

………………(२०६३), **श्रीगीताञ्जली**, स्वर्ण अङ्क, पोखरा : गीताञ्जली साहित्य परिवार ।

……………. (२०७०) **श्रीगीताञ्जली**, वर्ष/अङ्क ६, पोखरा : गीताञ्जली साहित्य परिवार ।

लुइँटेल, खगेन्द्र र अन्य (२०५७), **नेपाली कवि र कविता,** काठमाडौं : विभु ऋभु प्रकाशन ।

लुइँटेल, खगेन्द्र प्रसाद (२०५६), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

शर्म्मा, बसन्त कुमार (२०५८) **नेपाली शब्द सागर,** काठमाडौं : भाभा पुस्तक भण्डार ।

शर्मा, कृष्ण प्रसाद (२०६२), 'अवसर नभेटिए योग्यताको मोल घट्छ', **हिमदूत** साप्ताहिक, (वर्ष ४५, अङ्क २२), पृ.११ ।

शर्मा, सुकुम (२०५३), 'जुनकिरीसित पिल्पिलाउने रहर गर्दा' **जनमत,** माघ, ८ ।

श्रेष्ठ, दयाराम र मोहन राज शर्मा (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौं : साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०४८), **साहित्य प्रदीप,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।